**आदरणीय दिदी-बहिनी तथा दाजु-भाईहरू,**

संविधानसभाको पुनः निर्वाचन हुदै गरेको यो महत्वपूर्ण घडीमा नेपाली कांग्रेस सर्वप्रथम नेपाल र नेपाली जनताको मुक्ति, स्वतन्त्रता, न्याय र लोकतन्त्रको स्थापनाका निम्ति भएका सबै आन्दोलन र संघर्षहरूमा आफ्नो जीवन उत्सर्ग गर्ने समस्त शहीदहरूलाई हृदयदेखि नै स्मरण गर्दै सम्पूर्ण नेपाली दिदी-बहिनी तथा दाजु-भाइहरूमा हार्दिक अभिवादन गर्दछ ।

नागरिक स्वाभिमान र स्वतन्त्रताका लागि विगत सात दशकदेखि हुँदै आएका लोकतान्त्रिक आन्दोलनको प्रत्येक कालखण्डमा सबै प्रकारको संघर्षको मोर्चामा अग्रणी भूमिका निर्वाह गर्ने देशका तमाम तरुण-विद्यार्थी, नागरिक समाज, मानवअधिकारकर्मी, किसान-मजदुर र महिला, शिक्षक-प्राध्यापक र बुद्धिजीवी, वकिल, डाक्टर र इन्जिनियर, सञ्चारकर्मी, साहित्यकार, कलाकार एवं उद्यमी-व्यवसायीलगायत काम र जिम्मेवारीका सिलसिलामा संसारका विभिन्न ठाउँमा रहनुहुने सबै पेशा र व्यवसायका सम्पूर्ण नेपालीको दृढ लोकतान्त्रिक चेतना, संघर्ष र संकल्पलाई नेपाली कांग्रेस हार्दिकतापूर्ण अभिनन्दन गर्दछ ।

हामी दोस्रोपटक हुन लागेको संविधानसभा निर्वाचनको सङ्घारमा छौं । एक युगमा एक दिन एकपटक आउँछ भन्ने नारा लिएर २०६४ चैत २८ गते पहिलो संविधानसभाको निर्वाचनमा सहभागी भएको त्यो क्षण हाम्रो मानसपटलमा अझै ताजै छ । नेपाली जनताको शान्ति र लोकतन्त्रप्रतिको चाहनालाई सम्मान गर्दै अत्यन्त असहज र प्रतिकूल परिस्थितिमा सबै पक्षलाई समन्वय गर्दै नेपाली कांग्रेसले नै संविधानसभाको निर्वाचन सम्पन्न गराएको थियो । उक्त संविधानसभाको पहिलो वैठकबाट स्व.गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा नेपाली कांग्रेसले आफ्नो २०६४ सालको घोषणापत्रमा प्रतिवद्धता जनाए अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणा गरायो ।

नेपाली कांग्रेसले विगतको संविधानसभा भित्र लोकतान्त्रिक संविधान निर्माणका लागि अन्तिम समयसम्म गरेको प्रयास सार्थक बन्न सकेन। संविधान नै जारी नगरी संविधानसभा विघटन भयो । यद्यपि एउटा ठूलो जिम्मेवार राजनीतिक दलका रूपमा नेपाली कांग्रेस जनताको अपेक्षा अनुरूप संविधानसभालाई परिणाममुखी बनाउन नसकेकोमा नैतिक जिम्मेवारी लिन्छ । साथै, गत संविधानसभा भित्र नेपाली कांग्रेसले के-कस्तो भूमिका निर्वाह गऱ्यो र किन र कस्का कारणले संविधान बन्न सकेन भन्ने बारे नेपाली जनताको तर्फबाट त्यसको यथार्थपरक मूल्याङ्कन हुने नै छ भन्ने कुरामा नेपाली कांग्रेस विश्वस्त छ ।

**श्रद्धा र सम्झना**

हाम्रो श्रद्धापूर्ण सम्झनामा यतिखेर नेपाली कांग्रेसका असंख्य जुझारु नेता, कार्यकर्ता तथा शुभेच्छुक साथीहरू हुनुहुन्छ। जसले विगत सात दशकको अवधिभित्र जेल-नेल, निर्वासनको पीडा र मृत्युलाई समेत वरण गरेर देशको लोकतान्त्रिक संघर्ष र चेतनालाई जीवित राख्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो । कांग्रेसजनको यो संघर्ष यात्राको पछिल्ला वर्षहरूमा निरंकुश राजतन्त्रको प्रताडनासँगै माओवादी हिंसाको समेत शिकार हुनुपऱ्यो । यस क्रममा जीवन गुमाउने योद्धाहरूसँगै अङ्गभङ्गको पीडा, घर-सम्पत्ति हरणको दुःख र आफ्ना परिवारबाट विस्थापित भएका सबैको लोकतान्त्रिक मूल्य र मान्यताप्रति कहिल्यै नहल्लिने आस्थाको उच्च कदर गर्दछौं ।

आज जुन परिवर्तनप्रति हामी गौरव गरिरहेका छौं र जुन स्वतन्त्रताको जगमा हामी लोकतन्त्र र संवृद्धिको यात्रामा अघि बढ्ने प्रयास गरीरहेका छौं, यो तीनै योद्धाहरूको संघर्ष र धैर्यका कारण सम्भव भएको हो । हिमाल-पहाडका कुना कन्दरामा होस् वा तराईका फाँटमा बसेर आफ्नो आरोह अवरोहको सामना गर्दै हिंसा र निरकुंशताका कठिनतम दिनहरूमा समेत बिना कुनै स्वार्थ तन, मन, वचन र कर्मले लोकतन्त्रको रक्षाका निम्ति अविश्रान्त कृयाशील लोकतन्त्रप्रति आस्थावान नेपालीहरूको अदम्य साहस र सक्रियताका

कारणले नै आज पनि नेपाली कांग्रेसको शान, शक्ति र गौरव अडेको छ। उहाँहरूको त्यो साहस र आत्मविश्वासको नेपाली कांग्रेस सम्मान व्यक्त गर्दछ।

हामी यो महत्वपूर्ण घडीमा २००७ सालको ऐतिहासिक जनक्रान्तिका नेता तथा त्यसपछि लोकतन्त्र बहालीका लागि भएका संघर्षका नायक एवं कांग्रेस-विचारधाराका पथप्रदर्शक **विश्वेश्वरप्रसाद कोइरालालाई** श्रद्धा र सम्मानका साथ सम्झन्छौं। २०१७ सालपछिको अत्यन्त कठिन र प्रतिकुल परिस्थितिमा पार्टी सङ्गठन र लोकतान्त्रिक आन्दोलनलाई जीवन्त बनाइराख्ने श्रद्धेय नेता **सुवर्ण शम्शेरलाई** हृदयदेखि नै स्मरण गर्छौ। त्यसैगरी, हामी २०४६ सालको जन-आन्दोलनले प्रज्वलित गरेको लोकतान्त्रिक आन्दोलनका सर्वोच्च नेता **गणेशमान सिंहको** अथक संघर्षगाथा र आन्दोलनपछिको सङ्क्रमणकालीन राजनीतिमा श्रद्धेय नेता **कृष्णप्रसाद भट्टराईको** सन्तुलित र बुद्धिमत्तापूर्ण योगदानलाई ससम्मान स्मरण गर्दछौं। राजतन्त्रको अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासहित शान्तिपूर्ण जन-आन्दोलन २०६२/६३ मा प्रकट भएका नेपाली जनताको सबै चाहनालाई ध्यानमा राख्दै राजनीतिक दलहरूलाई सुझबुझपूर्ण एकता र साझा उद्देश्यको संघर्षमा डोऱ्याउन हाम्रा श्रद्धेय नेता **गिरिजाप्रसाद कोइरालाले** निर्वाह गर्नुभएको ऐतिहासिक भूमिकाप्रति हामी सबैले उच्च सम्मान र सम्झना गर्दछौं।

हामी यो ऐतिहासिक अवसरमा नेपाली जनताको आकांक्षा अनुरूप माओवादी हिंसात्मक द्वन्द्व समाप्त गरी दिगो शान्ति स्थापना गर्ने उद्देश्यले अगाडि बढेको शान्तिप्रकृया र यसमा सहभागी सबै पक्षलाई हार्दिक धन्यवाद दिन्छौं। शान्तिप्रक्रियालाई अनुगमन गर्ने संयुक्त राष्ट्र संघ एवं शान्ति प्रक्रियालाई सहयोग र समर्थन गर्ने तथा दोस्रो संविधानसभाको निर्वाचनप्रति सकारात्मक र सहयोगी रहने सबै मित्रराष्ट्र र अन्तर्राष्ट्रिय संघ-संस्थाप्रति नेपाली कांग्रेस आभार प्रकट गर्दछ।

**प्रतिबद्धता र संकल्प**

नेपाली राजनीति यतिबेला अभूतपूर्व सङ्क्रमणको चरणमा छ। मुलुकका सामुन्ने उपस्थित चुनौतीहरूको सामना गर्दै देशलाई सङ्क्रमणको यस अन्योलबाट राजनीतिक निकास दिने जिम्मेवारी पुनः एकपटक नेपाली कांग्रेसको काँधमा आएको छ। इतिहासका अनेकौं कठिन घुम्तीहरूमा नेपाली कांग्रेसले आफूलाई नेपाली जनताका आकांक्षा र हितका पक्षमा दह्रो गरी उभ्याएको छ र परिवर्तनको अगुवाई गर्दै आएको छ। गत संविधानसभा निर्वाचन पछिको झण्डै ६ वर्षको हाम्रो अनुभव र विगत संविधानसभाको असफलताले पनि यतिवेला मुलुकले कांग्रेसको सन्तुलित र दरिलो नेतृत्वको खोजी गरेको छ। अत यस घोषणापत्रमार्फत नेपाली कांग्रेस **मुलुकमा विद्यमान संकट समाधान गर्न र संविधानसभाबाट लोकतान्त्रिक संविधान निर्माण गर्ने जिम्मेवारी पुरा गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने दृढ संकल्प** व्यक्त गर्दछ।

नेपाली कांग्रेस पहिलो संविधानसभा भित्र आफ्नै पहल र अग्रसरतामा लोकतान्त्रिक संविधानका सन्दर्भमा भएका सहमतिका विषयहरुलाई ग्रहण गर्दै, सहमति हुन बाँकी विषयहरुमा संविधानसभा भित्र र बाहिर रहने सबै राजनीतिक शक्तिहरुसँग समन्वय र सम्वाद गरी आवश्यकता अनुसार आफ्नो पहिचान र अधिकारका लागि संघर्षरत विभिन्न जाति, वर्ग, लिङ्ग, क्षेत्र, समुदाय र समूहसँग सम्वाद गर्दै **आगामी एक वर्षभित्र संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माण गर्ने संकल्प गर्दछ।**

नेपाली कांग्रेस **संविधानसभा गठन भएको ६ महिनाभित्रमा स्थानीय निकायको निर्वाचन सम्पन्न गर्ने संकल्प** गर्दछ।

नेपाली कांग्रेस संविधान निर्माणको कार्यभार सँगसँगै निर्वाचित संसदको चार वर्षको अवधिमा जनआकांक्षाअनुरुप **परिवर्तनको अनुभूति दिलाउने गरी आर्थिक विकास, सम्वृद्धि र रोजगारी सिर्जनाका लागि कार्यक्रमहरु द्रुततर गतिमा अगाडि बढाउने प्रतिवद्धता** व्यक्त गर्दछ।

नेपाली कांग्रेस यस अवसरमा दिगो शान्ति स्थापना गर्ने जनताको संकल्पलाई निर्विघ्न पुरा गरी छाड्ने प्रतिज्ञा गर्दछ। साथै संविधानसभाको यस महत्वपूर्ण **निर्वाचनका माध्यमबाट राष्ट्रलाई समृद्ध र समुन्नत बनाउने ऐतिहासिक महायज्ञमा सामेल हुन सम्पूर्ण नेपाली दिदी-बहिनी, दाजु-भाइमा हार्दिक आह्वान** गर्दछ।

# खण्ड एक : नेपाली कांग्रेस र संविधान निर्माण

## संविधानसभाको सफलता : संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको सुनिश्चितता

### १. संविधानसभा – यसको ऐतिहासिक सन्दर्भ

झण्डै सात दशकदेखि नेपाली कांग्रेसले अगुवाइ गर्दै आएको नेपालको लोकतान्त्रिक आन्दोलनको मूल सार जनताको सर्वोच्चता र जनप्रतिनिधि शासनको स्थापना गर्नु हो। देश व्यक्तिको निजी सम्पदा र आर्जन होइन, आम जनताको रगत-पसिनाको सृष्टि हो। त्यसैले देशको शासन र राज्य सञ्चालनको काम जनताको सहमति र अभिमत प्राप्त जनप्रतिनिधिबाट मात्र हुन सक्छ। जनताको सर्वोपरिताको यो उधघोष नेपाली कांग्रेसले २००६ सालमा नैं क्रान्तिको घोषणापत्रमा उल्लेख गरेर जनक्रान्तिको आह्वान गरेको हो। संविधानका वास्तविक लेखक जनता मात्र हुन र राज्य सञ्चालनको सम्पूर्ण अधिकार जनताका प्रतिनिधिको हो भन्ने नेपाली कांग्रेसको पहिलो जनघोषणा यस्तो थियो :

*"वर्तमान शासनको अन्त्य भइसकेपछि नेपाली कांग्रेसले वालिग मताधिकारको आधारमा चुनिएका जनप्रतिनिधिहरूको एउटा परिषद् वा सभा बोलाउनेछ। यसै परिषद् वा सभालाई नेपाल जनराज्यको संविधान वा राज्य सञ्चालनसम्बन्धी नियम कानुन बनाउने सम्पूर्ण जिम्मेवारी सुम्पिनेछ।"*

जनताको सम्प्रभुता र जनप्रतिनिधि शासनको यो स्पष्ट माग र आग्रह नै नेपालको समग्र लोकतान्त्रिक आन्दोलनको ऊर्जा र गन्तव्य बन्दै आयो। नेपालको राजतन्त्रले पटक-पटक जनताको सर्वोच्चताको यही अधिकारलाई हनन् गर्ने चेष्टा र षडयन्त्र गऱ्यो। अनि नेपाली जनताले पनि पटक-पटक आफ्ना अधिकार रक्षाका लागि निरंकुश राजतन्त्रको स्वेच्छाचारितालाई परास्त गर्दै रहे। २०६२/६३ को शान्तिपूर्ण जनआन्दोलन नेपाली जनताको यही ऐतिहासिक संघर्ष यात्राको सर्वाधिक महत्वपूर्ण कडी प्रमाणित भयो। यो ऐतिहासिक जनआन्दोलनले मुलुकलाई संविधानसभाद्वारा संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणामा ल्याइपुऱ्याएर अघिल्लो पुस्ताका हाम्रा अग्रजहरूको संकल्पलाई पुरा गर्ने अभिभारा नेपाली नयाँ पुस्ताको काँधमा सुम्पिएको हो।

### २. लोकतान्त्रिक संविधान निर्माण

यति लामो जनताको संघर्ष र यति धेरै जनताको रगत पसिना बगाएर आएको संविधानसभाका माध्यमवाट संविधान बनाउने अधिकार नेपालका लोकतान्त्रिक आन्दोलन र भविष्यको नेपाली पुस्ताका निम्ति अत्यन्तै ठूलो महत्व राख्दछ। त्यसैले पहिलो संविधानसभा संविधान बनाउन सफल नभए पनि संविधानसभाले संविधान बनाउने कार्यको महत्वपूर्ण र अवसरलाई क्षणिक उत्तेजना, भावावेश, नैराश्य वा अरू कुनै तात्कालिक कारणबाट प्रभावित भएर न्यून गर्न वा गुम्न दिनु हुँदैन। यस्तो अवसर राष्ट्रको इतिहासमा विरलै आउछ। तर हिजो संविधानसभाको आवश्यकता देखाएर उग्र नारा लगाउनेहरूको एउटा समूह आज संविधानसभा भन्दा बाहिरबाट संविधान बनाउने विकल्प खोजिरहेको देखिन्छ। तर नेपाली कांग्रेस संविधानसभा बाटै संविधान बनाउनुपर्छ भन्नेमा स्पष्ट छ। त्यसैले हामी संविधानसभाको दोस्रो निर्वाचन गरेरै भए पनि आफ्नो ऐतिहासिक दायित्वलाई पुरा गर्न अग्रसर भएका छौं। हामीलाई यसरी अग्रसर हुन प्रेरित गर्ने धेरै कारण मध्ये केहिलाई तल उल्लेखित गरेका छौं।

मुलुकले आजसम्म पटक-पटक जनतामा निहित सार्वभौमसत्ताको चर्चागरेको र

सुनेको छ तर पुरा भएको छैन। संविधानसभाको माध्यमद्वारा संविधान बनाउँदा पहिलोपटक जनतामा निहित सार्वभौमसत्ताको प्रयोग र अभ्यास हुनेछ। राजनीति र राष्ट्र निर्माणमा जनताको सर्वोच्चता र सम्प्रभुता स्थापित हुनेछ।

संविधानसभाद्वारा बन्ने संविधानले मुलुकमा "हामी नेपाली जनता" भन्ने एउटा नयाँ लोकतान्त्रिक र राष्ट्रिय भावधाराको निर्माण गर्नेछ। २ करोड ६० लाखभन्दा बढी नेपाली जनताको प्रतिनिधिपूर्ण सहभागीता र क्रियाशीलताद्वारा लेखिने यो नयाँ संविधान नेपालको राष्ट्रिय एकता र लोकतान्त्रिक पहिचानको नयाँ आधार बन्नेछ।

संविधानसभाबाट संविधान बनाउने कार्यले हिंसात्मक राजनीति गर्न अभ्यस्त राजनीतिक दलहरूलाई शान्तिपूर्ण माध्यमबाट उपलब्धी हुन सक्दछ भन्ने वारे आश्वस्त गराउने छ। साथै मुलुकमा विद्यमान भविष्यका सबैखाले राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक द्वन्द्वलाई निकास दिने अवसर पनि उपलब्ध गराउने छ। हिंसा र द्वन्दबाट आक्रान्त राष्ट्र र जनतालाई दिगो शान्तिको प्रत्याभूति गर्ने र लोकतान्त्रिक प्रक्रियाद्वारा व्यापक राष्ट्रिय सहमतिको सुदृढ आधार प्रदान गर्ने माध्यम पनि बन्ने छ।

संविधानसभाको यो दोस्रो निर्वाचनले मुलुकको वर्तमान केन्द्रीकृत र एकात्मक राज्यको स्वरूपलाई **पहिचान भेटिने जातीय द्वन्द्व मेटिने** गरी बदलेर राज्य संरचनाभित्र सबैको पहिचान, प्रतिनिधित्व र पहुँचलाई सुरक्षित गर्दै दिगो र अधिकार सम्पन्न संघात्मक ढाँचामा राज्यको लोकतान्त्रिक पुनर्संरचना गर्ने जिम्मेवारी पुरा गर्नेछ। यो नयाँ वन्ने संविधानले केन्द्रीकृत र एकात्मक राज्यको पुरानो स्वरूपलाई संघीयकरणका माध्यमबाट बिकेन्द्रीत गरी अधिकारको निक्षेपण गरी ग्रामीण तहसम्म पुऱ्याउनेछ।

**३. जनआन्दोलन २०६२/६३ को जनादेश**

राजतन्त्रको स्वेच्छाचारिताका विरुद्ध लाखौँको संख्यामा सडकमा ओर्लिएका नेपाली जनताले बृहत्तर जनआन्दोलनमार्फत सबैखाले अधिनायकवाद र अतिवादलाई नेपाली राजनीतिबाट सधैंका निम्ति समाप्त गर्ने आकांक्षा प्रकट गरेका हुन।

माओवादी हिंसात्मक विद्रोह र राजतन्त्रको अधिनायकवादी शासनको प्रतिहिंसाले आक्रान्त नेपाली जनताको अर्को स्पष्ट आदेश राजनीतिक हिंसाको अन्त्य र दिगो शान्तिको स्थापना गर्नु थियो। नेपाली जनताले हिंसा, युद्ध, बम र बन्दुकको त्रासदीबाट मुक्ति तथा शान्तिपूर्ण जीवन र जीविकाको प्रत्याभूति शान्तिपूर्ण जनआन्दोलनको माध्यमबाट व्यापक गरेका हुन।

राज्यको वर्तमान संरचनाले नै आर्थिक-सामाजिक-राजनैतिक विभेद र असमानता सिर्जना गर्ने भएको हुँदा सबैखाले असमानताको अन्त्य गर्ने गरी समावेशी, न्यायपूर्ण र संघीय लोकतान्त्रिक गणराज्यको रचना जनआन्दोलनपछि भएका मधेश आन्दोलनलगायत विभिन्न समुदाय, क्षेत्रबाट भएका सबै आन्दोलनका आकांक्षाहरू थिए।

जनआन्दोलनको आदेश पुरा गर्ने एक मात्र शान्तिपूर्ण र विधिसम्मत प्रक्रिया भनेको जनताबाट निर्वाचित संविधानसभाबाट संविधान निर्माण गरी दीर्घकालीन रूपमा जनप्रतिनिधिद्वारा जनताको प्रत्यक्ष स्वामित्वको स्थापना गर्नु हो। त्यसैले विभिन्न चुनौतीका बीच पनि दोस्रोपटक चुनाव गराई संविधानसभाबाटै संविधान बनाउने प्रक्रियाको विकल्प छैन भन्ने बारे हामीले प्रष्ट पारेका हौं।

**४. पहिलो संविधानसभाका चार वर्ष**

पहिलो संविधानसभाको चार वर्षको अवधिमा कांग्रेसले के गऱ्यो भन्ने प्रश्न उठ्न सक्छ। यस बारे हामी आँफूले गरेका काम बारे प्रष्ट पार्न चाहन्छौं यस अवधिमा नेपाली कांग्रेसले आफ्नो ध्यान माओवादीले बोकेको हतियारको व्यवस्थापनसहित शान्तिप्रक्रियालाई पूर्णता दिने र लोकतान्त्रिक मूल्य र मान्यताभित्र रहेर संविधान बनाउने काममा नै पूर्ण रूपमा केन्द्रीत गरेको हो। संविधानसभाको दोस्रो जिम्मेवारी संसदीय भूमिकासहित सरकारको निर्माण पनि थियो। **नेपाली कांग्रेसले सत्ताको प्रलोभन र त्यसका निम्ति गरिने**

**अपवित्र गठबन्धनबाट आफूलाई जोगाएर जनताका जन्मसिद्ध अधिकारका निम्ति लडेको हो ।** नेपाली कांग्रेसले संसदीय प्रक्रियामा सहभागी हुने र सघाउने कार्य गऱ्यो तर सत्ताको लोभमा जस्तोसुकै र जोसुकैसँग सम्झौता गरेर भए पनि सरकार बनाउने र नेतृत्व गर्ने कुरालाई प्राथमिकता दिएन ।

**नेपाली कांग्रेसले सबै पक्षलाई समेट्दै र सबैसँग समन्वय गर्दै १२ बुँदे समझदारीदेखि पहिलो संविधानसभाको निर्वाचनसम्मको छोटो अवधिमा सम्पूर्ण प्रक्रियाको नेतृत्व गरेको थियो ।** १२ बुँदे समझदारी, ऐतिहासिक जनआन्दोलन, प्रतिनिधिसभाको घोषणा, माओवादीसँग वार्ता विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान, माओवादी लडाकूको व्यवस्थापनको प्रारम्भ, संविधानसभा निर्वाचन र संविधानसभाको पहिलो बैठकबाट संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा जस्ता काम छोटो कालखण्डमा नेपाली कांग्रेसको नेतृत्वमा भएको थियो ।

संविधानसभा निर्वाचनपश्चात नेकपा माओवादी ठूलो दलको रूपमा स्थापित भयो । ठूलो दल भएपछि झन जिम्मेवारीका साथ सबैलाई समेटेर अगाडि बढनु पर्छ भन्ने आम चाहना विपरित **माओवादीले १२ बुँदे समझदारीदेखि संविधानसभा निर्वाचनसम्म आउँदा पटक-पटक भएका सहमति र सम्झौताको समेत अवमूल्यन गर्दै आफूले जितेको र अरू सबैले हारेको भन्ने मानसिकता बनायो । मैले भनेकै मात्र हुनु पर्छ भन्ने व्यवहारबाट सहयात्रामा रहेका दलहरूलाई समेत निषेध गर्न थाल्यो ।** उसले संविधानसभा निर्वाचनमा आम जनताका बीचमा प्रस्तुत गरेको आफ्नै घोषणापत्र विपरीत रुपमा प्रस्तुत भयो । यसपटक पनि माओवादी घोषणापत्रमा लोकतान्त्रिक प्रतिबद्धता जनाएर जान सक्छ तर पछि विगतमा जस्तै उसको नीति लोकतन्त्रलाई निषेध गर्ने नहोला भन्न सकिन्न । संविधानसभा भित्रका विषयगत समितिहरूमा उसले लोकतान्त्रिक मूल्यमान्यतासँग मेल नखाने किसिमका प्रस्तावहरू पेश गऱ्यो । संविधानसभाबाहिर समेत अनावश्यक विषयमा पनि उसले बलजफ्तिपूर्ण हस्तक्षेप गऱ्यो । शान्तिप्रक्रिया टुग्याउने कुरामा उसको कुनै चासो रहेन । आफ्ना दस्तावेजहरूमा समेत नेपाली कांग्रेसलाई निषेध गर्ने नीति लियो । फलस्वरूप, जुन सहजताका साथ संविधानसभाले काम गर्नुपर्थ्यो त्यो गतिमा काम हुन सकेन ।

अन्य दलहरूको सत्ता राजनीति र माओवादीको पार्टीभित्रको अन्तरद्वन्द्वले गर्दा संविधानसभाका गतिविधि नराम्रोसँग प्रभावित भए । यो अवस्थामा नेपाली कांग्रेसको मुख्य दायित्व गलत बाटोमा हिँडेको माओवादीलाई रोक्दै विगतका सहमति कार्यान्वयन गराउनु र उसको रूपान्तरण गर्दै लोकतान्त्रिक संविधान निर्माणका लागि प्रतिबद्ध बनाउनु थियो । नेपाली कांग्रेसले हरसम्भव प्रयास पनि गरेकै हो ।

नेकपा एमालेको ढुलमुले प्रवृत्ति र मधेशकेन्द्रीत दलहरूको सत्ता स्वार्थका कारणले नेपाली कांग्रेसले राखेको सदाशयता र समझदारी अनुरूपको सबै काम हुन सकेन । यद्यपि संख्यात्मक रूपमा कम भएपनि जनताका अधिकार सुनिश्चित गर्नेदेखि माओवादीले प्रस्तुत गरेका लोकतन्त्रविरोधी प्रस्तावहरूलाई अनुमोदन हुन नदिई लोकतान्त्रिक संविधानकालागि पहल गरेको हो । सुनिश्चितता गरेकै हो ।

**स्मरणीय छ, एमाओवादीका निम्ति संविधानसभा सशस्त्र विद्रोहबाट हासिल हुन नसकेको सत्ता प्राप्तिको साधनमात्र थियो । गत संविधानसभाका दौरानमा एमाओवादीले एक होइन, अनेकपटक हतियारी विद्रोहको धाक देखाएर वा भीडतन्त्रको सहारा लिएर अधिनायकवादी निर्णय गराउन खोजेको थियो । नेपाली कांग्रेसको प्रबल प्रतिवादले मात्र त्यो रोकिएको हो ।**

**चार वर्षको यस्तै संघर्षका विचमा पनि संविधानसभाका विषयगत समितिभित्र अधिकांश रूपमा नेपाली कांग्रेसले गत संविधानसभा निर्वाचनमा प्रस्तावित गरेका लोकतान्त्रिक संविधानका अन्तरवस्तुहरूमा सहमत गराउन सफल भएको हो ।**

**५. संविधानसभाः निर्वाचनदेखि विघटनसम्म**

२०६५ जेठ १५ गते बसेको संविधानसभाको पहिलो बैठकले संघीय लोकतान्त्रिक

गणतन्त्र नेपालको घोषणा गरेको थियो। त्यसको झण्डै सात महिना पश्चात मात्र संविधानसभा विषयगत समितिहरूले आफ्नो काम प्रारम्भ गरेका थिए। यद्यपि विषयगत समितिहरूले संविधानसभाको पहिलो दुइवर्षे कार्यकालभित्र नै आफ्नो कार्यक्षेत्रमा पर्ने विषयमा अवधारणासहितको प्रारम्भिक प्रतिबेदन तयार गरेका थिए। तर तोकिएको दुई वर्षे कार्यकालमा संविधान बन्न सकेन।

त्यसपश्चात प्रारम्भमा संविधासभाले र पछि संवैधानिक समितिले विवाद समाधानका लागि संयन्त्र निर्माण गरेको थियो। उक्त संयन्त्रले २०६८ जेठ १४ गतेसम्म आइपुग्दा केही विवादित विषयमा सहमति जुटाए पनि राज्य पुनर्संरचना, शासकीय स्वरूप, न्याय प्रणाली, निर्वाचन प्रणाली, नागरिकता जस्ता विषयमा सहमति जुटाउन सकेन। विडम्वना माओवादी भित्रको अन्तरद्वन्द्व र कस्तो संविधान निर्माण गर्ने भन्नेमा माओवादी नेतृत्वको दोहोरो चरित्र र अडानका कारण उपसमितिमा सहमति भएका कतिपय विषयहरू पनि संवैधानिक समितिमा पेश हुन सकेनन् भने उपसमितिमा सहमति भएर संवैधानिक समितिमा पेश भएका विषय समेत अनुमोदन हुन सकेनन्। २०६८ कार्तिक १५ गते शान्तिप्रकृयाका सम्बन्धमा सात बुँदे सहमति भएपश्चात चैत्र २८ मा विशेष समितिले माओवादी पूर्व लडाकुका शिविर नेपाली सेनालाई हस्तान्तरण गर्ने आकष्मिक निर्णय गऱ्यो। सो निर्णयसँगै संविधान निर्माणका सन्दर्भमा दलहरूका बीचमा ५ बुँदे सहमति भयो। जसमा राष्ट्रिय सहमतिको सरकारका लागि मन्त्रिपरिषद भङ्ग गर्ने, जेठ १४ गते अगाडि नै संविधानका विवादित विषयमा सहमति गरी संविधानको मस्यौदा तयार गर्ने र संविधान जारी गर्ने समयमा नेपाली कांग्रेस नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार गठन गर्ने भन्ने थियो।

२०६९ जेठ २ गते प्रमुख चार शक्तिबीच राज्य पुनर्संरचना, शासकीय स्वरूप, निर्वाचन र न्यायप्रणाली जस्ता विषयमा रहेका विवादहरू टुङ्ग्याउँदै महत्वपूर्ण सहमति गरे। उक्त सहमतिमा जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपतिसहितको मिश्रित शासकीय स्वरूप र बहुपहिचान सहितका ११ प्रदेश प्रस्तावित थिए। प्रदेशको नाम र सीमा सुझावका लागि संघीय आयोग गठन गर्ने र उसको सिफारिसका आधारमा त्यसको निर्णय व्यवस्थापिका संसदले गर्ने र अन्तिम टुङ्गो प्रदेश सभाले गर्ने उल्लेख थियो। यस सहमतिप्रति असन्तुष्ट रहेपनि मधेशी मोर्चा संविधान जारी गर्नका लागि सहमत भएको थियो। सहमतिसँगै आम जनतामा संविधान जारी हुने भयो भन्ने कुराले उत्साह ल्याएको थियो। तर एमाओवादी अध्यक्ष प्रचण्डले पुनः एक पटक नेपाली जनताको त्यो विश्वास र उत्साहमाथि तुसारापात गरेर आफैँले हस्ताक्षर गरेको सहमतिको मसी सुक्न नपाउँदै उक्त सहमतिलाई असान्दर्भिक भएको घोषणा गरेर आन्दोलनरत पक्षहरूलाई सडक कब्जा गर्न उस्काए। यसरी संविधान बन्ने अन्तिम समयमा आएर एमाओवादी अध्यक्षले सहमतिको वातावरण बनाउनुको सट्टा भिन्न भिन्न समुदायलाई भिन्न र विरोधाभाषपूर्ण आश्वासन दिँदै संविधान निर्माण प्रकृया अवरुद्ध गरे।

त्यतिबेला संविधानसभाको प्रकृया जोगाउन विकल्पहरू कम हुँदै गएपछि संविधान जारी गर्न एउटै मात्र बाटो देखेर नेपाली कांग्रेसले प्रस्ताव गरेको थियो- "संविधान निर्माणका सन्दर्भमा भएका समझदारीहरूका आधारमा सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी गर्ने। नयाँ संविधानमा संघीय आयोगको व्यवस्था गर्ने। राज्य पुनर्संरचना समिति र आयोगका फरकमत सहितका प्रतिवेदनमा टेकेर पहिचानलाई पहिलो आधार र सामर्थ्यलाई दोस्रो आधार मान्दै आयोगले तीन महिना भित्रमा रूपान्तरित संसदमा प्रदेशहरूको संख्या, सीमा र नाम प्रस्ताव गर्ने जसलाई विद्यमान शक्तिसन्तुलन रहेको संसदको दुई तिहाइले अनुमोदन गर्नुपर्ने। तीन महिना भित्रै आयोगले प्रतिवेदन बुझाउनुपर्ने भएकोले संघीयताको मुद्दा पछाडि धकेलिएला कि भनेर सशंकित हुनुपर्ने पनि अवस्था थिएन। तात्कालीन अवस्थामा नयाँ संविधान निर्माणका लागि यो नै उत्तम विकल्प थियो

तर कांग्रेसको यो प्रस्तावलाई पनि माओवादीले संघीयता विरोधी भन्दै अस्वीकार गऱ्यो। एकातर्फ एकल जातीय पहिचानको मुद्दा उठाएको जनजाति समुदायले समेत मिश्रित नाम राखेर संविधान जारी गर्न सकिने सहमति गरेका थिए भने अर्कोतर्फ मिलेका विषयहरू समेटेर संविधान जारी गरी नमिलेका विषयहरू रूपान्तरित संसदले टुंगो लगाउने विषय समेत सहमतिको नजिक पुगेको अवस्थामा निकास धेरै टाढा थिएन तर विभिन्न बहाना बनाएर अनेकन उपाय हुँदा हुँदै आफ्नो हातमा सरकार भएको परिस्थितिको अनुचित फाईदा उठाएर एमाओवादीले संविधानसभाको विघटन गऱ्यो। यसरी प्रधानमन्त्री बाबुराम भट्टराई र माओवादी नेतृत्वले सत्ता छोड्ने विकल्पभन्दा आफैंले जन्माएको भनेर दावी गरिआएको संविधानसभाको हत्या गर्न तयार भयो।

**६. पहिलो संविधानसभामा संविधान निर्माण गर्दा देखिएका आधारभूत सैद्धान्तिक मतभेद**

पहिलो संविधानसभाले धेरै कामहरु गर्दा गर्दैपनि संविधान बनाउन सकेन। यसको मुख्य कारण नेपाली कांग्रेस र तत्कालिन नेकपा माओवादी बीचको आधारभूत सैद्धान्तिक मतभेद हो।

लोकतान्त्रिक संविधान निर्माण गर्न नेपाली कांग्रेसले गरेका मूलभूत प्रस्ताव र नेकपा माओवादीले राखेको अडानबीचको मतभेद मुलतः लोकतान्त्रिक मान्यता, बहुलवाद, मानवाधिकारको प्रत्याभूति, स्वतन्त्र न्यायपालिका, सम्पत्तिको अधिकार र जातीय विविधताको सम्मान जस्ता विषय नै मुख्य थिए। यसवारे आम जनतालाई स्पष्ट जानकारी गराउनु नेपाली कांग्रेसको दायित्व सम्झन्छ र तलका बुँदाहरुबाट यही प्रयास गरिएको छ।

नेपाली कांग्रेसले आफ्नो गौरव र संघर्षले भरिएको विगत, पार्टीको विधान, उद्देश्य र नीति, १२ बुँदे समझदारी, पुर्नस्थापित प्रतिनिधिसभाको घोषणा, विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान, आदिवासी जनजाति, मधेशीलगायत आफ्नो विभन्न समुदायसँग भएका सम्झौताहरू, पार्टीले संविधानसभाको निर्वाचनमा प्रस्तुत गरेको घोषणापत्र र पार्टीले अवलम्वन गरेको वैचारिक मान्यतालाई केन्द्रबिन्दुमा राख्दै संविधानसभा भित्र आफ्ना धारणा र अडान राखेको थियो र त्यसै अनुरुप लोकतान्त्रिक संविधान निर्माण कालागि प्रयत्न रह्यो। यसका लागि नेपाली कांग्रेसले प्रस्तुत गरेका केही आधारभूत मान्यता र अवधारणाहरु निम्ननुसार छनः

**लोकतन्त्र र मानवअधिकारः** लोकतन्त्रका विश्वव्यापी मूल्यमान्यता एवं मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुनद्वारा व्यवस्थित र परिभाषित मानवअधिकारका सर्वव्यापी मान्यताहरूको आधारशीलामा टेकेर नेपाली कांग्रेसले लोकतान्त्रिक संविधानको आधार तय गरेको थियो। बालिग मताधिकार, आवधिक निर्वाचन, बहुदलिय प्रतिस्पर्धा, शक्ति पृथकीकरण, संवैधानिक सन्तुलन र नियन्त्रण, स्वतन्त्र र सक्षम न्यायपालिका, अकुण्ठित प्रेस स्वतन्त्रता, विधिको शासनलगायतका लोकतन्त्रका सर्वव्यापी मूल्य र मान्यताहरू एवं समानुपातिक प्रतिनिधित्व, उत्तरदायी एवं पारदर्शी र समावेशी शासनप्रणाली सहितको बहुलवादमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माणका लागि प्रयत्न गरेको थियो।

**मौलिक हक** : नेपाली कांग्रेसले जनताका राजनीतिक अधिकार देखि आर्थिक सामाजिक, साँस्कृतिक अधिकारसम्म, गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारको अधिकारदेखि समूहको अधिकार सम्मका विभिन्न ३३ वटा हकहरू मौलिकहकको रुपमा सुनिश्चित गर्न पहलकदमी लिएको हो। दलित, आदिबासी, जनजाति, मधेशी समुदाय, महिला, अपाङ्गता भएका, अल्पसंख्यक, अति विपन्न, श्रमिक सीमान्तकृत वर्ग, क्षेत्र र समुदायको अधिकारको संरक्षण र सुनिश्चितताका लागि संघर्षरत थियो।

**राज्यपुनर्संरचना र संघीयताः** २०६२/६३ को जनआन्दोलन पश्चात राज्यको पुनर्संरचनाको बिषय सवैको साझा संकल्प बनेको हो। त्यसपश्चात पुनस्थापित प्रतिनिधिसभाको घोषणा, विस्तृत शान्ति सम्झौता हुँदै अन्तरिम संविधान र गणतन्त्र

घोषणासम्म आउँदासम्म राज्यको पुनर्संरचनाका सन्दर्भमा महत्वपूर्ण उपलब्धि भएका छन । समावेशी राज्य संरचना, बहुभाषिक नीति, बहुजातीय राज्य, धार्मिक स्वतन्त्रता, समानुपातिक समावेशी प्रतिनिधित्व, दलित, महिला, आदिवासी/जनजाति, मधेसी, मुस्लिम, अल्पसंख्यक र पिछडिएको क्षेत्र वर्ग र समुदायलाई बिशेष व्यवस्था लगायतका बिषयहरू त्यतिवेला नै टुगिएका थिए। राज्यपुनर्संरचनालाई पूर्णता दिन नै नेपालमा संघीयता अवलम्वन गरिएको हो। नेपाली कांग्रेसले यी उपलब्धिलाई कार्यान्वयन र संस्थागत गर्ने संकल्पसहित नेपालको विविधताको सम्वोधन र सम्मानका लागि संघीय संरचनाको पक्षमा प्रस्ट धारणा राखेको थियो। संघीयतालाई संविधानको असंशोधनीय विषय बनाउनुपर्छ भन्ने धारणा सहित नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता एवं स्वाभिमानलाई अक्षुण राख्दै, पहिचान र सामर्थ्यको आधारमा धानिन सक्ने गरी संघीयता हुनुपर्छ भन्ने पक्षमा आफ्नो धारणा राखेको थियो। कांग्रेसले राज्य पुनर्संरचना समितिले तय गरेका सिद्धान्तमा आधारित भएर ६ वटा प्रदेशको नक्सा प्रस्तुत गरेको थियो। हामी आम नेपालीको चाहना बमोजिमको संघिय संरचना निर्माण गर्न जुनसुकै विकल्पमा खुला बहस गर्न तत्पर छौ भन्ने कुरा प्रष्ट राखेको थियो।

**शासकीय स्वरूपः** नेपाली कांग्रेसले दुई सदनात्मक व्यवस्थापिकासहितको संसदीय शासनप्रणालीको पक्षमा आफ्नो धारणा राखेको थियो। नेपालको विविधताको सम्मान र राज्यको उच्च ओहदामा जुनसुकै वर्ग र समुदायका नागरिक पुग्न सक्ने अवस्थाको सिर्जना गर्न संवैधानिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गरेको थियो।

**निर्वाचन प्रणालीः** नेपाली कांग्रेसले मिश्रित निर्वाचन प्रणालीको पक्षमा आफ्नो धारणा राखेको थियो।

यसरी एकातर्फ नेपाली कांग्रेसले संविधासभा भित्र लोकतान्त्रिक संविधान निर्माणका लागि पहलकदमी लियो भने अर्कातर्फ माओवादीले भने लोकतान्त्रिक संविधानको बिरुद्धमा आफ्ना धारणा र अडान प्रस्तुत गऱ्यो। २०६४ सालको संविधानसभा निर्वाचनमा प्रस्तुत घोषणापत्रमा नेकपा माओवादीले संविधानको सर्वोच्चता, बिधिको शासन, वहुदलीय प्रतिस्पर्धा, वालिग मताधिकार, स्वतन्त्र एवं निष्पक्ष आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, लगायतका लोकतान्त्रिक पद्धति अनुसरण गर्ने प्रतिवद्धता व्यक्त गरेको थियो। तर निर्वाचनमा आफू ठुलो दलको रुपमा स्थापित भएपश्चात संबिधानसभाका विषयगत समितिहरूमा उ पूर्णत लोकतान्त्रिक मूल्य मान्यता विपरित प्रस्तुत भयो। यसकुरालाई प्रष्ट पार्न संविधानका केही मुल विषयमा एमाओवादीले गरेको प्रस्ताव उदाहरण स्वरुप तल प्रस्तुत गरिएको छ। जसबाट यो प्रष्ट हुन्छ।

**बहुलवाद नमान्ने** : संविधानसभाको निर्वाचनमा प्रस्तुत हुँदा माओवादी लोकतान्त्रिक मूल्यमान्यताप्रति पूर्ण प्रतिबद्धता जनाउँदै प्रस्तुत भएको थियो। जनताले शान्ति र लोकतन्त्रप्रतिको उसको प्रतिबद्धतामा विश्वास गरेर नै मत दिएका थिए। तर संविधानसभा निर्वाचनपश्चात माओवादीका धारणाहरू परिवर्तन भए। सार्वजनिक रूपमा लोकतान्त्रिक मूल्यमान्यताप्रति प्रतिबद्धता जनाए पनि माओवादीले प्रत्येक समितिहरूमा प्रस्तुत गरेका धारणाहरू लोकतान्त्रिक मान्यताविपरीत थिए। संविधानसभा निर्वाचनमा उसले व्यक्त गरेको प्रतिबद्धताका पनि विरुद्ध थिए। लोकतन्त्रका आधारभूत मान्यतामा नै असहमति जनाउँदै माओवादीले बहुलवाद नमान्ने निर्णय गऱ्यो।

**सबैले दल खोल्न नपाउने** : माओवादीले अघि सारेको प्रस्तावमा संविधानसभाका केही विशेषता यस्ता थिए–नेपालमा प्रतिस्पर्धात्मक बहुदलिय शासनप्रणाली रहने तर राजनीतिक दल सबैले खोल्न नपाउने। ती सबै दल एउटै विचारधारा अर्थात माओवादी विचारधारमा आधारित हुन बाध्यता बनाउने किसिमको रह्यो।

**प्रतिपक्ष नरहने** : प्रतिस्पर्धा गर्ने अनुमतिप्राप्त दलहरूका उम्मेदवारहरूमध्ये प्रतिस्पर्धामा बहुमत प्राप्त उम्मेदवार कार्यकारिणी अधिकारसम्पन्न राष्ट्रपतिका रूपमा

निर्वाचित हुने तर जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपतिलाई सम्वन्धित दलले फिर्ता बोलाउन सक्ने मान्यता अघि सार्‍यो । एक सदनात्मक व्यवस्थापिका हुने र तत्काल त्यसमा कायम रहेको सदस्यहरू मध्येबाट राष्ट्रपतिले निजको अध्यक्षतामा मन्त्रि परिषद्‌को गठन गर्ने तर संसदमा प्रतिपक्ष नरहने धारणा बनायो ।

**नियन्त्रित र निर्देशित अदालत** : त्यस्तै न्यायपालिकाका सन्दर्भमा माओवादीले प्रतिपक्षविहीन व्यवस्थापिकालाई नै संघीय सर्वोच्च अदालतको प्रधानन्यायाधीश एवं न्यायाधीशहरूको नियुक्ति र बर्खास्त गर्ने लगायत संविधानको अन्तिम व्याख्या गर्ने, प्रधानन्यायाधीश बाहिरबाट ल्याउन सक्ने, अदालतमा निर्णय प्रक्रियामा रहेका विषयमा समेत बहस गर्न र आवश्यक पर्दा अदालतलाई व्यवस्थापिकाले निर्देशन दिन सक्ने असाधारण अधिकार राख्ने प्रस्ताव गर्‍यो ।

**क्षतिपूर्ति नदिने** : सम्पत्तिको अधिकारका सन्दर्भमा माओवादीले एउटा व्यक्तिले अधिकतम सम्पत्ति कति राख्न पाउने भन्ने सीमा राज्यले तोकिदिने र कुनै पनि व्यक्ति वा संस्थाको हदबन्दीभन्दा बढी जमिन अधिग्रहण गर्दा राज्यले क्षतिपूर्ति नदिने मान्यता अघि सार्‍यो ।

**जाति विशेषको अग्राधिकार** : संघीयताका सन्दर्भमा कुनै एक प्रदेशमा कुनै एक निश्चित जाति विशेषको अग्राधिकार रहने तर सोही जातिको नागरिक अन्य प्रदेशमा रहँदा दोस्रो दर्जाको नागरिक हुने व्यवस्था बनायो ।

यसबाहेक माओवादीले राष्ट्रिय झण्डा फेर्नुपर्ने लगायतका प्रस्तावसमेत राखेको थियो । यी प्रस्तावहरू पूर्णत लोकतन्त्रविरोधी र मुख्य रूपमा मुलुकलाई अधिनायकवादतर्फ लैजाने मान्यतामा आधारित थिए । माओबादीले यस्तै प्रावधानहरू सहितको संविधानलाई नै जनसंविधान वा जनताको संविधान भन्दै आइरहेको छ ।

नेपाली कांग्रेस माओवादीका यस्ता लोकतन्त्रविरोधी र जनताविरोधी संविधानका प्रावधानविरुद्ध दृढताका साथ उभियो र अन्तत संबिधानसभाका बिषयगत समितिभित्र अति दम्भका साथ जनवादी संबिधानका प्रावधानसहित प्रस्तुत भएको माओवादीलाई संविधानसभाको अन्तिम समयसम्म आइपुग्दा लोकतान्त्रिक मूल्य मान्यतामा सहमति गराउन कांग्रेस सफल भएको थियो । नेपाली कांग्रेसले गत संविधानसभामा जे प्रस्तावहरु प्रस्तुत गरेको थियो अन्तत तीनै विषयहरु नै पीरत भए । यो कुरालाई नेपाली कांग्रेस गर्वका साथ स्मरण गर्न चाहन्छ । यो विचारधारात्मक संघर्षमा अन्य दलहरूको भूमिका दोहोरो र सत्ताकेन्द्रीत भएकै हो । विषयगत समितिमा पार्टीको आधिकारिक धारणा लिएर जान नसक्ने, कहिले नेपाली कांग्रेसको प्रस्तावमा समर्थन जनाउने त कहिले माओवादीको प्रस्तावमा समर्थन जनाउने अन्य केही दलहरुको ढुलमुले र सत्ता केन्द्रित प्रवृति नेपाली कांग्रेसको लोकतान्त्रिक संविधान निर्माणको संघर्षमा सहयोगी बन्न नसकेकै हो ।

**७. नयाँ सविधान निर्माण : नेपाली कांग्रेसको दृष्टिकोण**

*“संघीयता हाम्रो प्रतिबद्धता, लोकतान्त्रिक गणतन्त्र हाम्रो आदर्श*
*शान्त, समृद्ध र साझा नेपाल हाम्रो सपना हाम्रो सकंल्प”*

संविधानसभाको निर्वाचन संसदीय निर्वाचन जस्तै सरकार बनाउने निर्वाचन मात्र होइन, यो देशको सर्वोच्च कानून निर्माण गर्ने निर्वाचन हो । संविधान सम्पूर्ण नेपाली जनताको चासो र समर्थन प्राप्त देशको मूल कानून हुने भएकाले संविधान निर्माणको प्रक्रियामा सबै जनता र पक्षको सहमति र सहभागीता प्रोत्साहित गर्न आवश्यक हुन्छ भन्ने नेपाली कांग्रेसको मान्यता छ । यही कारणले गर्दा नै संविधानसभा निर्वाचन प्रणालीलाई समावेशी र सहभागीतामूलक बनाइएको हो । नेपाली कांग्रेसले नै असहमत पक्षको समेत सहभागीताका लागि पहल गरेको हो । संविधान निर्माण प्रकृयालाई पनि बहुमत र अल्पमतको विभाजनद्वारा होइन, सहमतिको प्रयासद्वारा टुंगो लगाउने विधि अवलम्वन गरिनु पर्दछ भन्ने नेपाली कांग्रेसको धारणा रहेको थियो र अहिले पनि नेपाली कांग्रेस त्यही मान्यतामा

विश्वास गर्दछ ।

- **नेपाली कांग्रेस** संविधानसभाको पहिलो वैठकमा **बिगतको संविधानसभामा विषयगत समितिहरुमा लोकतान्त्रिक संविधानका सन्दर्भमा समझदारी भइसकेका विषयहरूलाई ग्रहण** गरी त्यसको स्वामित्व लिन र त्यही विन्दुबाट प्रक्रिया अगाडि बढाउने प्रस्ताव प्रस्तुत गर्नेछ ।
- नेपाली कांग्रेसले संविधानसभाको एक वर्ष अवधिभित्र नयाँ संविधान जारी गर्ने संकल्प गर्दै त्यसका निम्ति संविधानसभा भित्र रहेका दलहरु, संविधानसभा निर्वाचनमा सहभागी नभएका दल तथा समूहहरुसँग सम्वाद र समन्वय गर्नेछ ।
- सहमतिका लागि अधिकतम प्रयत्न गर्नेछ । सहमति हुन नसकेमा मतदानको प्रकृया अवलम्वन गरिनेछ ।
- नमिलेका राष्ट्रिय महत्वका विषयहरुलाई जनताको अभिमतको आधारमा टुङ्गो लगाई एक वर्षभित्रै संविधान जारी हुनेछ ।

**८. संविधानका महत्वपूर्ण विषयका सन्दर्भमा नेपाली कांग्रेसको दृष्टिकोण**

**राष्ट्रिय एकता र अखण्डता**

नेपाली कांग्रेस 'विविधताबीचको एकता, आम नेपालीको सच्चा राष्ट्रियता' भन्ने मूल मन्त्रका साथ नेपाल राष्ट्रमा विद्यमान जातीय, भाषिक, साँस्कृतिक, भौगोलिक लगायत सबै प्रकारका विविधताको पहिचान, प्रतिनिधित्व र स्वामित्वलाई सुनिश्चित गर्दै नेपाली जनताका बीच सद्भाव एवं सौहार्द्रतालाई अक्षुण राख्दै नेपालको राष्ट्रिय एकता, सार्वभौमसत्ता एवं अखण्डतालाई सुनिश्चित र सुदृढ गर्नेछ ।

**जनतामा निहित सार्वभौमसत्ता**

संविधानसभाद्वारा संविधान निर्माणको मूल आधार सार्वभौमसत्ता सम्पन्न नेपाली जनता हुन् । त्यसैले सार्वभौमसत्ता र राजकीयसत्ता पूर्ण रूपले नेपाली जनतामा निहित रहनेछ ।

**नागरिक स्वतन्त्रता**

हरेक नागरिकको अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण भेलाहुने स्वतन्त्रता, राजनीतिक दल तथा संघ-संस्था गठनगर्ने स्वतन्त्रता, देशको कुनैपनि भागमा आवत/जावत र बसोबास गर्ने स्वतन्त्रता र कुनैपनि पेशा, व्यवसाय, उद्योग, व्यापार र रोजगार गर्ने स्वतन्त्रता सुनिश्चित गरिनेछ ।

**संविधानको सर्वोच्चता**

सार्वभौमसत्ता सम्पन्न जनताको सहभागीतामा जनताको सार्वभौम अधिकारद्वारा निर्माण गरीएको संविधानको सर्वोच्चता अउलङ्घनीय हुनेछ ।

**नेपाल राज्यको स्वरूप**

नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, वहुजातीय, वहुधार्मिक, वहुसाँस्कृतिक, भौगोलिक विविधतायुक्त, धर्मनिरपेक्ष, समावेशी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ ।

**विविधतामा एकता**

नेपाल विभिन्न भाषा, जाति, संस्कृति तथा सामाजिक विविधताले भरिएको देश हो । यो नेपाल राष्ट्रकै पूँजी हो । यसलाई कुनै एकल भाषा, जाति, संस्कृतिका आधारमा कुण्ठित गरिने छैन । सबैको सम्मान, पहिचान र हक अधिकारको संवैधानिक मान्यताका साथै संवर्द्धनका लागि स्वतन्त्र, संवैधानिक संस्थागत व्यवस्था गरिने छ ।

**राष्ट्रिय झण्डाः**

सिम्रिक रंगको भूइँ र गाढा निलो रंग किनारा भएको दुई त्रिकोण अलिकति जोरिएको, माथिल्लो भागमा खुर्पे चन्द्रको बीचमा सोह्रमा आठ कोण देखिने सेतो आकार र तल्लो भागमा बाह्र कोणयुक्त सूर्यको सेतो आकार अंकित भएको परम्परागत झण्डा नै नेपालको

राष्ट्रिय झण्डा हुनेछ ।

**मानव अधिकारः**

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुनद्वारा व्यवस्थित र परिभाषित एवं विस्तृत शान्ति सम्झौता-२०६३ र नेपालको अन्तरिम संविधान २०६३ मा प्रतिवद्धता गरीएका मानव अधिकार र अकुण्ठित प्रेस स्वतन्त्रता सहित नागरिकका राजनीतिक, आर्थिक, सामाजिक, भाषिक एवं साँस्कृतिक हक लगायत सबै अधिकार सवैका लागि भन्ने मान्यता अनुरुप सबै वैयक्तिक अधिकार एवं स्वतन्त्रतालाई सुरक्षित गरिने छ ।

**मौलिक हकः**

पहिलो संविधानसभामा नेपाली कांग्रेसकै पहलकदमीमा सुनिश्चित गरेका निम्न बमोजिमका हकहरुलाई निरन्तरता दिइनेछ ।

नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, न्याय सम्बन्धी हक, अपराध पीडितको हक, यातना विरुद्धको हक, निवारक नजरबन्द विरुद्धको हक, छुवाछुत तथा भेदभाव बिरुद्धको हक, सम्पत्तिको हक, धार्मिक स्वतन्त्रताको हक, सूचनाको हक, गोपनियताको हक, शोषण विरुद्धको हक, वातावरण सम्बन्धी हक, शिक्षा सम्बन्धी हक, भाषा तथा संस्कृति सम्बन्धी हक, रोजगारीको हक, श्रम सम्बन्धी हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक, आवास सम्बन्धी हक, महिलाको हक, बालबालिकाको हक, ज्येष्ठ नागरिकको हक, दलित समुदायको हक, परिवार सम्बन्धी हक, उपभोक्ताको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, कूटनीतिक संरक्षणको हक, मौलिक हकको कार्यान्वयन र संवैधानिक उपचारको हक ।

नागरिकको स्वतन्त्रतालाई विस्तारित र व्यापक बनाउदै जनआन्दोलनको भावना अनुरुप समावेशी लोकतन्त्रको प्रत्याभुत हुनेगरी महिला, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, अल्पसंख्यक, पिछडिएको वर्ग, क्षेत्र र समुदायको हक अधिकारलाई पूर्ण रुपले सुनिश्चित र सुरक्षित गरिनेछ ।

लोकतान्त्रिक समाजवादको अवधारणाा अनुरुप नाना, खाना, छाना ,शिक्षा, स्वास्थ्य, रोजगार, नागरिकको मर्यादा, न्याय र सामाजिक सुरक्षा लगायतका अधिकारहरूलाई सुनिश्चित र व्यवस्थित गरिनेछ ।

**सामाजिक न्याय, सामाजिक सुरक्षा समावेशी राज्यसंरचना र समानुपातिक प्रतिनिधित्वः**

समानता र अविभेदको मान्यताअनुरूप सबै प्रकारका सामाजिक, साँस्कृतिक विभेद अन्त्य गर्दै मर्यादित र सम्मानपूर्वक जीवनयापन गर्न पाउने प्रत्येक नागरिकको अधिकार सुनिश्चित गरिनेछ । महिला, दलित, मधेशी, आदिवासी जनजाति, पिछडावर्ग, मुस्लिम, अल्पसङ्ख्यक तथा सीमान्तकृत, समुदाय, उत्पीडित वर्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पछाडि पारिएको क्षेत्र, गरिब, किसान, मजदुर, युवा वर्गलाई समावेशी सिद्धान्तको आधारमा मुलुकको राज्य संरचना तथा सार्वजनिक सेवामा समावेशी समानुपातिक सहभागीताको सिद्धान्तका आधारमा सहभागी गराइनेछ । लोककल्याणकारी राज्यको अवधारणाअनुरूप दलित, आदिबासी, जनजाति, मधेशी समुदाय, महिला, अपाङ्गता भएका, अल्पसंख्यक, युवा, बालबालिका, जेष्ठ नागरिक, मजदुर/श्रमिक, कृषक, पिछडिएको क्षेत्र, विपन्न वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत सीमान्तकृत वर्ग, क्षेत्र र समुदायको हितको संरक्षणका लागि सामाजिक न्यायको हक अन्तर्गत राज्यद्वारा विशेष व्यवस्था गरिनेछ । सामाजिक सुरक्षाको हक अन्तर्गत गरिब तथा विपन्न वर्ग र लोपोन्मुख जाति, महिला, अशक्त, असहाय, अपाङ्गता, एकलपन, बाल्यावस्था, वृद्धावस्था र आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्तिलगायतका नागरिकलाई स्वास्थ्य, शिक्षा, निवृत्तिभरण, सामाजिक बिमाजस्ता उपायमार्फत सामाजिक सुरक्षाको हक हुनेछ ।

**नागरिकको मौलिक कर्तव्यः**

- राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानूनको पालना गर्नु,
- राष्ट्रिय विपत्ति र संकटको समयमा सेवा गर्नु, सार्वजनिक तथा राष्ट्रिय सम्पतिको संरक्षण र संवर्द्धन गर्नु,
- कानून बमोजिम कर तीर्नु,
- राष्ट्र, समाज र अन्य व्यक्तिको अधिकारमा आघात नपुग्ने गरी आफ्नो स्वतन्त्रता र अधिकारको प्रयोग गर्नु,
- श्रमको सम्मान गर्नु,
- आमा, बाबु, बालबालिका, जेष्ठ नागरिक, महिला, अशक्त तथा असहाय, अपाङ्गता भएका व्यक्ति तथा मानव समुदायप्रति आदर र सम्मान गर्नु,
- वातावरण संरक्षण र प्राकृतिक, ऐतिहासिक तथा साँस्कृतिक सम्पदाको संरक्षण र संबर्द्धन गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

**राज्यको दायित्व**

- नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधिनता र अखण्डता अक्षुण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने, राज्यका निर्देशक सिद्धान्तहरूको अनुशरण गर्ने तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।
- जनआन्दोलनको भावना र मर्म अनुरुप जनताले परिवर्तनको अनूभुति गर्ने गरी राज्यको समावेशी र लोककल्याणकारी चरित्रलाई व्यवहारमा उतार्न आवश्यक कानुनी लगायत संस्थागत संरचना निर्माण गर्दै त्यसको कार्यान्वयन गर्नु राज्यको दायित्व हुनेछ ।

**बहुदलीय लोकतान्त्रिक पद्धति**

वालिग मताधिकार, आवधिक निर्वाचन, वहुदलीय प्रतिस्पर्धा, शक्ति पृथकीकरण, संवैधानिक सन्तुलन र नियन्त्रण, स्वतन्त्र न्यायपालिका, स्वतन्त्र प्रेस, विधिको शासन, समानुपातिक प्रतिनिधित्व सहितको उत्तरदायी एवं पारदर्शी र समावेशीपूर्ण शासन प्रणालीको सुनिश्चितता हुनेछ

**आर्थिक ढाँचा र सम्पत्तिको हक**

- स्रोत साधनको न्यायोचित वितरण, सबै प्रकारका आर्थिक शोषण र असमानताको अन्त्य तथा सार्वजनिक, सहकारी र निजी क्षेत्रको साझेदारी तथा सहकारी र निजी क्षेत्रको स्वतन्त्र विकास मार्फत उपलब्ध साधन स्रोतको अधिकतम् उपयोग गर्दै दिगो आर्थिक विकास गर्ने एवं प्राप्त उपलब्धीहरुको न्यायोचित वितरण गर्दै शोषणरहित समाजको निर्माण गरी राष्टिय अर्थतन्त्रलाई आत्मनिर्भर , स्वतन्त्र तथा उन्नतिशील बनाउदै समाजवाद उन्मुख अर्थतन्त्रको विकास गरिनेछ ।
- सबै नागरिकलाई आफ्नो इच्छा अनुसार उद्यम र व्यवसायको स्वतन्त्रताको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।
- राज्यले बौद्धिक सम्पत्तिको संरक्षण गर्नेछ । प्रगतिशील करको मान्यता अनुरूप राज्यले व्यक्तिको सम्पत्तिमा आवश्यकता अनुसार कर लगाउन सक्नेछ ।

**संविधान संशोधन :**

जनतामा निहित सार्वभौमसत्ता, गणतन्त्रात्मक व्यवस्था, संघीयता, विधिको शासन,

स्वतन्त्र न्यायपालिका, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता, बहुलवाद, बहुदलीय प्रतिस्पर्धा, वालिग मताधिकार र आवधिक निर्वाचन सम्बन्धी मूल्य र मान्यताहरूको प्रतिकूल नहुने गरी यो संविधान संशोधन गर्न सकिने छैन ।

**भाषा बारे**

नेपालमा बोलिने सबै मातृभाषाहरू नेपालका राष्ट्रभाषाका रूपमा रहनेछन्। देवनागरी लिपिमा नेपाली भाषा संघीय सरकारको सरकारी कामकाजको भाषा हुनेछ। संघीय सरकारको सरकारी कामकाजको भाषाका अतिरिक्त प्रदेश सभाले कानूनद्वारा निर्धारण गरेबमोजिम प्रदेशभित्र बोलिने मातृभाषालाई प्रादेशिक सरकारको सरकारी कामकाजको भाषा तोक्न सकिनेछ। न्यायालय र सरकारी कार्यालयमा सबै नागरिकलाई मातृभाषामा आफ्नो भनाइ राख्ने अधिकार हुनेछ। दृष्टिविहीन तथा आवाज विहीनहरूका लागि ब्रेल लिपि तथा साङ्केतिक भाषाको प्रयोग गर्न पाउने अधिकार हुनेछ ।

**नागरिकताः**

- संघीय नेपालमा प्रादेशिक पहिचानसहितको एकल संघीय नागरिकताको व्यवस्था गरिने छ ।
- कुनै पनि नेपाली नागरिकलाई संविधान तथा कानुन बमोजिम नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन ।
- प्रत्येक नागरिकलाई वंशको आधारमा लैङ्गिक पहिचान सहितको नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिने छ ।
- गैरआवासीय नेपालीहरुको नेपाली नागरिकतालाई निरन्तरता दिइने छ। साथै अध्ययन, श्रम वा विभिन्न पेशा व्यवसायको सिलसिलामा नेपालवाहिर रहेका नेपालीहरूको मतदानको अधिकारलाई सुनिश्चित गरिने छ ।

**धर्मबारेः**

नेपाल धार्मिक एकता भएको वहुजातीय, वहुसाँस्कृतिक, बहुधार्मिक र बहुभाषिक देश हो। राज्यले कुनैपनि धर्मको पक्ष वा विपक्ष लिने छैन। राज्यले सवै धर्म र संस्कृतिको सम्मान र संरक्षण गर्नेछ। विभिन्न धर्महरूको उद्‌गम थलो नेपालमा सर्वधर्म समभावलाई मान्यता हुनेछ। धर्मलाई व्यक्तिगत विश्वास र निष्ठाको विषय मानिनेछ। सबैलाई आ-आफ्नो सनातन धर्म, संस्कृति र परम्परा मान्ने स्वतन्त्रता रहनेछ। तर कसैले कसैको धर्मको निन्दा वा घृणा गर्ने, प्रलोभन वा दवाबमा पारी धर्म परिवर्तन गर्न गराउन पाइने छैन। धर्म निरपेक्षताको अर्थ कसैको धार्मिक भावनामा चोट पुऱ्याउन वा परम्परादेखि चलिआएको धर्म/संस्कृतिमाथिको अतिक्रमण होइन र अन्य कसैप्रति पक्षपात पनि होइन। निरपेक्षता भनेको राज्यका तर्फबाट पक्षपात नगरीनु हो। समाजमा धार्मिक स्वतन्त्रताको प्रत्याभूति र धार्मिक सहिष्णुताको वातावरण कायम राख्नु राज्यको कर्तव्य हुनेछ ।

**स्वतन्त्र संवैधानिक अंगहरूः**

शक्ति र अधिकारको दुरूपयोग नियन्त्रण, भ्रष्टाचार नियन्त्रणका साथै जननिर्वाचित एवं उत्तरदायी शासन सुनिश्चत गर्न निर्वाचन आयोग, मानव अधिकार आयोग, लोकसेवा आयोग, महालेखा परीक्षक, सामाजिक समावेशीकरण आयोग, राष्ट्रिय प्राकृतिक स्रोत आयोग, राष्ट्रिय विपत्ति आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, भ्रष्टाचार तथा अख्तियार दुरूपयोग नियन्त्रण आयोग जस्ता स्वतन्त्र, संवैधानिक आयोगहरूको व्यवस्था गरिने छ ।

**निजामती सेवाः**

संघीय संरचना बमोजिम केन्द्र र प्रदेशको आआफ्नै निजामती प्रशासन रहनेछ। लोकसेवा आयोगको संरचना पनि सोही बमोजिम हुनेछ ।

**स्वतन्त्र न्यायपालिकाः**

लोकतान्त्रिक मूल्य र मान्यताको जगेर्ना गर्दै संवैधानिक सर्वोच्चता र विधिको शासन कायम गराउने महत्वपूर्ण जिम्मेवारी न्यायपालिकाको हुनेछ। केन्द्रमा संघीय सर्वोच्च अदालत हुनेछ। प्रदेशमा प्रदेश उच्च अदालत र स्थानीय तहमा स्थानीय अदालतहरू रहनेछन। आवश्यकता अनुसार पुनरावेदन र अन्य अदालतहरूको व्यवस्था संघीय संरचना अनुरूप हुनेछ। न्यायालय स्वतन्त्र हुनेछ। निष्पक्ष, छिटो र छरितो ढंगले आमजनताका निम्ति न्याय दिलाउने कुराको सुनिश्चिता गर्न न्यायालयका कुनै पनि तहमा परेका मुद्दाहरूको एउटा निश्चित समय तालिका भित्र निर्णय गर्ने परिपाटी कायम गरिने छ।

**९. राज्यको शासकीय स्वरूप : तीन तहको सरकार**

- **संघीय सरकार:** नेपालको संघीय संरचनाको सबैभन्दा माथिल्लो तहको रूपमा संघीय तह रहने छ। संघले नेपालका आफ्नो प्रदेशहरू स्थानीय तह र विशेष संरचनाको समष्टिगत स्वरूपलाई निर्धारण गर्दछ। संघको सञ्चालन अधिकारको प्रयोग पालना गर्ने गराउने कार्यका लागि संघीय व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकालगायत संघीय संवैधानिक आयोगहरूसमेत रहनेछन। संघीय सभा दुई सदनात्मक हुनेछ।
- **प्रादेशिक सरकार** : संघीय एकाइमा विभाजन गरीएको क्षेत्र र स्वरूपको रूपमा प्रदेशको शासन सञ्चालन र प्रादेशिक क्षेत्रको अधिकारको प्रयोग गर्न प्रादेशिक कार्यपालिका व्यवस्थापिका र न्यायपालिका रहनेछ। प्रादेशिक सभा एक सदनात्मक हुनेछ। प्रदेशसभालाई समावेशी बनाइनेछ। प्रदेशमा मूख्यमन्त्री र गर्भनरको व्यवस्था गरिनेछ। प्रदेशको मूख्यमन्त्रीको निर्वाचन प्रदेश सभाका सदस्यहरुबाट हुनेछ।
- **स्वायत्तता सहितको स्थानीय तह:** सघीय संरचनाको तल्लो तहको रूपमा स्वायत्तता सहितको अधिकारसम्पन्न स्थानीय तह रहने छ। सो अन्तर्गत ग्रामपालिका, जिल्ला र नगरपालिकाको व्यवस्था गरिनेछ।

**संसदीय शासनप्रणाली : संवैधानिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्री**

राष्ट्रपति संवैधानिक राष्ट्रप्रमुखको रूपमा र प्रधानमन्त्री कार्यकारी अधिकार सम्पन्न सरकार प्रमुखको रूपमा रहने गरी संसदीय शासनप्रणाली अवलम्वन गरिने छ। राष्ट्रपति संघीय संसदका दुवै सदन र सवै प्रदेश सभा सदस्यहरुबाट निर्वाचित हुनेछन। प्रधानमन्त्री प्रतिनिधि सभाबाट निर्वाचित र प्रतिनिधि सभाप्रति नै उत्तरदायी हुनेछन्। यस व्यवस्थाको शासकीय स्वरुप पूर्ण समावेशी हुनेछ र नेपाल जस्तो विविधतायुक्त मुलुकमा त्यसको सम्मान र बढीभन्दा वढी जनताको प्रत्यक्ष संलग्नतामा सबै जाति, वर्ग , लिंग र क्षेत्रको व्यक्ति राष्ट्रप्रमुख र सरकार प्रमुख जस्तो राज्यको उच्च ओहदामा पुग्नसक्ने अवस्था संसदीय पद्धतिमा मात्र संभव छ।

प्रत्येक तहको निर्वाचन गर्दा निर्वाचन प्रणाली समावेशी, निर्वाचित प्रतिनिधिहरु जनताप्रति उत्तरदायी हुने व्यवस्थाको सुनिश्चितता गरिनेछ।

प्रत्येक तहमा एक व्यक्ति अधिकतम दुई कार्यकालका लागिमात्र निर्वाचित हुन पाउने व्यवस्था हुनेछ।

**१०. राज्यको पुनर्संरचना र संघीयता:**

नेपालको सार्वभौमिकता, राष्ट्रिय एकताको परिधिभित्र रहेर संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यका रूपमा सबै क्षेत्र, वर्ग र समुदायका सबै नागरिकका लागि राज्य संरचना र शक्तिको वितरण, सुविधा र अवसरको उपलब्धता, पहुँच र प्रतिनिधित्व समान हुने र सबैको पहिचानको सम्मान एवं सम्बोधन हुने अवस्थाको सुनिश्चितता नै नेपालको सन्दर्भमा राज्य पुनर्संरचना हो। समग्रमा राजतन्त्रात्मक शासनको स्थानमा लोकतान्त्रिक गणतन्त्र, केन्द्रिकृत र एकात्मक संरचनाको स्थानमा अकेन्द्रित र संघात्मक संरचना,

बहिस्करणको स्थानमा समावेसीकरण, एकल पहिचानको ठाँउमा बहुपहिचान, सामाजिक न्यायसहितको समावेशी लोकतन्त्र, एक भाषा, एक जाति, एक धर्म, एक संस्कृतिको ठाउँमा धार्मिक स्वतन्त्रता, बहुभाषा, बहुजाति, बहुसांस्कृतिक पहिचानसहित सबै वर्ग, क्षेत्र र समुदायको पहिचान, पहुँच, प्रतिनिधित्व, प्रगति र प्रतिष्ठा प्रत्याभूत हुने गरी न्यायपूर्ण तरीकाले संघीय लोकतान्त्रिक गणराज्यमा रूपान्तरण गर्नु नै नेपालको सन्दर्भमा राज्य पुनर्संरचना हो ।

**संघीयताः कांग्रेसको प्रतिबद्धताः**

संघीयता राज्य पुनर्संरचनाको एउटा महत्वपूर्ण एजेण्डा हो । २०६३ माघमा भएको मधेश आन्दोलनको निकास दिने क्रममा नेपाली कांग्रेसका तत्कालीन सभापति एवं प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाले आफ्नो घोषणामार्फत संघीय संरचनामा आधारित राज्यको पुनर्संरचना गर्ने उल्लेख गर्नुभएको थियो । सोही घोषणाका आधारमा अन्तरिम संविधानमा भएको तेस्रो संशोधनपश्चात नेपाल विधिवत रूपमा संघीय लोकतान्त्रिक नेपाल बन्ने सुनिश्चित भएको हो । आफ्नै नेतृत्वमा भएको सम्झौतालाई कार्यान्वयन गर्ने सन्दर्भमा नेपाली कांग्रेसले आफ्नो विधानको संशोधन गरी संघीय गणतन्त्रात्मक राज्य, बहुलवादमा आधारित बहुदलीय व्यवस्था तथा संसदीय शासनप्रणालीको माध्यमबाट नेपालमा न्यायपूर्ण, गतिशील र शान्तिपूर्ण समाजको निर्माण गरी सामाजिक राजनैतिक तथा आर्थिक विकास गर्ने लक्ष्य राख्दै संघीयताको सन्दर्भमा आफ्नो प्रतिबद्धतालाई पुष्टि गरेको थियो ।

संघीयताको मूल मर्म एकात्मक र केन्द्रीकृत रूपमा रहेको नेपालको राज्य संरचनालाई सबै तहका जनताको पहुँचमा पुऱ्याउनु हो । पूर्णरूपमा लोकतन्त्रमा विश्वास गर्ने र लोकतन्त्रकै निम्ति अनवरत संघर्षरत दल भएका नाताले नेपाली कांग्रेस संघीयताको मूल मर्मसँग आबद्ध रहेको छ । यसको व्यवस्थापन र सफलता लोकतन्त्रसँग अभिन्न ढङ्गले जोडिएको छ । किनभने बहुलवाद र लोकतन्त्रबिनाको संघीयता सम्भव छैन र त्यसले वास्तविक अर्थमा जनतालाई अधिकारसम्पन्न पनि बनाउन सक्दैन । नेपाली कांग्रेसको १२ औ महाधिवेशनमा पारित दस्तावेजमा उल्लेखित नेपाल संघीय संरचनामा जानुपर्ने निम्न तीन मुख्य कारण प्रष्ट राखेको छ ।

विविधतायुक्त हाम्रो मुलुकका सबै जाति समुदाय भाषा र संस्कृतिको पहिचान प्रकट होस ।

सबै जाति, समुदाय, भाषा, संस्कृति र क्षेत्रका जनताले समान रूपमा आर्थिक विकास र समृद्धिको प्रतिफल प्राप्त गरून तथा राज्यले प्रदान गर्ने सेवा सुविधा न्यायपूर्ण र छिटो छरितो होस ।

राज्यशक्ति साधन स्रोत र अधिकारमा कुनै एक जाति भाषा संस्कृति र क्षेत्रको एकाधिकार नहोस । सबै तह र क्षेत्रमा उक्त अधिकार र साधन स्रोत वितरित होस ।

नेपालको सन्दर्भमा संघीयकरणका तीनओटा मूलभूत लक्ष्य छन । एक पहिचान र सहभागीता, दोस्रो समतामूलक विकास र तेस्रो शक्तिको निक्षेपीकरण । नेपालको सन्दर्भमा संघीयता **"समावेशी लोकतन्त्रमा आधारित समृद्ध नेपाल"** निर्माण गर्ने महत्वपूर्ण माध्यम बन्नुपर्दछ जसले विविधताबीचको एकतालाई थप बलियो र नेपाली राष्ट्रियतालाई मजबुत बनाउन सकोस । यिनै उद्देश्यलाई केन्द्रबिन्दुमा राख्दै नेपाली कांग्रेस लोकतान्त्रिकरणका माध्यमबाट राज्यको पुनर्संरचना गर्ने सकंल्परत छ ।

नेपाली कांग्रेसले नेपाली जनताले आफ्नो पहिचान, पहुँच र प्रतिनिधित्वका खातिर गरेका संघर्ष र आन्दोलनमार्फत व्यक्त भावनालाई मजबुत लोकतन्त्रको महत्वपूर्ण आधारका रूपमा लिँदै १२ बुँदे समझदारीलगायत विगतमा भएका सहमति र समझदारी, विगतको संविधानसभा निर्वाचन घोषणापत्र, संविधासभाभित्र कांग्रेसले राखेको धारणा र सहमति भएका विषयहरू, विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान, आदिवासी, जनजाति, मधेशी

समुदायसँग भएका सम्झौताहरू र पार्टीको विधान, नीति र कार्यक्रमलाई मूल आधार मान्दै लोकतन्त्रलाई केन्द्रबिन्दुमा राखेर सबैलाई मान्य हुने र सबैको पहिचान सुनिश्चित हुनेगरी स्व. भीम बहादुर तामाङ्गको संयोजकत्वमा गठित समितिको सुझावलाई समेत मध्यनजर गर्दै पहिचान भेटिने जातीय द्वन्द्व मेटिने संघीय संरचना निर्माण गर्नेछ ।

नेपाली कांग्रेस बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक पहिचान प्रकट गर्ने आर्थिक सामर्थ्य र संवृद्धि सुनिश्चित गर्ने तथा राज्यशक्ति र स्रोतमा एकल जातीय एकाधिकार कायम हुन नदिने राज्यको लोकतान्त्रिक पुनर्संरचनाले मात्र देशको एकता र सामाजिक सदभाव मजबुत हुन सक्दछ भन्ने कुरामा प्रस्ट छ । **सबै जाति, समुदाय, भाषा, संस्कृतिको पहिचान प्रकट गराउने, सबै जाति, समुदाय, भाषा, संकृति र क्षेत्रका जनताको आर्थिक विकास र संवृद्धि सुनिश्चित गर्ने र राज्यशक्ति, साधनस्रोत र अधिकारमा कुनै पनि जाति, भाषा, संस्कृति र क्षेत्रको एकाधिकार कायम नहुने संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना नै नेपाली कांग्रेसको घोषित नीति** र कार्यक्रम हो । यसका लागि नेपाली कांग्रेस कटिबद्ध छ ।

विशेष क्षेत्रसहित तीन तहको संरचना रहने, स्थानीय तह बलियो बनाउनुपर्ने, प्रदेश निर्माण गर्दा पहिलो आधार पहिचान र दोस्रो आधार सामर्थ्य रहने, तीनै तहका सरकारहरूको अधिकार र शक्ति बाँडफाँडको सूची संविधानमा नै रहने आदि विषयहरू नेपाली कांग्रेसको पहल र अग्रसरतामा पहिलो संविधानसभामा सर्बसम्मत रुपमा टुङ्गिएका बिषय हुन । नेपाली कांग्रेस ति बिषयहरूलाई संघीय संरचना निर्माणको सैद्धान्तिक आधारको रूपमा ग्रहण गर्दछ र सहमति जुट्न नसकेका विषयहहरुमा सन्दर्भमा आफ्ना धारणा प्रष्टताका साथ राख्न चाहन्छ । यद्यपि संविधान निर्माणका लागि समन्वय र समझदारी अपरिहार्य भएको कुरामा नेपाली कांग्रेस सचेत छ ।

**तीन तहको मूल संरचना:**

नेपाली कांग्रेसले संघीय तह, प्रादेशिक तह र स्थानिय तह गरी तीन तहको मुल संरचना निर्माण गर्नेछ । आवश्यकता परेको ठाउँमा जातीय, भाषिक, समुदायगत, सघन उपस्थितिको क्षेतर वा विशेष प्रकृतिको भौगोलिक क्षेत्रलाई साँस्कृतिक विशेषता सहितको स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र निर्माण गर्न सकिने छ ।

**प्रदेश निर्माणको आधारः पहिचान र सामर्थ्यः**

नेपाल एक बहुजातीय, वहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक, भौगोलिक विविधतायुक्त मुलुक हो । प्रदेश निर्माण गर्दा पहिचान र सामर्थ्यलाई मुख्य आधारको रूपमा लिइनेछ । संघीय संरचनाअन्तर्गत प्रदेश निर्माण गर्दा विविधतापूर्ण नेपाली समाजको जातीय, भाषिक, सांस्कृतिक र ऐतिहासिक पहिचान प्रकट गर्ने गराउने आधारसँगै प्रदेशको समृद्धि र स्वायत्त शासनका लागि आवश्यक आर्थिक-भौतिक-प्रशासनिक सामर्थ्यसमेतलाई आधार बनाइनेछ ।

| **पहिचानको आधारः** | **सामर्थ्यको आधारः** |
|---|---|
| जातीय/समुदायगत पहिचान | आर्थिक अन्तरसम्बन्ध र सामर्थ्य |
| भाषिक पहिचान | पूर्वाधार विकासको अवस्था र सम्भावना |
| सांस्कृतिक पहिचान | प्राकृतिक साधन र स्रोतको उपलब्धता |
| भौगोलिक/क्षेत्रगत निरन्तरता | प्रशासनिक सुगमता |
| ऐतिहासिक निरन्तरता | |

**अधिकार बाँडफाँडः**

केन्द्र, प्रदेश र स्थानीय सरकारको अधिकार र काम, कर्तव्यलाई संविधानमा अलग-अलग सूचीका आधारमा छुटचाइदिनेछ । यसरी कार्यक्षेत्रको विभाजन गर्दा परराष्ट्र सम्बन्ध, मुद्रा नीति, राष्ट्रिय सुरक्षालगायत प्रदेशहरूबीच समन्वय गर्नुपर्ने विषयहरू जस्तै हवाई यातायात, राजमार्ग, ठूला जलविद्युत लगायत राष्ट्रिय महत्वका आयोजनाहरू केन्द्रमा र अन्य राजनीतिक आर्थिक सामाजिक सांस्कृतिक तथा भाषिक अधिकारका साथै कृषि, वन,

शिक्षा, स्वास्थ्य, रोजगारी आदि विषयहरू प्रदेशमा र स्थानीय सरकारको तहमा रहनेछन। कतिपय माथि उर्ललिखित प्रदेश र स्थानीय तहमा भनिएका विषयवस्तु त्यसको राष्ट्रिय महत्व र स्वरूपको आधारमा केन्द्रीय तहमा रहन सक्ने छन। भन्सार, मूल्य अभिवृद्धि कर, आयकर, अन्तः शुल्कजस्ता कर राजस्व सङ्कलन केन्द्रले गर्नेछ। उक्त राजस्व केन्द्रहरू केन्द्रीय र प्रादेशिक तहमा व्यवस्थित, वर्गीकरण र बाँडफाँड गरिनेछ। घर/जग्गा सम्पत्ति कर, सवारी साधन रजिस्ट्रेसन दस्तुरलगायतका राजस्वका अन्य स्रोतहरू प्रदेश र स्थानीय सरकारसँग रहनेछन। केन्द्रीय राजस्व र अनुदानको बाँडफाँडका लागि वित्तीय आयोग गठन गरिनेछ। यसका साथै पूर्वाधार निर्माण प्रयोजनकालागि प्रादेशिक सरकारलाई ऋण परिचालन गर्ने अधिकार हुनेछ।

**बिवाद समाधान परिषद** :

संघीय सरकार र प्रादेशिक सरकार वा दुई वा दुई भन्दा बढी प्रादेशिक सरकार वा स्थानीय सरकार र प्रादेशिक सरकार र प्रादेशिक सरकार वा स्थानीय सरकारबीच अधिकारको बाँडफाड र प्रयोगका सम्बन्धमा उत्पन्न हुनसक्ने विवाद समाधानका लागि एक विवाद समाधान परिषद निर्माण गरिनेछ।

**प्रदेशको संख्या र सीमांकन** :

प्रदेश निर्माणको मूल बिषय यसको सैद्धान्तिक आधार हो। पहिचान र सामर्थ्यको आधारमा नै प्रदेश निर्माण गरिनेछ। प्रदेशहरू निर्माणका लागि नेपाली कांग्रेसले ७ प्रदेश प्रस्तावित गरेको छ। स्पष्ट छ, सामर्थ्यलाई वढि प्राथमिकता दिदा प्रदेशको संख्या थोरै हुन्छ र पहिचानलाई अलि वढि प्राथमिकता दिदा प्रदेशको संख्या अलि धेरै हुन्छ। यस विषयमा विगत ३/४ वर्षमा गहन वहस र छलफल संविधानसभा भित्र र वाहिर भएको छ। आसन्न संविधासभाको निर्वाचनको क्रममा संवादको यो प्रकृयालाई नेपाली कांग्रेस जनताको घरदैलोसम्म पुऱ्याउन चाहन्छ। आदिवासि जनजाति, मधेसी, थारु, लगायत सवै जनतासँगको सघन संवादको यो प्रकृयाबाट "**पहिचान भेटिने, जातिय द्वन्द्व मेटिने**" अर्थात सवैलाई मान्य हुने प्रदेश रचनाको प्रस्ताव संविधानसभामा नेपाली कांग्रेसले प्रस्तुत गर्नेछ। सबै दलहरुँग सहमति जुटाई प्रदेश रचनाको विषयलाई संविधानसभाको पहिलो ६ महिनाभित्र टुङ्गो लगाइने छ।

**पहिचान खुल्ने नाम**

प्रदेशको सीमाङ्कन संविधानमा नै गरिने छ तर नामाङ्कन प्रादेशिक सरकारले गर्नेछ। राज्यपुनर्संरचनाको क्रममा केही प्रदेशको मात्र नभएर स्थानीय इकाई, ग्रामपालिका र नगरपालिका सम्मका सबै निकायको पुनर्नामाङ्कन हुने हुँदा नामाङ्कनका क्रममा सबै पहिचानहरूको प्रतिनिधित्व हुनेछ। संघीय एकाईको नाम जे राखे पनि त्यो नाम कुनै भाषा, संस्कृति वा लिपिबाट नै आएको हुन्छ। विगतको नेपालको अनुभवलाई नै हेर्ने हो भनेपनि अहिले विद्यमान नामहरू कुनै न कुनै भाषा वा संस्कृतिबाट नै आएका हुन। नामलाई सापेक्षतामा हेरिनुपर्दछ। प्रत्येक प्रदेशको नामाङ्कन गर्दा त्यो प्रदेशमा आमरुपमा स्वीकार्य हुनुपर्दछ।

**बहुपहिचानयुक्त प्रदेश** :

नेपालको सन्दर्भमा सबैभन्दा तल्लो निकाय गाउँहरूको आधारभूत चरित्र नै बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक भएकाले हामीले जतिसुकै प्रदेश बनाएपनि प्रदेशहरू स्पस्टतः बहुजातीय र बहुपहिचानयुक्त नै बन्छन। पहिचान र सामर्थ्यको आधारमा बनेका यस्ता प्रदेशहरूमा मुख्य जातिको पहिचान मुखर भए तापनि प्रत्येक प्रदेश बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक नै हुनेछन। कसैले एकल जातीय वा एकल पहिचानयुक्त प्रदेश बनाउने सपना बाडेको छ भने त्यो केवल जनतालाई भ्रमित पार्नका लागि बनाइएको नारा मात्रै हो।

**बलियो स्थानीय सरकार**:

संघीयताको केन्द्रबिन्दुमा नेपाली नागरिक नै हुनुपर्दछ। स्थानीय सरकार जति स्रोत साधन र अधिकारले सम्पन्न हुन्छ, जति बलियो हुन्छ, नागरिक त्यति नै बलियो हुन्छ। संघीयकरणको नाममा जति सफ्या, जति नाम, जति आकार दिएर प्रदेश निर्माण गरे तापनि एउटा केन्द्रको ठाउँमा अरू केही थान केन्द्रहरू, केही शासकको ठाउँमा थप केही शासकहरूमात्र जन्मने हो भने त्यस्तो संघीयताको केही अर्थ रहँदैन। तसर्थ, नेपाली कांग्रेस बलियो स्थानीय सरकारको पक्षमा रहेको छ।

**अग्राधिकार र आत्मनिर्णयको अधिकार बारे :**

- जातीय आधारमा अग्राधिकार रहने छैन। जङ्गल, जमिन र जलजस्ता प्राकृतिक स्रोत साधनको प्रयोग, उपयोग, उपभोग, व्यवस्थापन र संरक्षण गर्ने कार्यमा आदिवासी तथा स्थानीय समुदायको पहिलो अधिकार सुरक्षित गरिनेछ। प्राकृतिक स्रोत साधनको व्यवस्थापन, संरक्षण र उपयोग गर्दा स्थानीय समुदायको हितलाई ध्यान दिइनेछ।
- आत्मनिर्णयको अधिकार लोकतन्त्रको मूल आधार हो। यो व्यक्तिको मौलिक अधिकार हुनुका साथै समुदायको सांस्कृतिक स्वायत्तताको अधिकार पनि हो। यो मूलतः आदिवासी-जनजातिको ऐतिहासिक थातथलोमा प्राकृतिक स्रोत र साधनमा आश्रित आदिवासी-जनजातिको उपभोग अधिकारको कानूनी सुरक्षा, प्राकृतिक स्रोत साधनको दोहन गर्नु अघि पूर्व सहमति र लाभको न्यायोचित बाँडफाँडको हकको ग्यारेण्टीसँग सम्वन्धित रहेको तथा आदिवासी-जनजातिका राजनीतिक अधिकार र हैसियत, आर्थिक विकास तथा उनीहरुको भाषा, संस्कृति, भेषभुषा, रितिरिवाज र परम्पराको संरक्षण गर्ने आइएलओ १६९ को सन्दर्भका अधिकार सम्वन्धित रहेकोले आत्मनिर्णयको अधिकार मूलतः सांस्कृतिक स्वायत्तता र प्राकृतिक स्रोत साधनमा सदियौँदेखिको आदिवासी-जनजातिहरुको निर्भरता, स्वामित्व र सामुदायिक उपभोगको हकको संरक्षणमा केन्द्रित छ भन्ने कुरामा कांग्रेस प्रष्ट छ।

**११. अबको जिम्मेवारी र दायित्व**

लोकतान्त्रिक आन्दोलनको सात दशकको यात्रामा नेपालको लोकतन्त्रले अनेकौं चुनौतीहरूका बीच भिन्न-भिन्न आयामहरू थप गर्दै, परिष्कृत र परिमार्जति हुँदै यहाँसम्म आइपुगेको छ। लोकतन्त्रको जगमा राष्ट्रियता र समाजवादको झण्डा बोकेर नेपाली कांग्रेस यो यात्रामा अनवरत रूपमा हिँडिरहेको छ। यो बीचमा शान्तिपूर्ण रूपमा जति पनि परिवर्तनका आन्दोलनहरू आए, चाहे ती सामाजिक न्यायको सन्दर्भमा हुन वा समावेशीकरणको सन्दर्भमा, पहिचानको सन्दर्भमा होस वा पहुँचको सन्दर्भमा, यी सबैलाई ग्रहण गर्दै नेपाली कांग्रेस लोकतन्त्रलाई थप परिमार्जित, परिस्कृत र समृद्ध बनाउन कृयाशील छ। प्राप्त उपलब्धिहरूलाई संविधानमा सूत्रबद्ध गर्नु आजको मुख्य कार्यभार हो। उपलर्बधिको कार्यान्वयनका लागि कानुनी तथा अन्य संयन्त्रहरू निर्माण गर्दै राज्यका निकायलगायत राजनीतिक दलहरूलाई समेत सो अनुरूप परिष्कृत गर्नु आजको दोस्रो कार्यभार हो। सोहीअनुरूप मूल्यमान्यता र अभ्यासमा व्यावहारिक परिवर्तन गर्दै लोकतान्त्रिकरणका माध्यमबाट राज्यको चरित्र र स्वरूपमा परिवर्तन गर्नु आजको तेस्रो कार्यभार हो। नेपाली कांग्रेस आफ्नै अग्रसरता र नेतृत्वमा बितेका सात दशकमा भएका उपलर्बधिहरूलाई संस्थागत गर्न, संविधानमा सूचीबद्ध गर्न, ऐन, नियम र कानुनमा परिवर्तन गर्न, सोही अनुरूप राज्य संयन्त्रहरूको निर्माण गर्न, मूल्यमान्यता र अभ्यासमा अवलम्बन गर्दै संघीय प्रणालीका माध्यमबाट त्यसलाई पूर्णता दिन पूर्ण प्रतिबद्ध र संकल्परत छ। नेपाली कांग्रेस निषेध र प्रतिशोधबाट होइन शान्ति, सद्भाव, एकता र अधिकारका दृष्टिकोण र लोकतान्त्रीकरणका माध्यमबाट यो प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन चाहन्छ। प्राप्त उपलर्वधिहरूको रक्षा गर्दै वर्गीय, जातीय, भाषिक, लैङ्गिक, साँस्कृतिक, धार्मिक, र क्षेत्रीय भेद्भावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसफ्यक समुदाय, पिछडिएका क्षेत्रलगायतको पहिचान, पहुँच, प्रतनिधित्वको

सुनिश्चित गर्दै सबै नेपालीले प्रगति, आत्मसम्मान एवं प्रतिष्ठासहितको जीवनयापन गर्न पाउने वातावरणको निर्माण गर्न नेपाली कांग्रेस प्रतिबद्ध र संकल्परत छ। यसका निम्ति नेपाली कांग्रेस निम्न पाँच '**प**' मा आधारित मान्यता अवलम्बन गर्नेछ।

११.१ **पहिचानः**

बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक, भौगोलिक विविधतायुक्त विशिष्ट अवस्था नेपालको मौलिक पहिचान हो। यो महत्वपूर्ण सामाजिक पूँजी र सुन्दरता हो। पहिचानलाई निषेध गरेर होइन सह-अस्तित्व र सवैको सम्मान वाट नै साझा नेपाली पहिचान बन्नसक्छ भन्ने नेपाली कांग्रेस ठान्दछ। नेपाली कांग्रेस नेपालको साझा पहिचानलाई इन्द्रेणीको स्वरुपमा विकसित गर्न चाहन्छ। जहाँ सवै जातजाति, भाषा, क्षेत्र र संस्कृतिको छुट्टाछुट्टै पहिचान त रहन्छ नै सबैको समष्टिगत साझा नेपाली पहिचान पनि निर्माण भएको हुन्छ। विविधतायुक्त साझा नेपाली पहिचानभित्र सबैको छुट्टाछुट्टै पहिचान सुनिश्चित हुने, सबैको सम्मान र सम्बोधन हुने, सबैको अधिकार संरक्षण भएको अवस्था नै सही अर्थमा राष्ट्रियता हो। नेपाली कांग्रेस विविधताबीचको एकता आमनेपालीको सच्चा राष्ट्रियता भन्ने मान्यताका साथ सबैको पहिचानको सम्बोधन, संरक्षण र सम्मान गर्दै साझा नेपाली पहिचान निर्माण गर्नेछ।

११.२ **प्रतिनिधित्वः**

नेपाली कांग्रेसले नेपालभित्र रहेका सवै तहमा समानुपातिक र समावेशी प्रतिनिधित्वको सुनिश्चित गर्नेछ। संविधान, कानुन, राज्यसंरचना त्यसै अनुरुप विकास गर्दै व्यवहारिक अभ्यासमा नै सवैको प्रतिनिधित्वको सुनिश्चितता गर्नेतर्फ नेपाली कांग्रेस अग्रसर रहनेछ।

११.३ **पहुँचः**

नेपाली कांग्रेस राज्यका सवै तह, सवै निकाय र सवै क्षेत्रमा सवै जाति, भाषा, लिङ्ग, वर्ग, क्षेत्र, समुदाय र समूहको समान ढङ्गले पहुँच सुनिश्चित भएको अवस्थाको सिर्जना गर्न चाहन्छ। कानुनको समान संरक्षण, व्यक्तिको स्वतन्त्रताको समान उपयोग सँगै बञ्चितिकरणमा परेकाहरूलाई सामाजिक न्यायको सुनिश्चितताका लागि राज्यद्वारा विशेष व्यवस्था र निश्चित गरीवीको रेखामुनी रहेका नागरिकहरूको उत्थान र समुन्नतिका लागि बिशेष नीति अवलम्वन गरी सवै नागरिकको पहुचको सुनिश्चितता गरिनेछ।

११.४ **प्रतिष्ठाः**

प्रत्येक व्यक्ति आफ्नो भाषाको प्रयोग गर्न, आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन, आफ्नो संस्कृति र सांस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धन गर्न, आफ्नो धार्मिक परम्परा अनुसार आस्था प्रकट गर्न आफ्नो रोजाईअनुसारको पेशा व्यवसाय गर्न स्वतन्त्र रहेको अवस्थामा नै हरेक व्यक्तिको प्रतिष्ठाको सम्मान भएको अवस्था हो। प्रत्येक व्यक्तिको प्रतिष्ठा समाजको प्रतिष्ठासँग जोडिएको हुन्छ। व्यक्तिको प्रतिष्ठाको सम्मान र संरक्षण गर्नु राज्यको दायित्व हो। बिभिन्न भाषा, जाति, संस्कृति तथा सामाजिक विविधताले भरिएको देश नेपालमा सवैको सम्मान, पहिचान र संवर्द्धनका लागि स्वतन्त्र संवैधानिक संस्थागत विकास मार्फत सवैको प्रतिष्ठाको सम्मान र संरक्षण गरिनेछ।

११.५ **प्रगतिः**

व्यक्तिको प्रगतिको आधार भनेको उसको स्वतन्त्रता हो। व्यक्तिको स्वतन्त्रतालाई कुण्ठित गरेर होइन विस्तारित गरेर मात्रै प्रगति सम्भव छ। व्यक्तिको कुनै पनि अवस्थामा स्वतन्त्रता कुण्ठित नहुने अवस्था, आफुले चाहेको पेशा, व्यवसाय निर्वाधरुपमा गर्न पाउने अवस्था र मर्यादित र समुन्नत जीवनका लागि आर्थिक संवृद्धिका न्युनतम आधारहरूको सुनिश्चितता भएको अवस्थामा मात्रै व्यक्तिको प्रगति संभव छ। नेपाली कांग्रेसले व्यक्तिगत स्वतन्त्रतालाई राजनीति स्वतन्त्रताको आधार मान्दै व्यक्तिमा रहेको क्षमतालाई पहिचान गरी राज्यले उक्त चाहना र क्षमताको पहिचान, प्रवर्द्धन, विकास, उपयोग र

कामका लागि बातावरण प्रदान गर्ने अवस्थाको सिर्जना गरी व्यक्तिको प्रगतिको आधार तय गर्नेछ ।

**हाम्रो संकल्पः हाम्रो अनुरोध**

स्वतन्त्र, निष्पक्ष र भयरहित रूपमा संविधानसभाको निर्वाचन, कांग्रेसको नेतृत्वमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको निर्माण र त्यसकै जगमा शान्ति र सवृद्धितर्फको यात्रा तय गर्नु नै आजको मुख्य राजनीतिक कार्यभार हो । राष्ट्रिय एकता, समुन्नत लोकतन्त्र, आर्थिक सवृद्धि र दिगो शान्ति नेपाली कांग्रेसको प्रमुख एजेण्डा हो । संघीय लोकतान्त्रिक गणतन्त्र नै कांग्रेसको लक्ष्य र गन्तव्य हो । लोकतन्त्रको मूल्य र मान्यता भित्र रहेर मुलुकका सबै समस्याहरूको समाधान गर्न सकिन्छ र मुलुकलाई सवृद्धितर्फ डोऱ्याउन सकिन्छ भन्ने कांग्रेसको दृढ विश्वास हो । नेपाली कांग्रेस यस घोषणापत्र मार्फत २००६ सालदेखिको संबिधानसभाबाट संविधान निर्माण गर्ने आफ्नो प्रतिवद्धतालाई मूर्तता दिन सवैलाई समन्वय गर्दै आगामी एक बर्षमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माण गरी त्यसकै जगमा समुन्नत नेपालको नयाँ यात्रा तय गर्ने संकल्प गर्दछ ।

अहिले हामी दोस्रो पटक हुन लागेको संविधानसभाको निर्वाचनको संघारमा छौं । पहिलो संविधानसभा असफलताको कारण नखोजिकन हामी दोस्रो संविधानसभाको सफलताको कामना मात्रै गरेर वस्यौ भने निश्चित हो हामी फेरी अर्को संकटमा पर्नेछौं । हामी निस्कनै नसकिने गरी राजनीतिक अस्थिरताको सुरुङ्मा प्रवेश गर्नेछौं । संख्यात्मक रुपमा नेपाली कांग्रेसको कमजोर उपस्थितिका कारण बिगतमा संविधानसभा भित्र समन्वयकारी भूमिकाको सर्वथा अभाव रहन गयो । माओवादीको निषेधको राजनीति र वदनियत, एमालेको ढुलमुले चरित्र र मधेशकेन्द्रीत दलहरूको सत्तास्वार्थका कारण लोकतान्त्रिक संविधान निर्माणको विषय प्राथमिकतामा परेन । लोकतन्त्रसँग संसयपूर्ण सम्बन्ध राख्नेहरूको नेतृत्वमा लोकतान्त्रिक संविधान बन्ने सम्भव थिएन र छैन । पहिलो संविधानसभाको असफलताले नै प्रमाणित गरीसकेको छ कि निषेधको राजनीतिमा विश्वास गर्नेहरूले सबैलाई समन्वय गरेर लान सक्ने सामर्थ्य राख्दैनन । सँधै द्विविधामा रहने र ढुलमुल गर्ने राजनीतिक दलले पनि संक्रमणकालको नेतृत्व गर्न सक्दैन । नेपाली राजनीतिमा कांग्रेस बाहेक अरु दलले सबैलाई विश्वासमा लिएर समन्वय गर्दै सबैलाई मान्य हुने विकल्प दिनसक्ने सामर्थ्य देखिएन । संविधानसभा भित्रका सवै पक्षसँग समन्वय गर्न र संविधानसभालाई सफल बनाउन संविधानसभामा नेपाली कांग्रेसको बलियो उपस्थिति अपरिहार्य छ ।

संविधानसभाबाट नेपाली कांग्रेसले एक्लै संविधान बनाउने होइन । संविधान निर्माणका क्रममा संविधानसभा भित्र रहेका शक्तिहरूसंगको समन्वयमात्र होईन, संविधानसभा बाहिर रहेका राजनीति शक्ति र समाका विभिन्न समुहसंगको संवाद पनि उत्तिकै महत्वपूर्ण छ । नेपाली कांग्रेस सवै पक्ष र शक्तिलाई समन्वय गर्ने छ, सवैसँग संवाद गर्नेछ र लोकतान्त्रिक मूल्य मान्यतालाई केन्द्रविन्दुमा राख्दै सवैलाई मान्य हुने गरी संविधान जारी गर्ने वातावरण निर्माण गर्नेछ ।

नेपाली कांग्रेसले आफ्नो नेतृत्वमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी गर्दै गर्दा कसैले पनि हारेको महशुस गर्नु पर्ने छैन, सवैको जीत हुनेछ, सवैले सफलताको अनुभुति गर्न सक्नेछन । यसवारे आश्वस्त पार्न चाहन्छौं ।

त्यसैले अवको संविधानसभा सफल वा असफल के बनाउने भन्ने निर्णय गर्ने जिम्मा फेरी एकपटक नेपाली जनताको काँधमा आएको छ । इतिहासमा विरलै मात्र यस्तो अवसर प्राप्त हुने गर्दछ, जुन समयमा लिने निर्णयले सिङ्गो मुलुकको भविष्य सयौं वर्षका लागि सपार्न वा बिगार्न सक्छ । आगामी मंसिर ४ गते नेपाली जनताले गर्ने विवेकसम्मत निर्णयमा नै नेपालको लोकतन्त्र शान्ति संवृद्धिको भविष्य अडिएको छ ।

अतः नेपाली कांग्रेस सबै नेपाली नागरिकहरूलाई **'संविधानसभा हाम्रो एजेण्डा, गणतन्त्रको स्थापनामा हाम्रो नेतृत्व, संघीयता हाम्रो प्रतिबद्धता, लोकतन्त्र हाम्रो आदर्श, शान्त, समृद्ध र साझा नेपाल हाम्रो सपना हाम्रो संकल्प'** भन्ने मूल मन्त्र लिएर संविधासभाको सफलता र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माणको सुनिश्चितताका लागि नेपाली कांग्रेसलाई मतदान गर्न हार्दिक अपिल गर्दछ ।

## खण्ड ख

# *'समृद्ध नेपाल सम्पन्न नेपाली'*

### समृद्ध नेपाल निर्माणका लागि आर्थिक–सामाजिक विकास सम्बन्धी सोच तथा नीतिहरू कृषि क्रान्ति, पर्यटन विस्तार र जलश्रोतको विकास यी तीन क्षेत्रको आधारमा औद्योगिक क्रान्तिलाई अघि वढाईने छ र दश वर्षमा समृद्ध नेपाल वनाइने छ ।

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,**

२०६२-६३ को ऐतिहासिक जनआन्दोलले मार्गनिर्देश गरे बमोजिम संविधानसभाको मूल कार्यभार संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माण गर्नु नै हो । नेपाली कांग्रेसले संविधान निर्माणका सन्दर्भमा आफ्नो धारणा र संकल्प प्रस्तुत गरीसकेको छ । तर आगामी मंसीर ४ गते हुने निर्वाचन संविधानसभाका लागि मात्र नभएर चार वर्षका लागि संसदको समेत निर्वाचन हो । बितेका सात वर्षमा प्रशस्त उपलब्धि भएका छन तर ती उपलब्धिहरू संस्थागत हुन सकेका छैनन्। विगतमा हामीले व्यवस्थापिका संसद्को भूमिकालाई प्रभावकारी बनाउन नसक्दा सुशासनको प्रत्याभूति हुन सकेन । तल्लो तहसम्म लोकतन्त्रले उपलव्ध गराएका अवसरहरू पुग्न नसक्दा जनतामा परिवर्तनको अनुभूति हुन सकेको छैन । लामो समयदेखि स्थानीय निकायको निर्वाचन हुन सकेको छैन । त्यसैले अब हामीसँग समयको सुविधा छैन । तसर्थ संविधान निर्माणको मूल कार्यभारसँगै नेपाली जनताको आर्थिक समृद्धि र विकासप्रतिको चाहनालाई मूर्तता दिनु आजको अर्को महत्वपूर्ण कार्यभार हो । नेपाली कांग्रेस २०६२-६३ को जनआन्दोलनमा जनताले व्यक्त गरेका परिवर्तनको आकांक्षालाई मूर्तरूप दिन यस घोषणापत्रमार्फत अन्तरिम संविधानले सुनिश्चित गरेका जनताका आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरू र विगतका उपलव्धिलाई संरक्षित गर्दै आवश्यक नीति, योजना र संरचना निर्माण गरी समृद्ध नेपाल निर्माणको आधार तयार गर्न र आम जनताको उन्नतिका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्दै यस घोषणापत्र मार्फत नेपाललाई समृद्ध बनाउनकालागि आर्थिक सामाजिक विकास सम्वन्धि आफ्ना नीति तथा कार्यक्रमहरू सार्वजनिक गर्दछ ।

**१. विगतको स्मरण**

- २००७ सालदेखि राष्ट्रियता, लोकतन्त्र, शान्ति र समुन्नतिका लागि लडाइँ लड्दा यो लामो कालखण्डमा नेपाली कांग्रेसले पटक-पटक उग्र वामपन्थी र उग्र दक्षिणपन्थी प्रहारहरूको सामना गर्नुपऱ्यो । राष्ट्रियता, लोकतन्त्र र समाजवादको आदर्शभित्र रहेर नेपाली कांग्रेसले दुवैखाले अतिवादलाई परास्त गर्दै अविचलित रूपमा शान्तिपूर्ण आन्दोलनको नेतृत्व गऱ्यो । यसबीचमा २०१५ देखि २०१७ सालसम्म, २०४८ देखि २०५१ सम्म र २०५६ देखिको केही कालखण्डमा मात्र नेपालमा नेपाली कांग्रेसले लोकतान्त्रिक बहुमतको सरकारको नेतृत्व गरेको थियो । अनेकन अतिवादी प्रहारहरूका वीचवाट पनि यी कालखण्डमा लोकतन्त्रको चेतनालाई जीवित राख्दै त्यसकै जगमा आर्थिक विकास र समृद्धितर्फ मुलुकलाई डोऱ्याउन गरेको प्रयत्नलाई नेपाली कांग्रेस स्मरण गर्न चाहन्छ ।

- आधुनिक नेपाल निर्माणको पहिलो क्रान्तिकारी कदम २०१५ सालमा शुरू भएको थियो । सामन्ती संस्कार र सामन्ती अर्थव्यवस्था विरुद्ध शंखघोष गरेर आधुनिक मूल्य र मान्यतामा आधारित आर्थिक-सामाजिक विकास र समाजवादी आर्थिक नीतिको सुरुआत त्यतिबेला नै भएको हो । बी.पी.कोइरालाको नेतृत्वको नेपाली कांग्रेसको सरकारले १८ महिनाको छोटो अवधिमा, आर्थिक तथा मानवीय साधनको सीमाका बावजुद समाजवादी नीति तथा कार्यक्रमअनुरूप बिर्ता उन्मूलन, राज्यरजौटा उन्मूलन, वनको राष्ट्रियकरण, सहकारी संस्थाहरूको गठन, गाउँ विकास योजनाको सुरुआत, जिल्ला विकास बोर्डको स्थापना, यातायात प्रणालीको विस्तार, कृषि विकासका लागि ठुला सिंचाई परियोजनाहरूको सुरुआत, कर्मचारी सञ्चयकोषको स्थापना, त्रिभुवन बिश्वविद्यालयको स्थापनालगायत शिक्षा, स्वास्थ्य र भौतिक विकासको क्षेत्रमा व्यापक शुरुआत गरेको थियो । त्यतिबेला नेपाली कांग्रेसले राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनका लागि पूरै राज्यसंयन्त्रलाई तरंगित बनाएको तथ्यलाई नेपाली कांग्रेस स्मरण गर्न चाहन्छ ।
- २०४६ सालको जनआन्दोलनपश्चात एक वर्षको छोटो समयमा नै नयाँ संविधान निर्माण गरी आमनिर्वाचन सम्पन्न गरेर आन्दोलनका उपलब्धिलाई संस्थागत गर्दै अर्को एक वर्षमा स्थानीय निर्वाचन सम्पन्न गरी मुलुकलाई स्थायित्वतर्फ अग्रसर गराएको थियो । विकास भनेको पूँजी र प्रविधिको लगानी गर्ने केवल प्राविधिक प्रकृया मात्र होइन, विकास मूलतः जनतालाई संगठित र सञ्चालित गर्ने एउटा सामाजिक र राजनीतिक आन्दोलन हो भन्ने मान्यताका साथ २०४८ सालमा विकासको स्पस्ट खाकासहित नेपाली कांग्रेसले संकल्प गरेको थियो ।

  > “नेपाली कांग्रेस आगामी १५ वर्षभित्र देशका बहुसंख्यक गरिब ग्रामीण किसान, मजदुर, सुकुम्वासीहरू, स-साना उद्यमी र व्यवसायीहरू, सीमित वेतनभोगी शिक्षक र कर्मचारीहरू र भू.पू. सैनिकहरू, महिला, वृद्ध¬वृद्धाहरू तथा पिछडिएका आफ्नो जातजातिका मानिसहलाई आवासकाालगि आफ्नो घर, शिक्षा दिने, लाउने खाने सुविधा, औषधीमुलो, यथोचित मनोरञ्जन प्राप्त गर्न सक्ने कमाइको स्थितिमा पुऱ्याउने संकल्प गर्दछ ।”

- आफ्नो घोषणापत्र अनुरूप कांग्रेसले काम गर्न प्रारम्भ मात्र के गरेको थियो नेकपा माओवादीका नाममा २०५२ सालमा नेपालमा हिंसात्मक द्वन्द्वको प्रारम्भ भयो जसले विकास निर्माणका कामहरू अवरुद्ध गऱ्यो । यस छोटो अवधिमा कांग्रेस नेतृत्वको सरकारले उल्लेख्य आर्थिक वृद्धि गरेको थियो भने शिक्षा, स्वास्थ्य, सञ्चार र भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा उत्साहजनको रूपले फड्को मारेको थियो । ग्रामीण जनताको स्वास्थ्य सेवामा पहुँच बढाउन एकैपटक चार हजार स्वास्थ्य चौकीको स्थापना, देशभर अस्पतालको निर्माण, स्कुल, क्याम्पस र विश्वविद्यालयको स्थापना, निजी क्षेत्रका लागि औद्योगिक लगानीको वातावरण लगायत कांग्रेसले अवलम्बन गरेको नीति तथा कार्यक्रमका कारण शिक्षा, स्वास्थ्य, सञ्चार र भौतिक पूर्वाधार निर्माण आदि निजी एवं गैरसरकारी क्षेत्रमा उल्लेख्य उपलब्धि भएका छन् । पूर्वाधारको विकास, वलीयो स्थानीय सरकार, सामुदायिक संस्थाहरूको निर्माण र विकेन्द्रीकरणका माध्यमबाट स्थानीय विकास निर्माणलाई जोड दिएकै कारण गाउँ-गाउँ सडक, खानेपानी, शिक्षा, स्वास्थ र संचारको विस्तार भएको छ ।
- २०५२ सालमा माओवादीका नाममा सुरु भएको अर्थहीन हिंसात्मक युद्ध व्यहोर्नु नपरेको भए नेपाली कांग्रेसले आफूले प्रारम्भ गरेको लोकतन्त्र र समृद्धिको यात्रालाई एउटा नयाँ गन्तव्यमा पुऱ्याउन सक्थ्यो र यतिबेला हामी विपन्नताबाट

मुक्त भएर उदीयमान राष्ट्रको रुपमा परिचय बनाइसकेका हुन्थ्यौं । नेपाली कांग्रेस यो ऐतिहासिक क्षणमा आफूले प्रारम्भ गरेका कामहरू पुरा गर्ने प्रतिज्ञा गर्दछ ।

२. **हाम्रो संकल्प**

- २०६२-६३ को जनआन्दोलनमा व्यक्त जनभावनाअनुरूप नयाँ संविधान निर्माण गर्नु संविधानसभाको मूल कार्यभार हो । नेपाली कांग्रेसको नेतृत्वको सरकारले प्राप्त उपलब्धिहरूको संरक्षण गरी संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न **सबै पक्षलाई समन्वय र सहजीकरण गर्दै एक वर्षभित्र संविधानसभा मार्फत नयाँ संविधान निर्माण गर्न आवश्यक वातावरण सृर्जना गरी समग्र संविधान निर्माण प्रकृयाको नेतृत्व** गर्नेछ ।
- नेपाली कांग्रेसको नेतृत्वको सरकारले संविधानसभा निर्वाचन सम्पन्न भएको **छ महिनाभित्रमा स्थानीय निकायको निर्वाचन** सम्पन्न गर्नेछ ।
- निर्वाचित संसदको चार वर्षको अवधिलाई कुनै पनि नाममा खेर जान दिइने छैन । संविधान निर्माणमा सहजीकरणसँगै नेपाली कांग्रेसले जनआकांक्षा अनुरूप आगामी **चार वर्षमा जनतालाई परिवर्तनको अनुभूति दिलाउने** गरी आर्थिक विकास र समृद्धिका लागि कार्यक्रमहरू द्रुत गतिमा अगाडि बढाउनेछ । **'समृद्ध नेपाल सम्पन्न नेपाली'** भन्ने मूल मन्त्र लिएर देशभित्र लगानीको वातावरण निर्माण **गरी ८ देखि १० प्रतिशतका दरले आर्थिक वृद्धि** हासिल गरिनेछ । आगामी २० वर्षभित्र नेपालई उच्च मध्यम आय समुहमा प्रवेश गराइने छ ।
- आगामी पाँचवर्ष भित्रमा प्रत्येक नेपालीको **औसत बार्षिक आय एक लाख रुपैयाँ** पुऱ्याईने छ । औद्योगि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी कुल गार्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान आगामी पांच वर्षभित्रमा १० प्रतिशत पुऱ्याईने छ ।
- कृषिमा आश्रित जनसंख्या हालको ६८ प्रतिशतबाट आगामी पाँच वर्ष भित्रमा ५५ प्रतिशतमा झारिनेछ ।
- जनआन्दोलन २०६२-६३ मा व्यक्त जनभावना, १२ बुँदे समझदारी, विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधानलगायत विभिन्न सम्झौता र समझदारीमा उल्लिखित विषयहरूको पूर्ण पालना गर्दै यो बीचमा भएका **उपलब्धिहरूको संरक्षण गर्न र संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र समावेशी राज्य संरचनाको व्यवहारिक कार्यान्वयनका लागि आवश्यक कानूनी संरचनाहरुको व्यवस्था गरिनेछ** ।
- नेपाली कांग्रेसले शान्तिप्रकृयाका बाँकी कामहरू पुरा गर्नेछ । **विगतको द्वन्द्वकालमा भएका घटनारूको सत्यतथ्य छानबिन गरी पीडितलाई न्याय र पीडकलाई सजायको सुनिश्चितता**का लागि तदारुकताका साथ पहल गर्नेछ ।
- नेपाली जनताको शान्तिप्रतिको आकांक्षालाई सम्बोधनगर्दै नयाँ राजनीतिक संस्कृतिको निर्माणका लागि आगामी दिनमा नेपाली कांग्रेसले **कुनै पनि अवस्थामा नेपाल बन्द वा कुनै स्थान विषेश बन्द जस्तो कार्यक्रम राख्ने छैन** र त्यस्ता कार्यलाई प्रोत्साहन गर्ने छैन । **बन्दलाई बन्द गर्ने** नीति कांग्रेसले लिनेछ ।
- नेपाली कांग्रेस अन्तराष्ट्रिय मञ्चमा **नेपाललाई एउटा सक्षम र प्रतिष्ठित सदस्यको रूपमा स्थापित गर्न** चाहन्छ । यसकालागि सबै राजनीतिक दलहरूसँग संवाद गरी साझा धारणा निर्माण गर्नेछ ।

३. **कांग्रेसका तीन स्तम्भ : राष्ट्रियता, लोकतन्त्र र समाजवाद**

नेपाली कांग्रेसले आफ्नो स्थापनाकालदेखि अहिलेसम्म राष्ट्रियता, लोकतन्त्र र समाजवादी मान्यताको वरिपरि आफ्ना रणनीति, कार्यनीति र कार्यक्रमको विकास गरेको

छ । आजका दिनमा यिनै तीन अवधारणा नै नेपाली कांग्रेसका आदर्श हुन र सिद्धान्त पनि हुन । विश्व राजनीतिमा आधुनिक युगका सर्वाधिक शक्तिशाली अवधारणा र मान्यता पनि यिनै हुन । तसर्थ, नेपाली कांग्रेसले आफ्नो विधानमा स्पस्टरूपमा उल्लेख गरेको छ । "राष्ट्रियता, लोकतन्त्र, समाजवादको आदर्श एवं सिद्धान्त अनुरूप संघीय गणतन्त्रात्मक राज्य, बहुलवादमा आधारित बहुदलीय व्यवस्था तथा संसदीय शासनप्रणालीको माध्यमबाट नेपालमा न्यायपूर्ण, गतिशील र शान्तिपूर्ण समाजको निर्माण गरी सामाजिक, राजनीतिक तथा आर्थिक विकास गर्नु नेपाली कांग्रेसको उद्देश्य हुनेछ ।" यिनै सैद्धानतिक प्रस्तावनामा आधारित रहेर नेपाली कांग्रेसले आफ्ना आगामी कार्यदिशा, कार्ययोजना र कार्यक्रमहरू तय गरेको छ ।

**राष्ट्रियताः** नेपाली कांग्रेस आफ्नो स्थापनाकालदेखि नै राष्ट्रियतालाई केन्द्रबिन्दुमा राख्दै आएको पार्टी हो । राष्ट्र भनेको भूगोलमात्र होइन यथार्थमा जनता हो भन्ने बी.पी.कोइरालाको भनाइलाई स्मरण गर्दै नेपाली कांग्रेस निश्चित भूगोल भित्र बसोवास गर्ने मात्र नभई विश्वको जुनसुकै कुनामा बसेको भएपनि प्रत्येक नेपालीमाझ हार्दिकता, सद्भाव, सहिष्णुता र आफ्नोपनबाट ओतप्रोत भएको सामूहिक मनोभावनालाई लक्षित गर्ने अवधारणा राष्ट्रियता हो र यसको केन्द्रबिन्दुमा जनता नै रहनुपर्दछ भन्ने ठान्दछ । नेपालभित्र र बाहिर रहेका आफ्नो क्षेत्र, वर्ग, जाति, समुदाय, धर्म, लिंग र पेशा व्यवसायमा संलग्न नेपाली विविधताबीचको एकता र सद्भावबाट विकसित सामूहिकता नै राष्ट्रियता हो । जनता र जनताको अगाडि उत्पन्न समस्यालाई सबैले मिलेर समाधान गर्ने सामूहिक प्रयत्न र त्यस प्रयत्नमा अनुभव भएको एकताको भावना, साझा सपना र संकल्प नै यथार्थमा राष्ट्रियता हो ।

नेपाली समाजलाई भावनात्मक रूपमा एक बनाउँदै हामी नेपाली भन्ने मनोभावना जागृत गराएर नेपाल र नेपालीको हकअधिकारका लागि सबै नेपालीलाई गोलबद्ध गरेको २००७ सालको क्रान्ति नै सही अर्थमा राष्ट्रियताको जागरणको प्रारम्भ थियो । त्यही क्रान्तिका कारणले नै पहिलोपटक नेपाली भत्राले धर्म, वर्ण, लिंग र जातिको विभेदरहित नेपाल राज्यभित्र बस्ने सम्पूर्ण नेपाली नागरिकलाई परिलक्षित गर्ने भावनाको सिर्जना गर्‍यो । यसर्थ नेपाली कांग्रेस राष्ट्रियताको सूत्रधार पनि हो ।

नेपाली राष्ट्रियता बहुपहिचान र बहुसांस्कृतिक विशेषतायुक्त हो । नेपाली कांग्रेस पहिचान र राष्ट्रियताका नाममा उठेका उमंग र आन्दोलनलाई लोकतन्त्ररूपी सरोवरमा समाहित गर्दै अझै सुन्दर बनाउन चाहन्छ । नेपाली राष्ट्रियता इन्द्रेणी जस्तै हो, जहाँ फरक-फरक रङको अस्तित्व त हुन्छ नै रङहरूको सामूहिक तस्बिर इन्द्रेणीको बेग्लै सुन्दरता र पहिचान प्रकट भएको हुन्छ । नेपाली कांग्रेस ***विविधताबीचको एकता आमनेपालीको साझा राष्ट्रियता*** भन्ने मान्यताका साथ सबै पहिचानलाई सम्मान र सम्बोधन गर्दा नै नेपालको राष्ट्रियता मजबुत र सुन्दर हुन्छ भन्ने ठान्दछ ।

लोकतन्त्र समावेशी भएमा मात्रै राष्ट्रियता बलियो हुन्छ भन्ने कांग्रेसको स्पस्ट धारणा छ । लोकतन्त्रसँगै मुलुकको आर्थिक विकास र समृद्धि राष्ट्रियताको अर्को पाटो हो । सबैको पहिचान, सबै पहिचानको प्रतिनिधित्व, पहुँच र प्रतिष्ठा अनि सबैको प्रगतिमा नै नेपालको राष्ट्रियताको जग अडिएको छ । जुन निषेधबाट होइन सहकार्यबाट, घृणाबाट होइन प्रेम र सदभावबाट अनि सामाजिक, सांस्कृतिक, आर्थिक विकास र राजनीति स्थायित्वबाट सम्भव छ भन्ने कांग्रेसको विश्वास हो ।

**लोकतन्त्रः** नेपाली कांग्रेस लोकतन्त्रलाई आफ्नो आदर्श ठान्दछ । लोकतन्त्रको केन्द्रविन्दुमा सर्वोपरि जनता रहेका हुन्छन् । नेपाली कांग्रेसले लोकतन्त्रका विश्वव्यापी मूल्यमान्यता एवं मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ तथा अन्तराष्ट्रिय मानवीय कानूनद्वारा व्यवस्थित र परिभाषित मानवअधिकारका सर्वव्यापी मान्यताहरूको आधारशीलामा टेकेर आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ ।

लोकतन्त्र नागरिकद्वारा स्थापना गरीएको त्यस्तो राजनीतिक प्रणाली हो जुन जनताको हितका लागि जनताद्वारा नै सञ्चालित हुन्छ र जनता नै निर्णायक भूमिकामा रहन्छन। नेपाली कांग्रेस त्यही आदर्श र समुन्नत प्रणालीको स्थापना, संरक्षण र प्रवर्द्धनका लागि सात दशकदेखि अनवरत कृयाशील छ। नेपालका सन्दर्भमा लोकतन्त्र नै अब विकल्परहित बाटो हो। यसले उपलब्ध गराउने अवसरलाई उपयोग गर्दै कसरी शान्ति र समृद्धि, पहिचान र पहुँच, प्रतिनिधित्व र सहभागीता, आय र न्याय, वृद्धि र वितरण, हिंसारहित र भयमुक्त वातावरण अनि बहुपहिचानहरू समेटिएको साझा नेपाली पहिचान सुनिश्चित गर्दै लोकतन्त्रको प्रभावकारी अभ्यास गर्ने भन्ने नै आजको हाम्रो केन्द्रीय विषय हो। व्यक्तिको स्वतन्त्रतालाई संकुचित गर्ने राजनीतिक व्यवस्थाले न त जनताको मुक्ति सम्भव छ न त समृद्धितर्फको यात्रा नै। स्वतन्त्रतालाई विस्तारित गर्दै लोकतन्त्रलाई परिष्कृत र परिमार्जति गर्दै थप समावेशी बनाउनु नै आजको अपरिहार्यता हो। लोकतान्त्रिक अभ्यासका क्रममा भएका कमजोरीलाई सच्याउँदै अझै फराकिलो र प्रगतिशील वनाउन सकिन्छ तर लोकतन्त्रको विकल्प हुन सक्दैन भन्ने कुरामा कांग्रेस प्रष्ट छ।

२००७ सालदेखि भएका लोकतान्त्रिक आन्दोलनहरूले राजनीतिक तहमा धेरै उपलब्धिहरू प्राप्त गरीसकेका छन। संघीयता, गणतन्त्र, धार्मिक स्वतन्त्रता, पहिचान र समावेशीताको सुनिश्चितता लोकतन्त्रका उपलब्धिहरू हुन। आजको लोकतन्त्रको पहिलो कार्यभार भनेको ती उपलब्धिलाई संस्थागत गर्दै नेपालको विविधताको सम्मान, सम्बोधन र व्यवस्थापन गर्नु हो।

नेपाली राष्ट्रियतालाई लोकतन्त्रसंग अलग गरेर बुझ्न सकिँदैन। जातीय बहुलता र सांस्कृतिक विविधतासहितको हाम्रो मौलिक विशिष्टतालाई स्विकार्दै यो विविधताको सम्मान र सम्बोधन गर्न नयाँ साधन, संरचना र शैलीको विकास आवश्यक छ। नयाँ संविधानमार्फत यी विषयलाई लिपिबद्ध गर्दै त्यहीअनुरूप संयन्त्रको विकास गर्ने र प्रत्येक समुदायका नागरिकलाई आफ्नो उत्थानको लागि राज्यबाट प्राप्त हुने अवसरबाट वञ्चित नगर्ने सुनिश्चितता गर्नु नै लोकतन्त्रको एउटा महत्वपूर्ण कार्यभार हो। लोकतन्त्र प्रणालीमात्र नभएर जीवनपद्धति पनि हो। यसका मूल्यहरूलाई व्यवहारमा उतार्दै सामाजिक न्याय, सहभागीता र समावेशीताको सुनिश्चिततासहित समतामूलक समाजको निर्माण लोकतन्त्रको अर्को कार्यभार हो। सबैको अधिकार, सहभागीता र समावेशीताको सुनिश्चितता गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको जगमा संस्थागत र संरचनागत सुधार गर्दै लोकतन्त्रलाई जुझारु, परिष्कृत, समावेशी गराउन सम्भव छ। त्यही समावेशी लोकतन्त्रको जगमा उभिएर आर्थिक विकास र समृद्धिको यात्रा तयगर्न सकिन्छ भन्ने कुरामा कांग्रेस स्पष्ट छ।

**समाजवादः** लोकतन्त्र र समाजवाद एकअर्कामा अन्योन्याश्रित छन। नेपाली कांग्रेस २०१२ सालमा नै लोकतान्त्रिक समाजवादी नीति अंगिकार गरी सोही माध्यमबाट समाजमा परिवर्तन ल्याउन कृयाशील पार्टी हो। यही बाटोबाट स्वतन्त्रता, समता र समृद्धि सम्भव छ भन्ने कांग्रेसको दृढ विश्वास हो। जुन समाजमा नागरिकको स्वतन्त्रता अपहरण हुन्छ वा उनीहरूको संगठनको स्वतन्त्रता पाउँदैना वा शासकवर्गले बीचबीचमा आफ्नो कार्यको लेखाजोखा गरेर अन्तिम निर्णयका लागि जनता सामुन्ने जानुपर्दैन वा जहाँ न्यायालय स्वतन्त्र छैन वा जहाँका नागरिकले राष्ट्रिय तथा अन्तराष्ट्रिय विषयमा स्वतन्त्रतापूर्वक बहस गर्न पाउँदैनन भने त्यहाँ समाजवाद पनि रहँदैन। त्यसकारण लोकतन्त्र समाजवादको अभिन्न अंग हो। स्वतन्त्रताबिना न्याय सम्भव छैन र समानता पनि हुन सक्दैन भन्ने नेपाली कांग्रेसको स्थापनाकालदेखिकै विश्वास हो। बी.पी.कोइरालाले भनेझैं नेपाली कांग्रेस समाजवादको नाममा लोकतन्त्रको हत्या गर्न सक्दैन र लोकतन्त्रको नाममा शोषणलाई स्वीकार गर्न सक्दैन। नेपाली कांग्रेसले परिकल्पना गरेको लोकतान्त्रिक समाजवादी व्यवस्था राजनीतिक स्वतन्त्रता, आर्थिक समानता र सामाजिक न्यायसहितको व्यवस्था हो।

राजनीति स्वतान्त्रतामात्र होइन सामाजिक न्यायसहितको आर्थिक स्वतन्त्रता पनि आवश्यक छ भन्ने नेपाली कांग्रेस ठान्दछ । बी. पी. कोइरालाले भन्नुभएको समाजवादको अर्थ दरिद्रताको वितरण होइन। आय र उत्पादनको वृद्धि नगरी समाजवादको लक्ष प्राप्त गर्न सकिदैन। उत्पादन, उत्पादकत्व, र लगानी अभिवृद्धि गर्न जरूरी हुन्छ, यसरी मात्र उच्च दरको आर्थिक वृद्धि हासील हुन सक्छ। यसबाट प्राप्त हुने लाभांशले मात्र समाज कल्याण, गरीवी निवारण र आर्थिक विपन्नताको अन्त्य गर्न सरकारलाई आवश्यक राजस्व प्राप्त हुनसक्छ।

नेपाली कांग्रेस लोकतान्त्रिक प्रकृयाका माध्यमबाट समाजवाद स्थापना गर्न चाहन्छ । नागरिक चेतना जगाएर, आवश्यक कानून र संरचना निर्माण र कार्यान्वयन गर्दै सामाजिक सुधार, सामाजिक न्याय र सामाजिक सुरक्षाको सुनिश्चित गर्दै न्यायसहितको सम्पन्नता र समानताको पक्षमा कांग्रेस उभिएको छ ।

नेपाली कांग्रेसले परिकल्पना गरेको समाजवादी व्यवस्थामा वर्ग, जाति, लिंग, आय, सम्पत्ति र शक्तिका आधारमा समाजमा रहेको गहिरो असमानता र सबैप्रकारका शोषणको अन्त्य, सबैलाई समान अधिकार र अवसरको प्रत्याभूति, वैचारिक बहुलता, व्यक्तिको स्वतन्त्रता र निजी सम्पत्तिको सुरक्षाको प्रत्याभूति, स्रोतमाथि हरेक नागरिकको न्यायोचित स्वामित्व, प्रगतिशील करको व्यवस्था, राज्यशक्तिको विकेन्द्रीकरण एवम् समुदायको स्वशासन तथा सबै नागरिकले आफ्नो क्षमताको उच्चतम प्रयोग गर्न सक्ने अवसरको न्यूनतम प्रत्याभूति रहेको हुन्छ । समाजवाद केवल आर्थिक पक्षमात्र नभएर मानव सभ्यता र संस्कृति पनि हो । यो एउटा जीवनपद्धति हो, जहाँ जनता सुखी रहन्छन, जहाँ जनताले समान अवसर पाउँछन, जहाँ राजनीतिक, सामाजिक र आर्थिक अवसरबाट कसैलाई बन्चित गरीदैन, उपलव्ध अवसरबाट लाभ लिन सबैलाई सक्षम तुल्याइन्छ। शारीरिक वा बौद्धिक क्षमता वा उमेरको कारणले अरूमाथि आश्रित हुनुपर्ने बर्गका लागि राज्यले विशेष व्यवस्था गर्छ । यो त्यस्तो पद्धति हो जहाँ कुनै किसिमको भेदभाव हुँदैन ।

**४. मुलुकको समग्र विकास बारे नेपाली कांग्रेसको दृष्टिकोण**

**नेपाली कांग्रेस गरिबी हैन सम्वृद्धि बाड्न चाहन्छ ।** यसका समग्र आर्थिक र सामाजिक विकासका नीति-रणनीतिहरु यसै उद्देश्यवाट निर्देशित छन् ।

**नेपाली कांग्रेस कृषि, पर्यटन, जलश्रोत र उधोगको विकाशलाई आर्थिक क्रान्तिको आधार वनाउन चाहन्छ** । कृषिको यान्त्रिकरण र व्यवसायीकरण गरिने छ । पर्यटनका क्षेत्र सेवा विस्तार र विविधिकरण गरी रोजगारीको मूलश्रोत बनाइने छ । जलसम्पदाको उपयोग गर्दा बहुउद्देश्यीय दृष्टिकोण लिइने छ । औद्योगिक विकासका लागि सहज वातावरण तयार गरिने छ । उपरोक्त क्षेत्र मा कार्यक्रम बनाउदा ठुला, राष्ट्रिय महत्वका कार्यक्रम र आयोजनाहरु तथा ससाना र स्थानीय तहमा स्थानीय जनताको सहभागीतामा छानिएका योजनाहरुलाई बिशेष महत्व दिने यसको रणनीति हो । प्रत्येक नेपालीको आधारभूत गुणात्मक स्वास्थ्य र शिक्षामा पहुँच सुनिश्चित गर्नु सामाजिक क्षेत्र को मूल उद्देश्य हो ।

**नेपाली कांग्रेस आफ्नो आर्थिक दृष्टिकोण बारे प्रष्ट छ । यसको दीर्घकालीन उद्देश्य सम्बृद्ध, आधुनिक, न्यायपूर्ण समाबेसी नेपाल निर्माण गर्नु हो** । जहाँ प्रत्येक नेपालीको जीवन सुखमय होस । प्रत्येक नेपालीले आत्मसम्मानका साथ बाच्न पाओस र नेपाली हुँ भन्दा गर्वको अनुभूति गरोस । यसको गन्तब्य समाजबाद हो, समतामुलक समाजको निर्माण हो । विश्व अर्थतन्त्रबाट लाभ लिन सक्ने, प्रतिस्पर्धा मा जान सक्ने, अर्थतन्त्रको विकास गर्नु नै नेपाली कांग्रेस को मूल उद्देश्य हो ।

**नेपाली कांग्रेसले परिकल्पना गरेको नेपालमा प्रत्येक नेपालीले आँफूले चाहेको पेशा, व्यवसाय निर्वाध रुपमा गर्न पाउने छ ।** प्रत्येक व्यक्तिमा रहेको क्षमतालाई उजागर हुनबाट रोक्ने अवरोधहरू हटाउनु यसको प्रमुख नीति हो । शिक्षा तथा शीपको कमि, पुंजीमाथिको पहुँचमा कमी, बजार पहुँचको कमी, नीतिगत अवरोध, जातीय वा भौगोलिक विभेद, लैंगिक

विभेद, शारिरिक क्षमताको कारणले हुने विभेद आदि अवरोधहरू हुन। यिनको अन्तगर्नु नेपाली कांग्रेसको मूख्य लक्ष्य हो। यसको लागि नेपाली कांग्रेसले ३ समूहलाई ( बालवालिका, यूवा तथा प्रौढ र बृद्ध) सुहाँउदो आर्थिक सामाजिक नीति ल्याउने छ। यस बारे नेपाली कांग्रेस पूर्ण प्रतिवद्ध छ। नेपाली कांग्रेसले हरेक क्षेत्रमा स्वच्छ र रचनात्मक प्रतिस्पर्धाको वातावरण तयार गरी यी लक्ष्य हासिल गर्न छ। निजी सम्पति निर्वाध प्रयोग गर्ने नेपाल भित्र जहाँसुकै स्थानान्तरण हुने स्वतन्त्रता रहनेछ। मुलुकभित्र एक ठाउँबाट अर्का ठाउँमा वस्तु तथा सेवाको बिना कुनै बन्देज ओसार-पसार गर्ने स्वतन्त्रता रहने छ।

**दिगो विकास नेपाली कांग्रेसको लक्ष्य हो**। प्राकृतिक स्रोत र साधनको प्रयोग गर्दा भावी सन्ततिको सुखपूर्वक बाच्नपाउने हकबाट कदापि वन्चित गर्नु हुदैन भन्ने नेपाली कांग्रेसको नीति हो। नेपालको प्राकृतिक र साँस्कृतिक बिबिधतालाई संरक्षण गर्दै राष्ट्रको विकास गर्न सकिन्छ र गर्नु पर्छ भन्ने नेपाली कांग्रेस को दृढ विश्वास छ।

**नेपाली कांग्रेस सरकार र बजार वीच सन्तुलित सम्वन्ध कायम गर्न चाहन्छ।** जसरी वजार व्यवस्थालाई अवरुद्ध गर्ने हस्तक्षेपकारी सरकारी नीतिहरूले आर्थिक उन्नतिलाई रोक्दछ त्यसरी नै प्रभावकारी नियमन तथा आर्थिक अवसरवाट लाभ लिन नसक्ने वर्गको प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि, संरक्षण र सामाजिक सुरक्षाको कार्यान्वयन नगर्नाले पनि आर्थिक विषमता बढाउँछ। त्यसैले नेपाली कांग्रेस विगतमा झै वजारको उपयोगिताबाट लाभ उठाउने नीति कार्यान्वयन गर्न प्रतिबद्ध छ। अस्वस्थ प्रतिष्पर्धालाई अन्त्य गर्न, आम नागरिकको आर्थिक हितको रक्षा गर्न, उपभोक्ताको हितको रक्षा गर्न, उद्यमीहरुको उद्योग-व्यवसाय संचालन गर्न पाउने हक सुरक्षित गर्न, श्रमिकहरूको कानूनी हक सुरक्षित गर्न र बजारले कुनै वर्गलाइ मात्र अनुचित लाभ पुऱ्याएको अवस्थामा त्यसको अन्त्य गर्न सरकारले समयानुकुल हस्तक्षेपकारी कदम चाल्नेछ।

**द्रुत आर्थिक विकासले बढाउन सक्ने असमानताको दूरिप्रति नेपाली कांग्रेस सचेत रहने छ।** तसर्थ आर्थिक वृद्धिको आफ्नो नीतिलाई असमानता र क्षेत्रीय असन्तुलको खाडल कमगर्ने गरी अगाडि बढाउनेछ। यसका लागि नेपाली कांग्रेसले समावेशी विकास, सामाजिक सुरक्षा, रोजगारीको सिर्जना, समान अवसरको सुनिश्चितता र पर्यावरणीय सन्तुलन एवं दिगो विकासको अवधारणालाई केन्द्रविन्दुमा राखिने छ।

**नेपाली कांग्रेसले आर्थिक वृद्धि प्रकृयालाई समावेशी बनाउनेछ**। द्रुत गतिमा हुने यस्तो आर्थिक विकासमा समाजका हरेक सदस्य सहभागी हुने छन। प्रत्येक नागरिकले आफूलाई देशको समग्र अर्थतन्त्रको एक हिस्सेदार ठान्नेछन् र मुलुकको उन्नतिमा आफ्नो स्वामित्व भएको महसुस गर्ने वातावरण निर्माण हुनेछ। विकास प्रकृयाबाट उपेक्षित वा लाभ लिन नसकेका बिपन्न समुदायलाई अर्थतन्त्रको बढ्दो आकारबाट प्रत्यक्ष फाइदा दिलाउने नेपाली कांग्रेसको प्रमुख उद्देश्य हुनेछ।

**नेपाली कांग्रेस महिलालाई आर्थिक-सामाजिक रुपान्तरणको अभियानमा मुख्य शक्तिको रुपमा स्थापित गर्न चाहन्छ।** यसकालागि औपचारिक क्षेत्रमा महिलाहरुको सहभागीता वढाउन ठोस नीति ल्याइने छ। साथै महिलाहरुलाई सहभागी हुनवाट रोक्ने सवै प्रकारका अवरोधहरुलाई समाप्त गरिने छ।

**नेपाली कांग्रेस देशबाट निरपेक्ष गरिबी पूर्ण र दिगोरुपमा उन्मूलनगर्ने प्रतिबद्धता ब्यक्त गर्दछ।** यसका लागि निजी र सहकारी क्षेत्रको अहम भूमिका छ। बिगतमा नेपाली कांग्रेसले लिएको नीति र कार्यक्रम ले नै बिगत दुइ दशकमा गरिबी झण्डै आधा हाल २३.८ मा झरेको हो। यी उपलब्धिहरु नेपाली कांग्रेसको नीतिगत सफलताको परिणाम हो।

**नेपाली कांग्रेस रोजगारीको संवैधानिक हकलाई व्यवहारमा उतार्न देशभित्र प्रत्येकलाई रोजगारीको अवसर सृजनागर्ने वातावरण तयार गर्नेछ**। प्रत्येक नेपालीलाई वार्षिक न्यूनतम सय दिनको रोजगारीको व्यवस्था सुनिश्चित गर्न प्रतिवद्ध छ। रोजगारिको लागि बाध्याताबस विदेशिने अवस्थाको अन्त्य गरिनेछ। स्वदेशमै पर्याप्त अवसर सृजना गरी

वैदेशिक रोजगारीमा जानेको संख्या क्रमश: घटाउदै लगिने छ।

**आर्थिक विकासमा निजी तथा सहकारी क्षेत्र र सामाजिक क्षेत्रको विकासमा नागरिक समाज, गैर सरकारी संस्थाहरु, सामुदायिक संस्थाहरुको भूमिकालाई नेपाली कांग्रेस बिशेष महत्व दिन्छ।** नेपाली कांग्रेसले लिएको यी सबैसंग को सहकार्यको नीतिबाट नै सहश्राब्दी विकास लक्ष्य लगायतका अन्य लक्ष लक्षहरु हासिल भएका हुन भन्ने बारेमा दुइ मत छैन। यी उपलब्धिहरुका बाबजुद समाजमा गरिबी, पछौटेपन, विभेद, ब्याप्त छन। समाजमा ब्याप्त गरिबी, पछौटेपन, विभेद, लाई निर्मुल पार्नु नेपाली कांग्रेसको उदेश्य हो। खास गरेर दलित, महिला, जनजाति, लगायत पछाडी परेका वर्गलाई माथि उचाल्नु र उनीहरुलाई सशक्त बनाउनु नेपाली कांग्रेस समाजबादी सिद्धान्तको मूल सार हो। समाबेशीताको सिद्धान्तलाई व्यवहारमा ल्यौर मात्र यो उद्धेश्य हासिल गर्न सकिन्छा। त्यसैले नेपाली कांग्रेस समाबेशी विकासको अवधारनालाई कार्यरुपमा लागु गर्न चाहन्छ। आर्थिक वृद्धि र सामाजिक न्यायलाई संग संगै सन्तुलित रुपमा अगाडी बढाउने नेपाली कांग्रेसको रणनीति हो। सार्वजनिक हित, जनस्वास्थ्य र वातावरण-प्रतिकूल नहुने गरी लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

**नेपाली कांग्रेस नेपाललाई विश्व समुदाय को एउटा सक्षम र प्रतिष्ठित सदस्यको रुपमा स्थापित गर्न चाहन्छ।** नेपाली कांग्रेस छिमेकी देशहरुमा भएको आर्थिक उन्नति र अन्तराष्ट्रिय तहका आर्थिक गतिविधिबाट नेपाल र नेपालीले पुरा लाभ लिन सकुन भन्ने एकल सोंचबाट प्रेरित छ। यसै सोचबाट नेपाली कांग्रेसको छीमेकीसंग को सम्बन्ध, अन्तराष्ट्रिय आर्थिक नीति र कार्यक्रमहरू निर्दिष्ट छन। नेपाली कांग्रेस नेपाललाई स्वदेश र विदेशमा बस्ने सबै नेपालीले गौरब गर्ने राष्ट्रको रुपमा बिकसित गर्न चाहन्छ।

**नेपाली कांग्रेस पूर्वाधार निर्माणलाई प्राथमिकता दिन्छ।** भरपर्दो सडक, रेल्वे, विमानस्थलहरु, टेलिफोनको संजाल विस्तार गरी नेपाललाई २१ औं सताब्दी सुहाउँदो आर्थिक विकासको लागि पूर्बाधार तयार गर्ने नेपाली कांग्रेसको लक्ष्य र संकल्प छ।

**नेपाली कांग्रेस नेपालमा लगानीको वातावरण तयार गर्न प्रतिबद्ध छ।** नेपाल भित्र स्वदेशी तथा बिदेशी लगानी नभइकन उत्पादन बढ्न सक्दैन, रोजगारी सिर्जना हुन सक्दैन, रोजगारी बिना विदेसिएका यूवा जनशक्ति लाई स्वदेशमा राख्न सकिदैन, राष्ट्रको अर्थतन्त्र विप्रेषण मै निर्भर गर्नुपर्ने हुन्छ, आयातित बस्तुमा भर पर्नुपर्ने हुन्छ। परिणाम स्वरुप विदेशबाट दुख गरेर कमाएको आम्दानी फेरि अर्कै देशमा फर्कन्छ। यस बास्तबिकतालाई ध्यानमा राख्दै नेपाली कांग्रेस नेपालमा लगानीको वातावरण तयार गर्न प्रतिबद्ध छ। उच्चतम आर्थिक वृद्धि हासिल गर्न स्वदेशी तथा विदेशी लगानीको अधिकतम परिचालन गरिनेछ र लगानीको सुरक्षाको प्रत्याभूति दिइनेछ उच्च दरको आर्थिक वृद्धि हासील गर्न, लगानीको सुरक्षा गर्न र लगानीकर्तालाई आश्वस्त तुल्याउन समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने दृष्टिकोणका साथ मौद्रिक तथा वित्तीय नीतिहरू तर्जुमा गरिनेछ। वित्तीय घाटालाइ उपयुक्त सीमाभित्र राखिनेछ

**देश भित्र लगानीको वातावरण तयार पार्न सकिन्छ र ८ देखि १० प्रतिशत बार्षिक आर्थिक वृद्धि हासिल गर्न सकिन्छ भन्ने नेपाली कांग्रेसको विश्वास छ।** विगतमा नेपाली कांग्रेसले नेतृत्व गरेको सरकारले यस्तो उपलब्धि हासिल गरेर देखाएका छन् र फेरि पनि गर्न सक्दछ भन्ने कुरा हामी इमान्दारी साथ आश्वस्त पर्न चाहन्छौं। नेपाली कांग्रेसले अपनाएको नीतिले मात्र यो स्तरको आर्थिक वृद्धि हासिल गर्न सक्दछ भन्ने बारे हामी मात्र हैन समग्र निजि क्षेत्र र अन्तराष्ट्रिय जगत समेत आश्वस्त छ। यसको लागि नेपाल भयमुक्त र सुशासित हुनु पर्दछ। त्यसैले नेपाली कांग्रेस नेपाललाई भयमुक्त र सुशासित राष्ट्र बनाउन चाहन्छ।

**नेपालको राजनैतिक, आर्थिक, सामाजिक, आधुनिकीकरणको नेतृत्व सदैव नेपाली कांग्रेसले लिदै आएको छ।** यस प्रति नेपाली कांग्रेस गर्व गर्दछ र नेपाली जनताले आफुप्रति

देखाएको विश्वास र आस्था प्रति आभार प्रकट गर्दछ । २००७ सालबाट नेपाली कांग्रेसले शुरु गरेको यो अभियान अझै कायमै छ । यो छ दशकभन्दा बढी समय नेपाली कांग्रेस आधुनिकता बिरोधी शक्तिहरुसंग लड्दै भिड्दै विभिन्न अवरोध पार गर्दै राष्ट्रलाई आधुनिकताको यो चरणमा पुऱ्याउन सफल भएको छ । यस दौरान नेपाली कांग्रेस राणाको सामन्ती प्रथा, राजाको एकात्मक निरकुशता समेतलाई समाप्त पार्दै नेपाली जनतालाई एक्काईसौं शताब्दी सुहाउदो सार्वभौम नागरिकको रुपमा स्थापित गर्न सफल भएको छ ।

**नेपाली कांग्रेसले आधुनिक नेपाल निर्माणको पहिलो क्रान्तिकारी प्रयास २०१५ सालमा जननायक वी.पी. कोइरालाको प्रथम जननिर्वाचित सरकारको पालामा शुरु गऱ्यो ।** नेपालमा युगौंदेखि जरा गाडिबसेको सामन्ती संस्कार र सामन्तवादी अर्थ व्यवस्थाका विरूद्ध शंखघोष गरेर आधुनिक मूल्य र मान्यतामा आधारित आर्थिक-सामाजिक सुधारको थालनी गरी समाजवादी आर्थिक नीतिको शुरूवात गर्ने पार्टी नेपाली कांग्रेस हो । जननायक वी.पी. कोइरालाको नेतृत्वको सरकारले १५ वर्षभित्र सबै नेपाली परिवारको आधारभूत आवश्यकता पुरा गर्ने सोच अगाडि साऱ्यो । प्रतिकृयावादी, सामन्ती र आधुनिकता विरोधीहरुलाई यो कुरा सह्य भएन र नेपाली कांग्रेसको सरकारलाई राजाद्वारा सैन्यवल प्रयोग गरी असंवैधानिक रुपमा वर्खास्त गरीयो, नेता कार्यकर्तालाई जेल हालियो, दमन र हत्या गरियो, यो सबै बारे नेपाली जनतालाई थाहा भएकै कुरा हो ।

**नेपाली कांग्रेस विश्वमा देखिएका नयाँ सोच र सम्भावना प्रयोग गर्न सकिने नीति लागू गर्न चाहन्छ ।** २०४८ सालमा नेपाली कांग्रेसले, तीन दशक भन्दा बढी राजाको निरङ्कुश शासनको दमन पछि फेरि निर्वाचित भइ राष्ट्रको सरकारको नेतृत्व गर्ने जिम्मा पाए पछि नयाँ आर्थिक नीति र कार्यक्रमको सुरुवात गऱ्यो जसले गर्दा राष्ट्रको विकासले जिवन्तता र गति लियो । केन्द्रीकृत र सरकारको एकाधिकारमा रहेको अर्थ व्यवस्थालाई उदार एवं जनमुखी बनायो । निजी जाँगर, उर्जा एवं पूजी प्रविधिका साथै गैरसरकारी, सरकारी एवं जन सहभागीतालाई परिचालन गर्ने उदार नीति अपनाउनुका साथै राष्ट्र विकासका विभिन्न योजनाहरु अघि सारेर काम गर्न सुरु गऱ्यो । वी.पी.को प्रजातान्त्रिक समाजवादी आदर्शलाई अनुशरण गर्दै नेपालका कुना काप्चा हिमाल-पहाड-तराई गाउँ र बस्तीहरुमा रहने जनताका आधारभूत आवश्यकता जस्तै सडक, विजुली, पानी, शिक्षा, स्थास्थ्य, संचार गाउँ-गाउँमा पुऱ्याउने अभियान चलायो ।

**नेपाली कांग्रेस विकेन्द्रीत शासन प्रणालीमा विश्वास गर्ने पार्टी हो ।** यस्ले आफू सरकारमा भएको बेला विकेन्द्रीकरण लाई मुख्य मुद्दा बनायो । स्थानीय सरकार, सामुदायिक संस्थाहरु को माध्यमबाट स्थानीय विकास निर्माणलाई अघि बढाएकै कारण आज गाउँ-गाउँमा सडक, खानेपानी, वत्ती पुगेको छ, सहभागीता मूलक विकास पद्धतिको विकास भएको छ । माओबादीको हिंसात्मक गतिबिधि ले गर्दा ती सबै उपलब्धि हरु हराउने अवस्थामा पुगेका छन । ती भौतिक संरचना तथा सुशासनका आधारहरु लाई भत्किन नदिन र भत्केको संरचनालाई पुनर्नर्मिाण गर्नु आज को मुख्य मुद्दा हो र नेपाली कांग्रेसले यस मुद्दा लाई उच्च प्राथमिकताका साथ पुरा गर्ने छ ।

**ग्रामीण जनतालाई सुख सुविधा पुऱ्याउनु नै नेपाली कांग्रेसको प्रतिबद्धता हो ।** यसले ग्रामीण जनताको स्वस्थ सेवामा पहुँच बढाउन एकै चोटी चार हजार स्वास्थ्य चौकी स्थापना गऱ्यो । देशभर अस्पतालहरुको निर्माण, स्कूल, क्याम्पस र विश्वविद्यालयहरुको स्थापना गर्न ऐन नियम संशोधन गरी निजि क्षमताको स्वदेशी-विदेशी पूँजी बृद्धिगरी औद्योगिक लगानीको वातावरण श्रृजना गऱ्यो । रोजगारी वृद्धि गऱ्यो । वैदेशिक रोजगारमा जान चाहनेहरुलाई सहज पहुँचको ब्यवस्था गऱ्यो । जिल्ला-जिल्लाबाट पासपोर्ट बाँड्ने व्यवस्था गर्यो । शिक्षा, स्थास्थ्य रोजगार क्षेत्रको अभिवृद्धि गरी सामाजिक सुरक्षाको आधार निर्माणगर्ने कार्यको जग निर्माण गऱ्यो । गरिबी, पछौटेपन र अत्यन्त कमजोर आधार भएको अर्थ ब्यवस्थालाई समृद्धि र सवलताको मार्गमा अघि सारेर जनताका न्यूनतम आवश्यकता

पुरा गर्न सक्ने, आर्थिक र सामाजिक पूर्वाधारका आधारभूत सेवाहरुमा देशका कुनाकन्दराका गाउँ घरको पहुँचमा सुनिश्चित गरी न्ययमूलक अर्थ व्यवस्थाको जग बसाल्ने तर्फ ठूला प्रयास गऱ्यो । फलस्वरुप आज निरपेक्ष गरिबीको रेखामुनी रहेका जनसंख्याको अनुपात आधा घटेको छ, आमाको मृतु दुई तिहाईले घटेको छ, शिशु मृतु दर दुइ तिहाई घटेको छ । समग्रमा जनताको जीवनस्तर बढेको छ । गाउँ शहरको मुहार फेरिदै गएको छ ।

**नेपाली कांग्रेस शहरिकरणलाई आर्थिक सामाजिक रुपान्तरणको लागि अवसरको रुपमा हेर्दछ ।** शहरहरु आर्थिक उन्नतिका मेशिन हुन । नेपाल द्रुत गतिमा शहरिकरण हुँदै छ । आगामी १५ वर्षमा झण्डै आधा नेपाली जनसंख्या शहरमा बस्ने अनुमान छ । साथै यसले उत्पन्न गर्न सक्ने क्षेत्रीय असन्तुलन र गाउँ शहर बीचको सामाजिक आर्थिक असमानतालाई नेपाली कांग्रेस व्यवस्थित रुपमा समाधान गर्न सकिन्छ भन्ने विश्वास गर्दछ । नेपाली कांग्रेस बिशेष कार्यक्रमद्वारा यस्ता असमानता घटाउन प्रतिबद्ध छ ।

**नेपाली कांग्रेस राष्ट्रमा बिद्यमान क्षेत्रीय असंतुलनलाई पूर्णरुपमा हटाउन प्रतिबद्ध छ ।** यसको लागि सबै क्षेत्रमा यातायातको संजाल विस्तार गरिने छ र पुर्व पचिम र उत्तर दक्षिण जोडने राजमार्गहरुमा ठाउँ ठाउँमा नयाँ शहरहरु स्थापित गरिनेछ । यी शहरहरुलाई आर्थिक केन्द्रको रूपमा विकसित गरिने छ र वरिपरि बजार केन्द्र स्थापित गरिनेछ । मध्य पहाडी राजमार्गमा सुरुगरीएको दश नयाँ सहरहरुलाई बिशेष महत्वका साथ विकास गरिने छ ।

**नेपाली कांग्रेसले मात्र आफ्नो उदार र खुला नीतिद्वारा राष्ट्रलाई विकासको बाटोमा द्रुतगतीमा अगाडी बदाउन सक्दछ ।** नेपाल विश्व समुदायको एक सदस्य भएकोले बिश्वमा भएको परिवर्तन, नयाँ सोच, आविस्कार, ज्ञान सबै बाट प्रभावित नभई रहन सक्तैन । त्यसैले नयाँ नयाँ आविष्कार, नयाँ ज्ञान, नयाँ प्रविधि, नयाँ सोचको नयाँ परिवेशको आधारमा समाजमा नयाँपन दिदै अगाडी बढाउन नेपाली कांग्रेस प्रतिवद्धछ ।

**नेपाली कांग्रेस मुलुकमा आधुनिकीकरण र अर्को चरणको औद्योगिकरण गर्न अग्रसर छ ।** यो दोश्रो संबिधान सभा मुलतः राष्ट्रको राजनैतिक मुद्दाको छिनो फानो गर्ने उद्देश्यबाट बन्दै छ त पनि यो समय आर्थिक र सामाजिक रुपान्तरणको लागि एउटा अवसर हो भन्ने मान्यता राख्दछ । नेपाली कांग्रेस मुलुकमा आधुनिकीकारण र अर्को चरणको औद्योगिकरण गर्न चाहन्छ । बिगतमा आफूले लिएका आर्थिक नीतिहरुको सफलता, असफलतालाई केलाउदै तिनीहरुबाट सिकेको पाठलाई उपयोग गर्दै पुनऔद्योगिकरणको अभियान शुरु गरिनेछ । नेपाल अर्को स्तरको औद्योगीकरणकोलागि तयार छ । यीनै उद्देश्य र प्रतिबद्धतालाई पुरा गर्न नेपाली कांग्रेसले आर्थिक सामाजिक क्षेत्रमा लिने नीति र कार्यक्रम हरुको झलक तल प्रस्तुत गरेका छौं ।

**वातावरण संरक्षण नेपाली कांग्रेसको सजगता र प्राथमिकता हुनेछ ।** नेपाली कांग्रेस विकासका क्रममा र शहरी करणका क्रममा उत्पन्न हुने वातावरणीय समस्यावाट मानवलाई जोगाउने, मानवजाती र प्राणीमात्रलाई सुख र सुविधा सम्पन्न जीवन उपलव्ध गराउने कुरामा सदैव सजग रहनेछ । प्रकृतिमैत्री विकास नेपाली कांग्रेसको प्राथमिकता हुनेछ ।

**नेपाली कांग्रेस परनिर्भरता घटाउँदै लाने कुरामा प्रतिवद्ध छ ।** करको आधारलाई विस्तार गरी स्वेच्छाले कर तीर्ने वानी वसालिने छ । राजस्वका अँन्तरिक स्रोतहरू सुदृढ गरी वैदेशिक सहायतामाथि निर्भरता क्रमश कम गर्दै लगिनेछ । राष्ट्रिय प्राथमिकताका कार्यक्रमहरू र आर्थिक पूर्वाधार निर्माणमा बैदेशिक सहयोगको रकम उपयोग गरिनेछ ।

**सार्बजनिक सम्पति माथि हुने अतिक्रमण र कब्जालाई पूर्ण निरुत्साही गर्दै तीनीहरुको संरक्षण गर्ने नेपाली कांग्रेस प्रतिबद्धता छ ।** कुनै पनि बहानामा हुने सार्बजनिक जमिन, खोला नाला, बन, आदि को माथि को अतिक्रमण पूर्ण निरुत्शहित गर्ने छौं । यस उद्देश्य प्राप्तिको लागि जमिन माथिको अधिकार र उपयोग बारेको वर्तमान उपभोग नीति, ऐन

कानूनमा परिमार्जन गर्ने छौं। विद्यमान सम्पति अधिकरण ऐनलाई समय सापेक्ष बनाउने छौं।

**नेपाली कांग्रेस सुशासनको प्रतिवद्धता व्यक्त गर्दछ**। सुशासनको प्रवर्धन, आर्थिक अपराध तथा भ्रष्टाचार नियन्त्रणका लागि संस्थागत क्षमता सुदृढ तुल्याइनेछ। नागरिक समाज, संचार माध्यम र पत्रकारहरूको समेत सहयोग र सहभागीतामा सरकारी कामकाजको सार्वजनिक उत्तरदायित्व र पारदर्शीता सुनिश्चित गरिनेछ।

**नेपाली कांग्रेस लोकतन्त्रलाई आधुनिक प्रविधिबाट रुपान्तरण गर्न चाहन्छ।** त्यसैले यसबाट विद्युतीय मतदान, सूचनाको पहुँच, नीति निर्माणमा आम नागरिकको सहभागीता, पारदर्शीता र जवाफदेहिता प्राप्त हुन्छ।

**नेपाली कांग्रेसले शुसासनका दृष्टिले सार्वजनिक सेवा प्रदाय निकायहरुलाई तल्लो तहसम्म शक्तिको पूर्ण निक्षेपण गर्नेछ।** स्थानीय स्वायत्त शासन ऐन र नियमलाई अझ परिमार्जन गरी अधिकारको निक्षेपीकरणलाई वस्तुपरक र एकिन गरिने छ। खासगरी जग्गादर्ता, नागरिकता प्राप्ति र राहदानीको सिफारिस प्रत्येक गाउ विकास समिति र नगरपालीकाको वडा तहमा अधिकृत तहको कर्मचारीको व्यवस्था गरी सेवा उपलव्ध गराउने व्यवस्था मिलाईनेछ।

## ५. क्षेत्रगत नीति तथा कार्यक्रमहरू

### ५.१ निजी क्षेत्र र लगानीको वातावरण

- आर्थिक गतिविधी र रोजगारी सिर्जनामा निजी क्षेत्रको भूमिका प्रमुख हुने छ। निजी क्षेत्रलाई आर्थिक उन्नति इन्जिनको रुपमा विकास गरिने छ। स्वच्छ प्रतिस्पर्धा प्रवर्द्धन, प्रशासकीय सरलीकरण, संस्थागत सुशासनको प्रवर्द्धन, आवश्यक पूर्वाधारको विकास एवं अत्याधुनिक प्रविधिको अवलम्वन गर्न प्रोत्साहन गर्नु नै निजी क्षेत्र विकास सम्वन्धि नीतिगत सुधारको मुख्य आधार हुनेछ।
- बन्द हड्ताल जस्ता गतिविधीबाट निजी सम्पत्तिमा क्षति पुगेमा त्यस्तो गतिविधी गर्नेहरुबाट आर्थिक क्षतिपूर्ती गर्नुपर्ने कानूनी प्रबन्ध गरिनेछ।
- उद्योगी व्यवसायीहरुलाई आर्थिक योगदान वा चन्दा दिन वाध्य पार्ने वा भौतिक वा मानसिक दवाब दिनेलाई कडा कारवाही गर्ने कानूनको निर्माण गरी लागु गरिने छ।
- पूँजी बजार विकास गरी उद्यमीहरूलाई बजारबाट पूँजी जुटाउन सहज बनाइनेछ। औद्योगिक तथा सेवा व्यवसाय संचालन गर्ने प्रतिष्ठानहरूमा सर्वसाधारणको लगानी गर्न र पूंजी बजारलाई गतिशील बनाउन सार्बजनीक शेयर निष्काशन गर्न प्रेरित गरिनेछ।
- कृषि तथा वनजन्य वस्तुहरूको प्रशोधन, जलविद्युत उत्पादन, पर्यटन पूर्वाधारको निर्माण, सूचना प्रविधि तथा सेवा क्षेत्रको विकास, निर्यातमुखी वस्तु तथा सेवा उत्पादनमा स्वदेशी उद्धमी तथा लगानी कर्ता समेतको सहभागीता प्रवर्धन हुनेगरी बैदेशिक लगानी भित्र्याइने छ। बैदेशिक लगानीको सुरक्षाको प्रत्याभूति गरिनेछ।

### ५.२ सहकारी क्षेत्र

- सहकारीलाई लोकतान्त्रिक अभ्यास, आर्थिक समृद्धि र गरिवी निवारणको पुरक माध्यमको रुपमा विकास गरिनेछ। कृषि क्षेत्रमा सहकारीको अहम भूमिकालाई विस्तार गरिने छ। कृषि उत्पादन वृद्धि, कृषि उत्पादनको प्रशोधन तथा वजारीकरण, ग्रामीण वचत परिचालन तथा कर्जा प्रवाहमा सहकारीको भूमिका बढाइने छ।
- फलफूल, चिया, मह, दुध, अलैंची, अदुवा, मासुजस्ता किसानहरुकै सहकारी स्वामित्वमा रहने प्रशोधन केन्द्रहरु स्थापना गर्न सरकारले पूजीगत अनुदान दिने छ।
- ग्रामीण क्षेत्रमा केन्द्रीय ग्रिडबाट बिद्युत वितरण गर्न उपभोक्ताहरुको सहकारीहरुलाई स्थानीय वितरण लाइन निर्माण गर्न पूंजीगत अनुदान सहयोग गर्ने निति ल्याइने छ।
- तरकारी, फलफूल तथा पशुधनको थोक बजार संचालन गर्न प्रत्येक नगरपालिका क्षेत्रमा कृषक पूर्बाधार निर्माण गरिनेछ। यसले किसानहरुको सहकारीलाई सहयोग गर्नेछ।

### ५.३ कृषि र भूमिसुधार

- कृषिको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गरी कृषिको व्यवसायीकरण गर्दै कृषिमाथि आय तथा रोजगारीका लागि आश्रित जनसंख्या कम गर्नु कृषि विकासको मूल रणनीति हुनेछ।
- कृषिलाई आकर्षक पेशाको रुपमा विकास गर्न कृषि-सहयोगी पूर्वाधार विकासमा

सरकारको लगानी बढाइने छ र कृषि प्रविधिको यान्त्रिकीकरण गर्न सहयोग पुऱ्याइनेछ। कृषि पेशामा शिक्षित युवालाई आकर्षित गरी व्यवशायिक कृषिमा जोड दिईने छ। कृषि क्षेत्रबाट विस्थापित हुने जनशक्तिलाई अन्य उत्पादनशील काममा लाग्न तालीम तथा शिप अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।

- सार्वजनिक, निजी, सहकारी साझेदारीमा आगामी ५ वर्ष भित्र कम्तीमा एउटा रासायनिक मल कारखानाको स्थापना गरिनेछ। प्राङ्गारीक मलको औद्योगिक उत्पादनका लागि सहकारी संस्था तथा निजी क्षेत्रलाइ अनुसन्धान, प्रविधि तथा आवश्यकता अनुसार पुँजीगत लगानीमा सहयोग गरिनेछ।
- विदेशमा श्रमशक्तिको रुपमा कार्य गर्न गएका युवाहरु फर्केर आउदा सिपसहित आउने भएकोले त्यसको फाइदा उठाइ देशमै व्यवसाय गर्ने बनाउन साना किसान विकास बैंक र सहकारीहरु मार्फत पहल गरिने छ।
- युवाहरुको वैदेशिक रोजगारी प्रतिको आकर्षण र कृषिक्षेत्रमा श्रम शक्ति अभाव हुदै गएको सन्दर्भमा साना खेती तथा युवा मैत्री यान्त्रिकिकरण उपयोगमा जोड दिइ प्रविधि उपलब्ध गराउन सहजिकरण गरिने छ।
- कृषि उत्पादकत्व वृद्धि गर्न उन्नत प्रविधि, उन्नत बिउबीजन, मेसिनको प्रयोग, सिंचाई, बजार-स्थल विकास र कृषकहरुलाई कृषि उत्पादन बजारीकरण गर्न सहयोग पुऱ्याइने छ। कृषि उत्पादन वजारीकरण गर्न प्रत्येक जिल्लामा बाह्रैमास चल्ने कृषि सडकको निर्माण अभियान चलाइनेछ।
- प्राङ्गारिक खेतिलाई प्रोत्साहन गर्न विभिन्न प्राविधिक, आर्थिक, बजारको पहुँच र अन्य सुविधा दिईन छ।
- एक गाउँ एक उत्पादन तथा एक जिल्ला एक विशेष कार्यक्रमलाई जोड दिई प्रत्येक जिल्लामा विशेष खालको कृषि प्रसार सेवा विस्तार गरिनेछ।
- कृषि अनुसन्धानमा सार्बजनिक लगानी बढाइने छ र निजी क्षेत्रलाई पनि अनुसन्धानमा लाग्न उत्प्रेरित गर्न परिणाममा आधारित अनुदान दिइने छ। नेपाललाई उच्च-पहाडी कृषि अनुसन्धानको अन्तराष्ट्रिय केन्द्रको रुपमा विकास गरिनेछ।
- आगामी पाँच वर्षभित्रमा नेपाललाई मासु, माछा, दुग्ध-पदार्थ, फलफुल, मह, स्याउ, च्याउ, चिया, कफी, अदुवा र तरकारीको खुद निर्यात मुलुकको रुपमा उभ्याइने छ।
- कृषि उत्पादनको निर्यात प्रवर्द्धन गर्न गुणस्तर प्रमाणीकरणका लागि काठमाण्डौ, विराटनगर, विरगंज, भैरहवा र नेपालगंजमा अत्याधुनिक प्रयोगशाला स्थापना गरिनेछ।
- उच्च-पहाडी तथा हिमाली क्षेत्रमा स्याउ, कागती बदाम, खेति, ऊन र मासुका लागि पशुपालन अभियानका रुपमा संचालन गरिनेछ।
- मध्य-पहाडी क्षेत्रमा कफी, चिया, अलैंची, सुन्तला प्रजातिका फलफुल, केराखेती, अदुवा, किवि फल र मकै तथा गहुँ खेती अभियानका रुपमा संचालन गरिनेछ।
- खाद्यान्न वालीको उत्पादकत्व वद्धि गर्ने र वाली स्याहार्नेक्रममा हुने क्षति कम गर्नकालागि प्रविधि विकास तथा प्रसारमा जोड दिईने छ।
- सरकारले किसान साझेदारीमा प्रतिकुल मौसम तथा व्यापक रोगव्याधिको कारणले हुने कृषि उत्पादन क्षतिको बीमा र पशुपंक्षी पालन व्यवसायको बीमा

गरिनेछ ।

- भू-उपयोग ऐनको प्रभावकारी कार्यान्वयन गरिने, कृषि कार्यका लागि तोकिएको जमिनमा अन्य कार्य गर्न निषेध गर्दै लगिने छ ।
- नेपालबाट लोप भइसकेका तर अन्तराष्ट्रिय जीन बैंकमा रहेका नेपाली स्थानीय बालीका जातहरु राष्ट्रिय जीनबैंकमा ल्याइने छ ।
- बीउबिजन भण्डारण गर्ने, पुनःप्रयोग गर्ने, साटासाट गर्ने लगायतका कृषकको अधिकारहरुद्वारा संरक्षण गरिने कानून ल्याइने छ ।
- आनुवंशिक श्रोतको व्यवसायिक उपयोगमा स्थानीय कृषक समुदायको हक स्थापित गरिने कानून ल्याइने छ ।
- वैज्ञानिक भूमि सुधारका लागि भूमिको परम्परागत प्रयोगका प्रचलन, भूमि सुधार आयोगका प्रतिवेदन, बसाईसराईको पद्धति र विज्ञ एवं कृषकको राय सल्लाहलाई प्राथमिकतामा राखी कृषिमा भू-उपयोगको नीति अवलम्बन गरिनेछ ।

**५.४ सिंचाई तथा जलाधार संरक्षण**

- नेपाली कांग्रेस खेत-खेतमा सिंचाई पुऱ्याउने मूल ध्येयका साथ हालको बाह्रैमास सिंचाई हुने कृषियोग्य भूमिको ३६ प्रतिशत अंशलाई बढाएर आगामी पांच वर्षभित्रमा ५० प्रतिशत भूमिमा वर्षैभरी सिँचाइ सुबिधा पुर्याउन पूर्वाधार निर्माण गरिनेछ ।
- सिंचाई सुबिधा पुग्न नसक्ने भनि बर्गीकरण गरीएको नौं लाख हेक्टर जमिनमा पानि संचय र किफायती उपयोगक बैकल्पिक आधुनिक प्रविधि प्रयोग गरी सिँचाइ पुऱ्याउन विशेष कार्यान्वयन संयन्त्र निर्माण गरिनेछ ।
- कम्तिमा दुई वटा अन्तर जलाधार जल स्थानान्तरण आयोजनाको प्राविधिक अध्ययन सम्पन्न गरी कार्यान्वयन प्रारम्भ गरिनेछ र तराइको सम्पूर्ण खेतीयोग्य जमिनमा बाह्रैमास सिंचाई उपलव्ध गराउने गुरु योजना तर्जुमा र कार्यान्वयन गरिनेछ। सिंचाई योजना कार्यान्वन गर्दा जल उत्पन्न प्रकोप न्युनिकरण प्रविधि संग-संगै कार्यान्वयन गरिनेछ। नेपालभरी जलाधार संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।
- तराईको २० लाख हेक्टर जमिन वाह्रैमास सिंचाई व्यवस्था गर्न, नदिमा तटवन्धन गर्न र वन व्यवस्थापन गर्न विशेष प्राथमिकतामा राखी सोही अनुसार वजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

**५.५ पर्यटन**

- आगामी दस वर्षमा नेपाल आउने बाह्य पर्यटकहरूको संख्या २५ लाख पुऱ्याउने दृष्टिकोण लिई काम गरिनेछ। संख्यात्मक भन्दापनि गुणात्मक वृद्धिमा जोड दिईने छ ।
- सुदूरपश्चिम तथा मध्यपश्चिम र तराईका धार्मिक तथा मनोरमस्थलहरुमा पर्यटकीय पूर्वाधार विकास गरी नयाँ पर्यटकीय गन्तव्य विकास गरिनेछ। नयाँ पर्यटकीय आकर्षणका रुपमा खेल पर्यटन, चिकित्सा पर्यटन र चलचित्र निर्माण पर्यटन जस्ता क्षेत्रको प्रवर्धन गरिनेछ ।
- पर्यटन क्षेत्रलाइ युवा रोजगारी सिर्जना र विदेशी मुद्रा आर्जनको प्रमुख स्रोतको रुपमा विकास गर्ने सोचका साथ नेपाललाई आध्यात्मिक पर्यटन, पर्वतीय तथा साहसिक पर्यटनको विश्व गन्तब्यको रूपमा स्थापित गर्न पूर्वाधार सुधार र विस्तार गरिने छ ।

- लुम्बिनी क्षेत्रका सबै धार्मिक, पुरातात्विक तथा पर्यटकीय स्थलहरूको पूर्वाधार विकास र वृहतर लुम्विनि क्षेत्र विकासका लागि प्रत्येक वर्ष आवश्यक बजेट विनियोजन गरिनेछ ।
- बागमती नदीलाई स्वच्छ बनाउनुको साथै पशुपति क्षेत्रको पूर्वाधार सुधार र शवदाह लगायतका संरचनाका काम सम्पन्न गरिनेछ ।
- सबै धार्मिक स्थलहरूलाई आध्यात्मिक पर्यटनका केन्द्रहरूको रूपमा विकास गर्न "धार्मिक स्थल पूर्वाधार विकास प्राधिकरण" खडा गरिनेछ। प्राधिकरणको कोषमा प्रत्येक वर्ष नेपाल सरकारले निश्चित रकम योगदान गर्ने छ र धार्मिक स्थलहरूमा भक्तहरूले चढाएको भेटी पनि सोही कोषमा जम्मा गरेर पूर्वाधार विकास गर्नका लागि खर्च गरिनेछ ।
- पर्यटन विस्तारको लागि नेपालको जस्तै सस्कृति भएका देशहरु जस्तै लाओस, कम्बोडिया, थाईल्याण्ड, बर्मा, दक्षिण भारत आदि विशेष कार्यक्रमहरु गरिने छ । नेपाल र यी देशहरुको नयाँ वर्ष मनाउने दिन एउटै पर्दछ ।

**५.६ उद्योग**

- विगतमा नेपाली कांग्रेसले लिएको औद्योगिकरणको नीतिको सफलता असफलताबाट सिकेको पाठलाई प्रयोग गरी पुनः औद्योगिकरणको अभियान थालिने छ । यस अभियान अन्तर्गत बन्द गरिएका पुराना सरकारी संस्थानहरुको सम्पत्ति सम्भावना भएका क्षेत्र उद्योग एवं सेवा जस्तै विश्वविद्यालय, हस्पिटल, तालिम केन्द्रका लागि उपयोग गरिने छ ।
- औद्योगिक सुरक्षा, पूर्वाधार विकास, नितिगत स्थायित्व, सुसासन एवं सरकार निजी क्षेत्र र मजदुर युनियनहरु समेतको सहमतीमा औद्योगि शान्ति स्थापना गरी लगानी आर्कषक वातावरण सिर्जना गरिनेछ ।
- औद्योगिक विकासको मुल उद्देश्य निर्यात प्रर्वधन, स्थानीय कच्चा पदार्थको उपयोग र लाभदायी रोजगारी सिर्जना हुनेछ ।
- निजी क्षेत्रलाई मूल्य अभिवृद्धि, रोजगार सिजृना, अनुसन्धान एवं विकाशको आधारमा अनुदान/प्रोत्सान दिने व्यवस्था गरिने छ ।
- निर्यात-प्रवर्धनका लागि औद्योगिक क्षेत्रहरु भित्रै सुक्खा बन्दरगाहको निर्माण र संचालन गरिनेछ। प्रत्येक प्रदेशमा कमतिमा एक औद्योगिक क्षेत्र तोकी औद्योगिक पूर्वाधार विकास गरिनेछ ।
- पानी नेपालको प्रमुख श्रोत भएकोले हिमालको पानी प्रशोधन गरी खाडी मुलुकमा निर्यात गर्ने व्यवस्थाको शुरुआत गरिने छ ।
- ग्रामीण स्वावलम्वन कार्यक्रम मार्फत नेपाली कांग्रेसले पहिलोचोटी सवै गाउँ विकास समितिलाई रु. ५०,०००।- (रु. पचास हजार) अनुदान उपलव्ध गराउन शुरु गरेको र देशका चारै हजार ग्राम विकास समितिमा एकैसाथ स्वास्थ्य उपचौकि र निर्वाचन क्षेत्रमा स्वास्थ्य केन्द्र लागयत प्रत्येक गाउँमा बाटो, विजुली, पानी, शिक्षा, स्वास्थ्य संस्था र लगायतका पूर्वाधार विकास अभियान थालेको थियो । त्यसलाई निरन्तरता दिंदै गरीवसँग विश्वेश्वर, महिला जागृति आय आर्जन लगायतका कार्यक्रमलाई निरन्तरता दिने प्रण गर्दछ र प्रत्येक ग्राम विकास समितिलाई नेपाली कांग्रेस सरकारले शुरु गरेको सो अनुदान रकमलाई वृद्धि गरी क्रमशः १ करोडसम्म पुऱ्याइनेछ ।

**५.७ सडक पूर्वाधारः**

- सबै गाउँमा बाह्रैमास चल्ने सडक पुऱ्याउने, कृषि उत्पादनको बजारीकरणलाइ सहयोग गर्ने, बस्तु ढुवानीको लागत कम गर्ने, औद्योगिकरणलाई विस्तार गर्ने, खानी, जलसम्पदा जस्ता प्राकृतिक सम्पदाको लाभदायी उपयोग गर्ने, पर्यटन प्रवर्धन गर्ने, राष्ट्रिय सीमाको सुरक्षा गर्ने सोचबाट नेपाली कांग्रेसको सडक संजाल विकास कार्यक्रम निर्देशित हुनेछ ।
- प्रत्येक ग्राम विकास समितिसम्म कालोपत्रे मोटर-बाटो पुऱ्याउने दीर्घकालिन दृष्टिकोण लिई सबै ग्राम विकास समितिलाई जोड्ने सडकलाई सबै मौसममा चल्न सक्ने स्तरको बनाइने छ ।
- सडक संजालको विस्तार र स्तरोन्नति गर्दा आर्थिक कृयाकलाप स्वास्थ्य सेवा, शिक्षा तथा अन्य सामाजिक सेवासँग संयोजन गरी गरिनेछ ।
- प्रत्येक जिल्ला सदरमुकाम जोड्ने सडक लाइ कालोपत्रे गरिने छ ।
- अगामी पाँच वर्षभित्रमा हुलाकी राजमार्ग, मध्य-पहाडी राजमार्ग, र काठमाण्डौं निजगढ द्रुरुतमार्गको निर्माण सम्पन्न गरिने छ । काठमाडौं-पोखरा राजमार्गलाई चार-लेनको द्रुत-मार्गमा विकास गरिनेछ । दक्षिण भारतीय सिमाना देखि उत्तर चिनियाँ सिमानासम्म जोड्ने ५ वटा उत्तर-दक्षिण राजमार्ग निर्माण गरिनेछ । यस्ता राजमार्ग न्युनतम दुइ लेनका हुनेछन । अगामी दश बर्ष भित्रमा थप तीन वटा गरी जम्मा ८ वटा उत्तर-दक्षिण राजमार्गहरु नेपाल , चिन पारवहन मार्गक रुपमा संचालनमा आउने छन ।
- कुनैपनी विद्यालय वा स्वास्थचौकीको पहुँच कम्तीमा झोलुङ्गेपुलबाट आधा घण्टाको दूरीमा राखिनेछ । मोटर चल्नसक्ने स्थानमा रहेका झोलुंगेपुलहरुलाई क्रमिक रुपमा मोटरेबल पुलहरूले विस्थापन गर्दै लगिनेछ ।
- सवै टुईन र रोपवेहरुलाई विकास गरी सुरक्षित बनाईने छ र आवश्यक स्थानमा टुईनहरुलाई झोलुङ्गेपुलबाट बिस्तापित गरिनेछ ।
- यातायातसँग सम्वन्धित उस्तै प्रकृतिका काम भएका विभाग (यातायात व्यवस्था विभाग, सडक विभाग, हवाई विभाग) लाई एउटै छातामुनी राख्ने व्यवस्था गरिने छ ।
- डिजेल र पेट्रोलको खपतलाई दृष्ट्रिकोण गरी भारतीय सिमाना देखि काठमाण्डौसम्म तेल आयात गर्ने पाईपलाई तदारुपताका साथ निर्माण गरिने छ ।

**५.८ हवाई–यातायात**

- आगामी पाँच बर्ष भित्रमा दोस्रो अन्तराष्ट्रिय बिमानस्थल र बिराटनगर, पोखरा, जनकपुर, भैरहवा, नेपालगञ्ज र धनगढीमा दक्षिण एशियाली मुलुक भित्र उडान भर्न सक्ने क्षेत्रीय विमानस्थल निर्माण सम्पन्न गरिनेछ । काठमाडौं स्थित अन्तराष्ट्ररिय विमानस्थलमा दोस्रो धावनमार्ग निर्माण र टर्मिनलको आधुनिकीकरण तथा क्षमता विस्तार गरिनेछ ।
- पर्यटन प्रवर्धन, बिकट हिमाली तथा पहाडी क्षेत्रमा पहूँच विस्तार र राष्ट्रिय सुरक्षा सुनिश्चित गर्ने दृष्टिकोणका साथ नेपाली कांग्रेसले हवाई यातायात विकास कार्यक्रम संचालन गर्नेछ ।
- आगामी पाँच बर्षभित्रमा काठमाडौं उपत्यकाको लागि बैकल्पिक आन्तरिक बिमानस्थल निर्माण सम्पन्न गरिनेछ । आगामी पाँच बर्ष भित्रमा नेपालभरीका सबै विमानस्थलहरुको धावनमार्ग कालोपत्रे गरिनेछ ।

- सबै विमानस्थल व्यवस्थापनमा आधुनिक व्यवस्थापकीय शैलीको प्रयोग गरिनेछ ।
- नेपाल वायुसेवा निगमलाई व्यवस्थित गरिनेछ ।

**५.९ रेलमार्ग**

- आन्तरिक व्यापारको लागत कम गर्ने, नेपाललाई भारत र चीनबीचको पारवहनपुलको रुपमा विकास गर्ने र बढी मानवीय आवगमन हुने भौगोलिक क्षेत्र तथा शहरमा द्रुतगतिको मास ट्रान्सपोर्टको व्यवस्था गर्ने सोंचबाट रेलमार्ग विकास कार्यक्रम निर्देशित हुनेछ ।
- रेलमार्ग निर्माणको काम प्रार्थमिकताका साथ शुरू गरी आगामी पाँच बर्षभित्रमा पूर्व-पश्चिम रेलमार्गको कम्तीमा एक चौथाई निर्माण सम्पन्न गरिनेछ । चिनियाँ सिमानादेखि काठमाडौं उपत्यका हुदै दक्षिण भारतीय सीमानासम्मको रेलमार्ग आगामी दश बर्षभित्र निर्माण सम्पन्न गर्ने कार्ययोजनाका साथ काम गरिनेछ । तराई-काठमाडौं जोड्ने रेलमार्गको निर्माण सुरु गरिनेछ ।

**५.१० जलमार्ग**

- नेपालका ठूला नदीहरु हुँदै भारतका गंगा नदी लगायतका नदीहरु हुँदै समुद्रसम्म जलमार्गको सम्भावना र विकासलाई अघि वढाईने छ ।

**५.११ उर्जा**

- आगामी ३ वर्ष भित्र नेपालमा लोड सेडिङको अन्त गरिने छ ।
- अगामी २ बर्ष भित्र औद्योगिक क्षेत्र तथा करिडरहरू र राजधानी क्षेत्रलाई लोडसोडिङ मुक्त गराइने छ ।
- सवै दलहरूसँग समन्वय गरी राष्ट्रिय उर्जा सुरक्षा नीति तयार गरिनेछ ।
- सबै प्रकारका नविकरणीय उर्जाका स्रोतहरूलाई आवश्यक सहयोग सहित प्रबन्धन गरिनेछ ।
- उच्च-भोल्टेज क्षमतका कम्तिमा तीनवटा अन्तरदेशीय प्रसारण लाइन निर्माण सम्पन्न गरिनेछ । आगामी पाँच बर्ष भित्रमा कर्णाली, गण्डकी र कोशी करिडरमा उच्च-भोल्टेज क्षमताका प्रसारण लाइन निर्माण सम्पन्न गरिनेछ । मुलुकका सबै ग्राम विकास समितिमा राष्ट्रिय प्रसारण ग्रिड पुऱ्याउने गरी कार्यक्रम संचालन गरिनेछ ।
- लगानी वोर्डलाई ठूला आयोजनाहरूमा निजी क्षेत्रको लगानी प्रभावकारी रूपमा परिचालित गर्न आवश्यक क्षमता बृद्धि गरिने छ ।
- हाल निर्माणाधीन माथिल्लो तामाकोशी, पश्चिम सेती, अरुण तेस्रो, माथिल्लो कर्णाली, माथिल्लो सेती लगायतका ठूला, मझौला,र साना योजनालाई द्रुत गतिमा सम्पन्न गरिनेछ ।
- आगामी पाँच बर्षभित्रमा कुल ५,००० मेगावाट जलबिद्युत उत्पादन गरिनेछ ।
- जल बिद्युत आयोजना स्वीकृत गराएर ओगटी मात्र रहनेलाई कडा कार्बाही गर्ने नीति लिइनेछ ।
- आगामी ४ वर्ष भित्र सवै नेपाली परिवारलाई सुपथ मूल्यमा प्रदुषण मुक्त आधुनिक उर्जा उपलब्ध गराउनेछ ।
- आन्तरिक मागभन्दा बढी उर्जा उत्पादन गरी उर्जा निर्यातलाई बैदेशिक मुद्रा आर्जनको स्रोत बनाउने, उपलब्ध जलसम्पदाको बहुउद्देशीय उपयोगका साथ जलविद्युत उत्पादन गर्ने, वैकल्पिक नविकरणीय उर्जाका सबै स्रोतको उपयोग

गर्ने, उर्जा आयातमा कमी ल्याउने र समष्टिगत रूपमा उर्जा सुरक्षा हासिल गर्ने उद्देश्यका साथ नेपाली कांग्रेसले नीति तथा कार्यक्रम वनाउनेछ।

- प्रत्येक विपन्न नेपाली परिवारलाई घरायसी प्रयोजनका लागि दैनिक एक युनिट विद्युत निःशुल्क उपलब्ध गराउने दृष्टिकोण लिई उर्जा विकास कार्यक्रम संचालन गरिनेछ।
- घरायसी इन्धनको प्रमुख स्रोतको रूपमा दाउरा, गुइँठा प्रयोग गर्ने घरधुरी संख्या प्रत्येक बर्ष निश्चित प्रतिशतले कम गर्दै लगिनेछ।
- सार्वजनिक-निजी साझेदारीमा सौर्य उर्जा र वायु-उर्जाउत्पादनमा विशेष जोड दिइने छ।
- गाई भैंसी पालनलाई प्रोत्साहन गरी सोको मलवाट वायोग्याँस उत्पादन गरी विजुलीमा परिणत गरी राष्ट्रिय ग्रिडमा जोड्ने कार्यक्रमहरू शुरू गराउने।

### ५.१२ स्वास्थ्य

- "सबैलाई भरपर्दो, गुणस्तरीय र सुलभ स्वास्थ सेवा" भन्ने मूल लक्ष्यका साथ नेपाली कांग्रेसको स्वास्थ्य क्षेत्रका कार्यक्रम संचालित हुनेछन्।
- नेपालको भूभागभित्र बसोवास गर्ने कुनैपनि नेपालीको उपचार हुनसक्ने रोगले अकालमा मृत्यु नहोस् भन्ने स्वास्थ्य नीतिको मूल लक्ष्य हुनेछ।
- समतामूलक, सामाजिक रूपमा पारदर्शी र जवाफदेही तथा विश्वब्यापी रूपमा अब्बल स्वास्थ्य सेवा जनतालाई राज्यमार्फत प्रदान गर्ने हाम्रो उद्देश्य छ। आवधिक विकास योजना, दीर्घकालीन स्वास्थ्य योजना, राष्ट्रिय स्वास्थ्य प्रतिवेदन, सुरक्षित मातृत्व/प्रजनन स्वास्थ्य नीति स्वास्थ्य सेवालाई निर्देशित गर्ने प्रमुख नीतिहरू हुनेछन्।
- चिकित्सा पूर्वाधार विकासका सबै उपस्वास्थ्य चौकी स्वास्थ्य चौकीमा परिणत गर्न आवश्यक जनशक्ति र पूर्वाधारको विकास गरीनेछ। सबै प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरू १५ शैयाका अस्पतालमा परिणत गरीनेछ। सबै गा.वि.स. का सबै वडाहरूमा सुरक्षित मातृत्व तथा शिशु स्वास्थ्य उपचारको लागि स्थानीय महिलाहरूलाई अनमी तालिमको व्यवस्था गरिनेछ। सदरमुकाम स्थित १५ शैयाका अस्पतालहरू जनसंख्या र आवश्यकता हेरी २५ देखि ५० शैयामा परिणत गरिनेछ। अञ्चल तथा क्षेत्रीय अस्पतालहरू जनसंख्याको आधारमा १५० देखि ३०० शैयामा परिणत गरिनेछ।
- प्रत्येक अञ्चल र विकास क्षेत्रमा छुट्टै महिला तथा बाल अस्पतालको स्थापना गरिनेछ। ज्येष्ठ नागरिकहरूको विशिष्ट उपचार सेवा प्रदान गर्ने दक्षिण-एसियाली मुलुककै एउटा नमुनाको रूपमा आधुनिक अस्पताल निर्माण गरिनेछ। त्रिभुवन शिक्षण अस्पतालमा अत्यावश्यक सुरक्षा प्रबन्ध सहितको अत्याधुनिक अतिविशिष्टव्यक्ति उपचार कक्ष विकास गर्न सरकारी लगानी बढाइने छ र राष्ट्रप्रमुख तथा अतिविशिष्ट व्यक्तिलाई सरकारी खर्चमा विदेशमा उपचार गर्न पठाउनुपर्ने परिपाटीको अन्त्य गरिनेछ।
- सुदूरपश्चिम (अत्तरिया) र पूर्वाञ्चल (चारआली) मा अर्बूद-रोग, मुटु तथा श्वासप्रश्वास रोग र मृगौलाका उपचारका लागि सबै अत्याधुनिक सुविधासहितको अस्पताल स्थापना गरिनेछ।
- गैरसरकारी क्षेत्रलाई सेवा प्रदायकका रूपमा समावेस गर्न आगामी ५ वर्षमा १० जिल्लामा पाइलट कार्यक्रम सञ्चालन गरिनेछ।
- सरकारी छात्रवृत्ति वा अन्य सहयोगबाट शिक्षा प्राप्त गरेका चिकित्सकहरूलाई

ग्रामीण क्षेत्रमा पठाउने विधि र प्रकृयालाई आकर्षक र प्रभावकारी वनाइने छ।

- विगतमा नेपाली कांग्रेसको सरकारका पालामा प्रत्येक गाउँ विकासमा एक स्वास्थ्य संस्था राख्ने नीति अनुरूप नेपालका सबै ग्राम विकास समितिसहरूमा स्वास्थ्य संस्थाको स्थापना भएको छ। अब प्रत्येक वडामा स्थानीय महिलाहरूलाई अनमीको तालिम दिएर आफ्नै वडामा तलबी स्वयंम सेवकको रूपमा कार्यरत गराउने नीति तथा कार्यक्रम ल्याइने छ।
- प्रत्येक नेपाली नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- मातृमृत्युदर र बालमृत्युदर न्यूनीकरण गर्न आवश्यक संयन्त्र निर्माण गरी त्यसको प्रभावकारी कार्यन्वयन गरिनेछ।
- सामुदायिक अस्पतालहरूको चिकित्सा पूर्वाधार सुदृढीकरण गर्न भन्सार छुट सहित सहुलियत व्याजमा बैकिङ्ग कर्जा उपलब्ध हुने व्यवस्था गरिनेछ।
- निजी क्षेत्रलाई अन्तरराष्ट्रियस्तरको चिकित्सा सेवा प्रदान गर्न सक्षम तुल्याई नेपाललाई विशिष्ट चिकित्सा पर्यटनको गन्तव्य बनाउन टेवा पुऱ्याइने छ र निजी अस्पताल तथा चिकित्सा केन्द्रहरूको गुणस्तर मापदण्ड तोकि लागू गरिनेछ।

**५.१३ खानेपानी तथा सरसफाई**

- सबैका लागि स्वस्थकर खानेपानी शुनिश्चित गर्न अगामी पाँच वर्षभित्रमा सबै मानव वस्तीहरूमा सुरक्षित खानेपानी पुऱ्याइने छ। खानेपानीका मुहानहरूको संरक्षण र खानेपानीको गुणस्तर कायम गर्न सरसफाई कार्यक्रम निर्देशित हुनेछन।
- प्रत्येक घरमा शौचालय निर्माणको सामाजिक अभियान चलाइने छ र विपन्न वर्गका परिवारहरूलाई लक्षित गरी शौचालय निर्माण गर्न अनुदान दिइनेछ।
- अगामी पाँच वर्षभित्रमा आर्सेनिकयुक्त पानीका स्रोतहरूमाथिको निर्भरता समाप्त गरिनेछ।
- अव्यवस्थित बसोबासका कारण हुने खानेपानी तथा सरसफाईको समस्या अन्त गरिनेछ।
- प्रत्येक नगरपालिकामा खानेपानी वोर्ड वनाई सोही अनुरूप खानेपानीको व्यवस्था गरिनेछ।

**५.१४ शिक्षा**

- सबैलाई गुणस्तरीय शिक्षाको मूल नाराका साथ दक्ष, उद्यमशील र सुसंस्कृत नागरिक उत्पादन गर्न सक्षम शिक्षा प्रणाली विकास गरिनेछ।
- प्राथमिक शिक्षातहमा छात्र र छात्राबीचको असमान अनुपातलाई अन्त गरिनेछ।
- माध्यमिक शिक्षासम्म हाल देखिएको विभेद तथा द्वैध प्रकृतिको शिक्षा प्रणाली अन्त्य गर्न सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तरमा आमूल सुधार गरिनेछ। सामुदायिक विद्यालयका शिक्षकलाई परिणाममुखी र उत्तरदायी तुल्याउने कार्यक्रम कार्यान्वयन गर्नुका साथै विद्यालयहरूमा पुस्तकालय, इन्टरनेट, प्रयोगशालाको प्रबन्ध गरिनेछ र अतिरिक्त क्रियाकलाप सम्बन्धी पूर्वाधार निर्माणमा लगानी बढाइने छ।
- उच्च-माध्यमिक तहसम्मको शिक्षा पूर्ण निशुल्क, अनिर्वाय, गुणस्तरीय एवम सर्वसुलभ गराइनेछ।

- लोकतन्त्र, शान्ति, मानवअधिकार र अहिंसा जस्ता अवधारणालाई विद्यालयस्तरको शैक्षिक पाठ्यक्रममा समावेश गरिनेछ ।
- निजी क्षेत्रले मुलुकको विद्यालय शिक्षाको गुणस्तर सुधार्न पुऱ्याएको योगदानको कदर र उच्च मूल्यांकन गर्दै निजी क्षेत्रको सुरक्षाको पूर्ण प्रत्याभूति गरिनेछ । साथै निजी क्षेत्रलाई विपन्न तथा वञ्चितीकरणमा परेका वर्गप्रति सामाजिक उत्तरदायित्व देखाउन उत्प्रेरित गरिनेछ ।
- सामुदायिक विद्यालय र विश्वविद्यालयहरूलाई सरकारी अनुदानका अतिरिक्त आफ्नो पूर्व विद्यार्थीहरू तथा शुभचिन्तकहरूबाट स्रोत परिचालनगर्न उत्प्रेरित गरिनेछ । प्रत्येक शैक्षिक प्रतिष्ठानले प्रत्येक वर्ष स्रोत परिचालन सप्ताह आयोजना गर्न उत्प्रेरित गरिनेछ ।
- विद्यालयलाई शान्तिक्षेत्र घोषणा गरिनेछ ।
- नेपालको उच्च शिक्षालाई अनुसन्धानात्मक एवं अन्तर्राष्ट्रियस्तरको बनाउने कार्यमा नेपाली काँग्रेस सक्रिय रहनेछ ।
- प्रत्येक जिल्लामा रोजगारमूलक तथा स्वद्यम प्रवर्धन गर्ने प्राविधिक शिक्षालयको व्यवस्था गरी प्रवेशिका परीक्षा उत्तीर्ण गर्न नसकेका युवालाई रोजगारमुखी प्राविधिक शिक्षा तथा तालिम दिइनेछ । प्राविधिक तथा व्यवसायिक तालिमलाई व्यापकता दिईनेछ । निजी क्षेत्रलाई रोजगारमुखी प्राविधिक शिक्षालय खोल्न प्रोत्साहन गरिनेछ । अति दुर्गम क्षेत्रमा समुदयिक विद्यालयहरूलाइ आवासीय विद्यालयका रूपमा रूपान्तरण गरिनेछ ।
- उच्च-माध्यमिक तहसम्म कुनै पनि विद्यार्थीलाई राजनीतिक संगठनको सदस्यता प्रदान नगर्न आवश्यक कदम अगाडि बढाइने छ । त्यसबाहेक अहिलेको विद्यालय शिक्षा राजनीतिग्रस्त भएको यथार्थलाई बुझ्दै विद्यालय शिक्षकहरूलाई छलफलमार्फत दलगत राजनीतिभन्दा माथि उठाएर काम गर्न प्रोत्साहन गरिने छ ।
- स्नातक उर्तिण गरेका विद्यार्थीहरूलाई शैक्षिक प्रमाणपत्रका आधारमा शैक्षिक ऋृण उपलब्ध गराइनेछ ।
- सबै प्रदेशमा कम्तिमा एउटा विश्वविद्यालय स्थापना गरिनेछ । बिभिन्न कारणले युवा अवस्थामा आधारभूत शिक्षा लिन नपाएकालाई समेत लक्षित गर्दै खुला विश्वविद्यालयको प्रबन्ध गरिनेछ । सामुदायिक तथा निजी क्षेत्रमा विश्वविद्यालय स्थापना सहज तुल्याउन विश्वविद्यालय सम्वन्धि छाता ऐन ल्याइनेछ । गुणस्तर सुनिश्चित गर्नका लागि सम्वन्धन दिने प्रकृयालाई व्यवस्थित गरिने छ ।
- सबै जिल्ला सदरमुकाममा एउटा जिल्लास्तरीय सामुदायिक पुस्तकालय बनाइने छ र घुम्ती पुस्तकालयको व्यवस्था गरिने छ ।
- विद्यालयको प्राथमिक तहदेखि नै नेपालीहरूको बीच प्रचलनमा रहेका विभिन्न जात जाति र भाषाभाषी मूर्त, अमूर्त संस्कृतिक सम्पदाहरूको संरक्षण र सम्बर्धन सम्बन्धि शिक्षालाई अनिवार्य गरिनेछ ।
- दलित परिवारका युवतीलाई नेपाल भित्रै चिकित्साशास्त्र तथा ईञ्जिनियरिङ्ग विधामा अध्ययन गर्न आवश्यक पूर्ण छात्रवृत्तिको व्यवस्था गरिने छ । विपन्न परिवारका युवतीहरूलाई प्रतिस्पर्धाको आधारमा प्रत्येक बर्ष निश्चित संख्यामा चिकित्साशास्त्र तथा ईञ्जिनियरिङ्ग विधामा अध्ययन गर्न पूर्ण छात्रबृत्ति प्रदान गर्ने व्यवस्था गरिनेछ ।

- शिक्षा क्षेत्रमा कुल सार्वजनिक खर्चको २० प्रतिशत पुऱ्याउने नीति लिइने छ ।
- प्राज्ञिक क्षेत्रको विकासको लागि अनुसन्धानमा बिशेष लगानी गरिने छ ।
- उच्च शिक्षा अध्ययनमा रहिआएको शिक्षण र परीक्षण विधिको सैद्धान्तिक बर्चस्वलाई न्यूनिकरण गर्दै ६० प्रतिशत सैद्धान्तिक र ४० प्रतिशत प्रयोगात्मक मूल्यांकन विधि अवलम्बन गरिनेछ ।
- शौचालयको अभाव, सुरक्षाको अभाव, यातायातको अभावबाट छात्राहरूको अध्ययनमा असर पर्न नदिन विशेष व्यवस्था गरिनेछ ।

**५.१५ स्वस्थ, सुरक्षित आवास**

- नेपालका प्रायः दलित विपन्न वर्गका जनता अस्वस्थ र असुरक्षित वस्तीमा खतरापूर्ण जीवन यापन गरिरहेकाछन । हिमाल-पहाडमा पहिरोहरुमा परी अकाल मृत्यु व्यहोर्ने, मधेस-तराईमा अस्वस्थकर र डुवान क्षेत्रका वसोवासमा जाडो र गर्मी दुवैले गरीवलाई अकाल मृत्युमा पुऱ्याउने गरिरहेको छ । नेपाली कांग्रेस यो स्थितिको अन्त्य गर्न अरवौं लगानीका साथ सुरक्षित र स्वस्थ वस्तीहरुको निर्माण गराई पन्ध्रवर्ष भित्रमा सम्पूर्ण ग्रामीण विपन्न जनतालाई सुरक्षित जीवन प्रदान गर्ने योजना तत्काल अगाडि वढाउन संकल्परत छ ।

**५.१६ विज्ञान, प्रविधि, अनुसन्धान तथा विकास**

- विज्ञान तथा प्रविधिको विकास नेपाली परम्परागत प्रविधिको आधुनिकीकरण तथा उपलब्ध आर्थिक स्रोतहरूको उच्चतम उपयोग गरी अन्तर्राष्टिय रूपमा प्रतिस्पर्धी हुन अनुसन्धान तथा विकासमा जोड दिईनेछ ।
- विज्ञान तथा प्रविधिलाई राष्ट्रलाई आत्मनिर्भर र विकास कार्यमा उपयोगी बनाउने रणनीति, योजना एवं कार्यक्रमलाई उच्च प्राथमिकतामा राखिनेछ ।
- कृषि प्रविधि, खाद्य प्रशोधन, सूचना प्रविधि, औद्योगिक प्रविधि, अर्थशास्त्र, समाज विज्ञान, सामरिक विज्ञान, जलवायु परिवर्तनको असर न्यूनिकरण, पर्यावरणीय तथा जैविक विविधताको संरक्षण जस्ता विषयमा स्वदेशी अनुसन्धान क्षमता विस्तार गर्न प्रत्येक वर्ष कूल गार्हस्थ उत्पादनको एक प्रतिशत बराबरको बजेट रकम खर्च नीति नेपाली कांग्रेसले अङ्गीकार गर्नेछ ।
- हरेक जिल्लामा विज्ञान केन्द्रहरूको स्थापना गरेर स्थानीय जनतामा विज्ञान तथा प्रविधिको महत्व र विश्वमा विकसित हुँदै आएका नवीनतम प्रविधिहरूको जानकारी प्रदान गरिनेछ । राष्ट्रिय सरोकारको विषयमा अन्तर्राष्ट्रियस्तरको अध्ययन अनुसन्धान गर्ने स्वायत्त उत्कृष्टता केन्द्रहरूको स्थापना गरिनेछ ।
- राष्ट्रिय महत्वका विषयमा संलग्न अर्धसरकारी एवं निजी अनुसन्धान केन्द्रहरूलाई अनुसन्धान र विकासमा लगानी गर्न कर छुटको व्यवस्था गरेर यस्ता निकायलाई विदेशी अनुसन्धान केन्द्रहरूसँग सहकार्य गर्न राज्यले आवश्यक सहयोग गर्नेछ ।
- नयाँ वैज्ञानिक एवं प्राविधिक निकायहरूको स्थापना गर्ने काममा अन्तर्राष्ट्रिय विज्ञान परिषद्जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोग लिइनेछ ।
- नेपाल सरकारलाई विज्ञान प्रविधि सम्बन्धी बिषयमा सुझाव, सल्लाह दिने संयन्त्रको विकास गरिनेछ । यस कार्यको प्रयोजनका लागि प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय एवं अन्य गैरसरकारी एवं निजी संस्थाहरूमा कार्यरत विशेषज्ञहरूको स्थायी एवं अस्थायी समितिहरू बनाइनेछ ।
- राष्ट्रिय आवश्यकतालाई ध्यानमा राखेर नेपालका विश्वविद्यालयहरूमा विज्ञान

तथा प्रविधिसम्वन्धित विद्यावारिधि कार्यक्रमलाई बनाईने छ। यसका लागि विद्यार्थी तथा प्राध्यापकहरूलाई आकर्षित गर्ने अनि उनीहरूको मनोबल बढाउने कार्यक्रमहरू ल्याइनेछ।

- विदेशमा कार्यरत नेपाली मूलका विशिष्ठता हासिल गरेका वैज्ञानिक र प्राविधिकहरूलाई राष्ट्रको वैज्ञानिक सल्लाहकार समितिमा समाविष्ट गर्नुका साथै उनीहरूलाई मुलुकमा नयाँ वैज्ञानिक संस्थाहरूको स्थापना र कार्यक्रमहरू सिर्जना गर्न आवश्यक सहुलियत दिंदै अभिप्रेरित गरिनेछ।

**५.१७ सूचना तथा सञ्चार प्रविधि**

- सूचना तथा संचारको विकासलाई राष्ट्रको समग्र विकासमा पूर्ण रूपमा प्रयोगमा ल्याउने नेपाली कांग्रेसको नीति रहनेछ। यसले विगतमा लिएका निजी क्षेत्रलाई खुला गर्ने नीतिले सूचना संचारको क्षेत्रमा क्रान्ति ल्याएको छ। यसलाई निरन्तरता दिने र यसको गुणात्मक विकासमा जोड दिईने छ।
- नविनतम प्रबिधि अबलम्बन गरी गुणस्तरीय सेवा उपलब्ध गराउन, सेवा प्रवाहलाई पूर्ण प्रतिस्प्रर्धी बनाउने गरी निजी क्षेत्रलाई सहभागी गराउन अन्तर्राष्ट्रिय अति उत्तम प्रचलन बमोजिम समग्रमा सूचना तथा सञ्चार क्षेत्र र बिशेष गरी दूरसञ्चार क्षेत्रको नीतिगत, कानूनी र संरचनागत व्यबस्थामा निरन्तर सुधार गरिनेछ।
- वृहत विद्युतीय सुशासन (ई-गभर्नेन्स) मूल योजना अन्तर्गत अत्याधुनिक सूचना तथा संचार प्रविधिको व्यापक एवं रणनीतिक उपयोग मार्फत विद्यमान जन प्रशासन संस्थाको आधुनिकीकरणका साथै सुशासन स्तम्भलाई सुदृढ गर्दै सार्वजनिक सेवा प्रवाहमा समावेशी पँहुच सुनिश्चित गर्न सूचना तथा संचार प्रविधिमा आधारित विशेष कार्ययोजना तर्जुमा गरी लागु गरिनेछ।
- संयुक्त राष्ट्रसंघ, अन्तराष्ट्रिय दूरसञ्चार संघ, एसिया प्यासेफिक टेलिकम्युनिटि, सार्क जस्ता नेपाल सदस्य राष्ट्र भएका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघ संगठनहरूबाट यस क्षेत्रमा तय गरिएका विकास अवधारणाहरूको कार्यान्वयन गर्ने, विकास सूचकांकहरू प्राप्त गर्नका लागि समयबद्ध कार्य योजना तयार गरी कार्यान्वयन गर्ने ब्यबस्था मिलाइनेछ।
- ब्रडब्याण्डको पहुँच र प्रयोगलाई ब्यापक बनाउन ब्रडब्याण्ड पूर्वाधारको विकास र बिस्तार गर्ने, नेपाललाई सूचना समाजमा विकास गर्ने गरी ब्रडब्याण्ड एप्लिकेसन र कन्टेन्टको निर्माण गर्ने गरी निजी-सार्वजनिक साझेदारी तथा बहु-सरोकारवालाहरूबीच साझेदारीमा जोड दिइनेछ। दूरसञ्चार क्षेत्रमा एकिकृत अनुमतिपत्र लागू गरिनेछ।
- सरकारले ग्रामिण दूरसञ्चार विकास कोषको परिचालन गरी निजी क्षेत्रको साझेदारीमा पूर्वाधार विकास गर्नेछ। तार रहित प्रविधि प्रयोगको लागि आवश्यक पर्ने फ्रिक्वेन्सिको बिशेष ब्यबस्था गर्नेछ
- मुलुकभरका माध्यमिक स्तरका विद्यालयहरूमा कम्प्युटर शिक्षा प्रदान गर्नुका साथै सूचना सञ्चार प्रविधिको प्रभावकारी उपयोगद्वारा समग्र शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धिको विशेष रणनीति तर्जुमा गरी लागु गरिनेछ।
- विद्युतीय माध्यमबाट स्वास्थ्य, शिक्षा, ब्यापार जस्ता सेवा, सुबिधा प्रवाह गर्ने गरी एप्लिकेशन र कन्टेन्ट बिकास गर्न निजी सार्बजनिक साझेदारीका साथै बहुसरोकारवाला साझेदारी अन्तरगत क्षेत्रीय स्तरमा सेवा केन्द्रहरूको स्थापना गरिनेछ।

- क्षेत्रीय र अन्तर्राष्ट्रिय प्राबिधिक र बित्तीय सहायता रणनीति तयार गरिनेछ।
- नेपाल सरकारद्वारा हाल संचालित विद्युतीय सुशासन परियोजनालाई प्रभावकारी ढंगले संचालन गर्न आवश्यक नीतिगत सुधारहरू कार्यान्वयन गरिनेछ।
- लक्षित वर्गसम्म सेवा एंवम संसाधन प्रवाहको प्रभावकारिता सुनिश्चित गर्न राष्ट्रिय परिचयपत्र कार्यक्रमलाई देशव्यापी रूपमा विस्तार गरिनेछ। यस अनुरूप संन् २०१७ सम्म देशभरी सो कार्यक्रम लागु गरिनेछ।
- बढ्दो युवा बेरोजगारीको चुनौती सामना गर्न विश्वव्यापी रूपमा अभिवृद्धि भैरहेको सेवाजन्य उद्योगद्धारा सिर्जित अवसरहरूको भरपुर उपयोग गर्न ज्ञान तथा सूचना सञ्चार प्रविधिमा आधारित बस्तु एवं सेवाक्षेत्रको प्रतिस्पर्धामा क्षमता प्रवर्द्धन गर्न विशेष नीति एवं संरचनागत व्यवस्था गर्दै अगामी १० वर्षभित्र सो क्षेत्रको विशेष ग्राहस्थ देन ३ प्रतिशत पुऱ्याउने लक्ष्य लिइने छ।

**५.१८ आम संचार र पत्रकारिता**

- लोकतन्त्रको रक्षा, सार्वजनिक उत्तरदायित्वको प्रवर्द्धन, आम नागरिकलाई सत्य-तथ्यको जानकारी गराउने, समाजमा असल विचार प्रवाह गराउने र आम रूपमा चेतनाको स्तर बढाउने काममा आम सञ्चार र पत्रकारिताको अहम भूमिका रहन्छ भन्ने नेपाली कांग्रेसको धारणा छ। नेपाली कांग्रेस आमसञ्चार र पत्रकारिताको विकास र संरक्षणका लागि प्रतिवद्ध छ।
- आमसंचारका माध्यमहरूलाई स्वतन्त्र, निष्पक्ष, भयमुक्त रहन आवश्यक सबै प्रकारको सुरक्षा दिन नेपाली कांग्रेस कटिवद्ध छ। पत्रकारहरूको पेशागत सुरक्षा, न्यूनतम पारिश्रमिकको प्रत्याभूति र वृत्ति विकास जस्ता विषयमा पत्रकारहरूसँगकै परामर्शमा समसामयिक नीति तथा कार्यक्रमहरू नेपाली कांग्रेसले लागू गर्नेछ।
- अनुसन्धान र अध्ययनको लागि प्रत्येक जिल्लामा मिडिया स्रोत केन्द्र र पुस्तकालयको व्यवस्था गरिनेछ।
- अनलाईन मिडियालाई व्यवस्थित र प्रभावकारी बनाउन अनलाईन नीति तर्जुमा गरिनेछ।

**५.१९ खाद्य तथा पोषण सुरक्षा**

- कुनैपनि नेपाली नागरिक भोकै मर्नु हुँदैन र प्रत्येक नागरिकले न्यूनतम पोषण सुरक्षा पाउनु पर्छ भन्ने नेपाली कांग्रेसको अडान छ।
- प्रत्येक नेपालीको क्रयशक्ति बढाएर आफ्नो र आफ्नो परिवारको खाद्य तथा पोषण सुरक्षा गर्न सक्षम तुल्याउन रोजगारी बृद्धि गर्ने नेपाली कांग्रेसको दीर्घकालीन लक्ष्य रहन्छ। तर संकटमा परेका र अत्यन्त विपन्न परिवारहरूलाई लक्षित रूपमा निःशुल्क वा सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउने कार्यक्रम नेपाली कांग्रेसले संचालन गर्नेछ।
- विपन्न वर्गको खाद्य सुरक्षाको प्रत्याभूति दिने गरी खाद्य सुरक्षा अधिकार ऐन तर्जुमा गरिनेछ। खाद्यान्न ढुवानीको अनुदान बृद्धि गरिने बजेट पारित भएको एक महिनाभित्र सम्बन्धित जिल्लाको खाद्य संस्थान शाखाले अनुदान प्राप्त गरिसक्ने र दुई महिनाभित्र ढुवानीको टेण्डर भइसक्ने कानूनी प्रबन्ध गरिने छ। ढुवानी गर्ने ठेकेदारको ढिलासुस्तीको मापन गर्न सुचाङ्कको विकास गरिने छ।
- प्रत्येक जिल्लामा कम्तिमा एउटा खाद्य भण्डार (गोदाम) को व्यवस्था गरिने छ। स्थानीय पौष्टिक तर अपहेलित बालीहरूमा आधारित खाद्यवस्तुको विकास र प्रबर्द्धन गर्ने कार्यक्रम ल्याइने छ। दुर्गम जिल्लामा खेती गरिने बालीहरूमा

पौष्टिकता र उत्पादकत्व बढाएर उपयुक्त जातको बाली विकास गरिने छ ।

## ५. २० नियमन तथा उपभोक्ता हित संरक्षण

- उदारवादी बजारमुखी अर्थतन्त्रको कमजोर पक्षहरूलाई समयमै नियन्त्रण गरिएन भने समाजवादी व्यवस्थामा पुग्ने नेपाली कांग्रेसको लक्ष्य हासिल हुन सक्दैन भन्ने कुरामा हामी सचेत छौं । बजारमा सधैं नै स्वच्छ प्रतिस्पर्धा हुदैन । आम उपभोक्ता भन्दा संगठित बजार बलियो हुन्छ । त्यसैले सरकारको नियमनकारी क्षमता बलियो हुनु आवश्यक छ ।
- बैंक तथा वित्तीय क्षेत्र, बीमा, पुंजी बजार, खाद्य गुणस्तर, नापतौलका क्षेत्रमा हाल भैरहेको नियमनलाई अझै प्रभावकारी बनाउन आवश्यक छ । जनस्वास्थ, शिक्षा, सार्वजनिक यातायातको सुरक्षा, अनौपचारिक क्षेत्रमा रहेका कामदारको सुरक्षा, उपभोक्ताले खरिद गर्ने वस्तु वा सेवाको मूल्य र गुणस्तरमा आदि क्षेत्रमा प्रभावकारी नियमन गरिने छ । नेपाली कांग्रेसले नियमनका सबै पक्षको विस्तृत अध्ययन गरी नियमन सम्वन्धि नियम कानून तर्जुमा गर्ने, पुरानाको परिमार्जन गर्ने र संस्थागत क्षमता अभिवृद्धि गर्नेछ ।

## ५.२१ स्थानीय विकास

- स्थानीय विकासमा स्थानीय सरकारलाई स्रोत र अधिकार सम्पन्न गराउने नीति नेपाली कांग्रेसको रहनेछ । हालको संरचनामा स्थानीय निकायहरूमा जाने अनुदानलाई दोब्बर गरिनेछ र प्रत्येक दुइ वर्षमा पुनरावलोकन गर्ने नीति लिईने छ । जिल्ला विकास समितिहरूलाई जाने अनुदानलाई पनि दोब्बर गरिनेछ । स्थानीय स्तरका विकास निर्माण र सेवाका कार्यहरू स्थानीय समुदायबाटै गरिने व्यवस्थालाई अझै सुदृढ र पारदर्शी बनाईने छ ।

## ५.२२ सुशासन

- शासनप्रणाली सम्वन्धित संघसंस्थाहरूलाई समावेशी लोकतन्त्र र उत्कृष्टता सहितको जनतामैत्री बनाउने लक्ष्य नेपाली कांग्रेसले लिएको छ । सरकारी सेवा प्रदायक निकायहरूमा दक्षता, कर्मचारतिनत्रमा जवाफदेहिता, प्रभावकारिता र भ्रष्टाचारमुक्त शासन नेपाली कांग्रेसले सुशासनका लागि लिने आधारभूत नीतिहरू रहनेछन । विधिको शासनलाई कांग्रेसले शासनसत्ता सञ्चालनको सैद्धान्तिक र व्यावहारिक आधार मान्नेछ ।
- सार्वजनिक सेवा प्रदानका लागि राज्य संस्थाहरूमा भौतिक, आर्थिक, प्राविधिक र मानव स्रोतको पर्याप्त व्यवस्था गरिनेछ । सूचना प्रविधिको प्रयोग बढाएर सेवाग्राहीलाइ सरकारी सेवा प्राप्त गर्न लाग्ने समय र लागतमा कम ल्याइनेछ । प्रत्येक सरकारी कार्यालयको कार्यप्रक्रिया मूल्यांकन गरी प्रकृयागत र कागजी आवशयकता न्यून गरिनेछ ।
- लक्षित वर्ग सम्म सेवा एंवम संसाधन प्रवाहको प्रभावकारिता सुनिश्चित गर्न राष्ट्रिय परिचयपत्र कार्यक्रमलाई देशव्यापी रूपमा विस्तार गरी तीन वर्षभित्रमा सबै नागरिकलाई परिचयपत्र प्रदान गरिनेछ ।
- जग्गा प्रशासन, नागरिकता वितरण र राहदानीको सिफारीस प्रत्येक गाँउ विकास समिति र नगरपालिका वडाबाट दिईने ब्यबस्था गरिनेछ ।

## ५. २३ भ्रष्टाचार तथा आर्थिक अपराध नियन्त्रण

- भ्रष्टाचार र आर्थिक अपराधका विरूद्ध शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ । सरकारी, गैरसरकारी, सामुदायिक र निजी क्षेत्रमा हुने सबै किसिमका भ्रष्टाचार र आर्थिक अपराध नियन्त्रण गर्न वर्तमान कानूनी व्यवस्थामा

समयानुकुल परिमार्जन गरिनेछ र यस्ता गतिविधि रोकथाम र नियन्त्रण गर्न स्थापित निकायहरूको क्षमता वृद्धि गरिनेछ। यस बारे निजीश्रोत वा नागरिक समाजसँग सहकार्य गरिनेछ।

### ५. २४ राष्ट्रिय सुरक्षा

- राष्ट्रिय अखण्डता, संप्रभुता र नागरिकको सुरक्षाका लागि सुरक्षा निकायहरूको आधुनिकीकरण र सेना नागरिक सम्बन्धमा लोकतान्त्रिक शैली नेपाली कांग्रेसको नीति रहनेछ। कानूनी राज्यको अनुभूतिका लागि आन्तरिक तथा बाह्य सुरक्षाको खतरालाई निस्तेज पार्दै विधिको शासन कायम गर्न सुरक्षा निकायलाई आवश्यक मानव स्रोत एवं अन्य आवश्यक स्रोतको उचित व्यवस्थापन नेपाली कांग्रेसले गर्नेछ।
- सुरक्षा क्षेत्र सुधारमा नेपालीपन, राष्ट्रिय सुरक्षा रणनीतिको तर्जुमा र प्रभावकारी सुरक्षा परिषद् हाम्रा प्राथमिकता हुनेछन। सम्पूर्ण राजनीतिक दलहरूमा राष्ट्रिय नीतिका सन्दर्भमा एकरूपता ल्याउने प्रयास गरिनेछ। खाद्य, जानसांख्यिक, स्वास्थ्य, वातावरणीय, समुदायजस्ता मानवीय सुरक्षाका आधारस्तम्भहरू राष्ट्रिय सुरक्षाको प्राथमिकतामा राखिनेछ।
- राष्ट्रिय अनुसन्धान विभागको कार्य चुस्त र प्रभावकारी बनाइनेछ। राष्ट्रिय सतर्कता केन्द्र, अनुसन्धान विभाग एवम् अन्य सुरक्षा निकायहरू राजनीतिक हस्तक्षेपमुक्त हुनेछन। हरेक प्रहरी चौकी/केन्द्रको इलाकाभित्र सामुदायिक सुरक्षा अवधारणाको नीति लागू गरिनेछ।
- सामाजिक अपराध नियन्त्रणका लागि हरेक विकास क्षेत्रमा एउटा संस्थागत सुरक्षा संयन्त्रको स्थापना गरिनेछ।
- सुरक्षा निकायका अधिकृत एवं जवानहरूलाई दैनिक जीवनयापन एवं पेशागत कृयाकलापका सम्बन्धमा आवश्यक बन्दोबस्तीका सामानहरूको गुणस्तरलाई प्राथमिकतामा राखिनेछ।

### ५.२५ गैरआवासीय नेपाली

- "**एकपटकको नेपाली सधैंको नेपाली**" भन्ने भावनाको विकास गर्दै संसारभरि फैलिएका नेपालीहरूलाई आफ्नो मातृभूमिसँग आबद्ध गर्न विभिन्न नीति, कार्यक्रम र कानूनी व्यवस्था गरिने छ।
- जन्मको आधारमा र वंशजको नाताले नेपालको नागरिकता प्राप्त गरी विदेशिएका नेपालीहरूलाई उपयुक्त कानूनी व्यवस्था गरी आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार रहने गरी गैरआवासीय नेपाली नागरिकताको प्रबन्ध गरिनेछ। गैरआवासीय नेपालीलाई नेपालमा चल तथा अचल सम्पत्ति राख्न पाउने अधिकार दिने कानूनी व्यवस्था निर्माण गरिनेछ।
- आगामी दश वर्षभित्रमा नेपाल बाहिर रोजगारी वा व्यवसायका लागि गएका नेपाली नागरिकता र राहदानी भएका नेपालीलाई विदेशबाटै निर्वाचनमा मत दिनपाउने कानूनी व्यवस्था र प्रशासकीय प्रवन्ध गरिनेछ। विदेशमा आर्जन गरेको सम्पत्ति नेपालमा संचयको लागि ल्याउँदा कुनै कर नलगाउने कानूनी व्यवस्था मिलाईनेछ।

### ५.२६ शहर तथा वस्ती विकास

- तीब्र बढिरहेको शहरीकरणलाई आर्थिक सामाजिक विकासको अवसरका रूपमा प्रयोग गर्न एकीकृत राष्ट्रिय शहरी विकास रणनीति बनाई व्यवस्थित गरिने छ। सडक संजालको विस्तार संगै बढ्दै गएको बस्ती तथा बजारलाई

योजनावद्धरूपमा विकसित र व्यवस्थित गरिने छ।

- ग्रामीण क्षेत्रमा सफा र व्यवस्थित बस्तीहरूको विकास गरिने छ। यस्ता वस्तिहरूको संजाल र बजार केन्द्रहरू ग्रामीण क्षेत्रको आधुनिक आर्थिक सामाजिक विकासको आधार हुने छन।
- तराई, पहाड, हिमाली क्षेत्रमा सम्भाबित क्षेत्रहरूको पहिचान गरी नमुना वस्ति तथा शहरहरू विकास गरिनेछ। मध्यपहाडी राजमार्गको सेरोफेरोमा २० वटा मझ्यौला आधुनिक शहरहरुका रूपमा विकास गरिनेछ। भू-उपयोग नीति लाई शहरीकरण र व्यवस्थित बसोबाससंग जोडेर प्रभावकारी रूपमा लागू गरिने छ।
- आर्थिक गतिविधिका आधारमा शहरहरूलाई सम्पन्न बनाईनेछ र सो अनुरूपको भौतिक पूर्वाधार निर्माण गरिनेछ। हाल पहिचानमा आएका तराइको विराटनगरलाई औद्योगिक शहर, जनकपुरलाई अध्यात्मिक पर्यटकीय शहर, वीरगंजलाई व्यापारिक शहर, हेटौडालाई औद्योगिक शहर, भरतपुरलाई चिकित्सा शहर, बुटवल-भैरहवालाई पर्यटकीय शहर, नेपालगंजलाई औद्योगिक शहर, धनगढीलाई हरित शहर, र पोखरालाई फिल्म तथा पर्यटकीय शहर, धुलिखेल-बनेपालाई शैक्षिक तथा चिकित्सा शहरको रूपमा विकास गरिनेछ।
- गाउँ र शहरबीचको आर्थिक सम्बन्धलाई अझ बलियो बनाइने छ। यसको लागि सडक सहित बजारको व्यवस्था गरिनेछ। काठमाण्डौ, पोखरा, वीरगञ्ज जस्ता ठूला शहरहरूको जनघनत्वको भारलाई दृष्टिगत गरी "**स्याटलाईट सिटी**" हरूको विकास गरिनेछ।

**६. संघीय तथा प्रादेशिक राजधानी क्षेत्र विकास**

- राज्यको पुनसंरचना नयाँ नयाँ क्षेत्रको विकासको लागि अवसर पनि हो भन्ने मान्यताका आधारमा संघ र प्रदेशका केन्द्रहरूको विकास गरिने नेपाली कांग्रेसको लक्ष्य छ। यसै अनुसार प्रस्तावित केन्द्रहरूमा सेवा सुविधाको विकास गरिनेछ।
- स्वीकृत संघीय संरचना बमोजिम प्रादेशिक राजधानी रहने तयहुने स्थानको योजनावद्ध शहरी पूर्वाधार विकास गरी आधुनिक शहर निर्माण गरिनेछ र प्रत्येक प्रादेशिक राजधानीलाइ निश्चित विशेषतायुक्त आर्थिक इकाईको रूपमा विकास गरिनेछ।
- काठमाण्डौ उपत्यकालाई स्वच्छ सुरक्षित, सुव्यवस्थित, सुन्दर र समृद्ध राष्ट्रिय राजधानी क्षेत्रको रूपमा एकीकृत विकासको अवधारणा अनुरूप सांस्कृतिक शहरको रूपमा विकास गरिनेछ। काठमाण्डौ उपत्यकाको सडक विस्तारका लागि आवश्यक कम्तीमा ३ अर्व प्रतिवर्ष लगानी गरिनेछ। मेलम्ची खानेपानी आयोजना सम्पन्न गरी प्रत्येक घरमा निरन्तर खानेपानी सुनिश्चित गरिनेछ।
- काठमाडौँ उपत्यकाको बजारबाट प्राप्त हुनसक्ने लाभलाई ग्रामीण भेगसम्म पुर्‍याउन उपत्यका वरिपरीको पहाडी क्षेत्रका गाउँहरूलाई जोड्ने चक्रपथ निर्माण सम्पन्न गरिने छ। नुवाकोटको बिदुर, धादिङको गजुरी, काभ्रेको बनेपा-धुलिखेल-पनौती र मकवानपुरको हेटौडालाई काठमाडौँ उपत्यकासँग द्रुतमार्गहरूले जोडी काठमाडौँको स्याटेलाईट शहरको रूपमा विकास गरिनेछ।
- धोबीखोला, विष्णुमती, हनुमन्ते, मनहरा र बाग्मती करिडरहरूमा आगामी दश बर्ष भित्रमा मेट्रो रेल निर्माण सम्पन्न गरिनेछ।

**६.१ तराई-मधेश विशेष**

- प्रत्येक वर्ष १०० किलोमिटर तटबन्ध निर्माण गरी बाढीको दुष्प्रभाव न्यूनिकरण

गरिनेछ। तटबन्ध निर्माणगर्दा उकास जग्गामा भूमिहीन दलित परिवारहरूलाई आवासको व्यवस्था गरिनेछ। तराईका नदिहरूमा दुवैतर्फ निर्माण गरिने तटबन्धहरूलाई मोटरेबल सडकका रुपमा व्यवस्थित गरिनेछ।

- आगामी दश वर्षभित्रमा तराइका सबै ग्रामीण सडकहरूलाई बाह्रै महिना सवारी साधन चल्ने गरी कालोपत्रे वा स्तरोन्नति गरिनेछ। आवश्यक सबै स्थानहरूमा योजनावद्ध रूपमा पुलको निर्माण गरिनेछ।
- तराईको जैविक र खेतीयोग्य जमिनको संरक्षणका लागि चुरे-भावर जलाधार संरक्षणलाई अभियानात्मक कार्यक्रमका रूपमा संचालन गरिनेछ।
- सुनकोशी-कमला डाइभर्सन, भेरी-बबई डाइभर्सन, नौमुरे-कपिलवस्तु डाइभर्सन निर्माण गरी तराइमा थप १००,००० हेक्टर जमिनमा बाह्रै-महिना सिंचाई सुविधा उपलब्ध गराइनेछ।
- जनकपुरलाई तराइको संस्कृतिक तथा धार्मिक शहरका रूपमा विकास गर्नका लागि यसको पूर्वाधार सुधार गर्न आगामी पांच वर्षमा आवश्यक लगानी गरिनेछ। अगामी पांच वर्ष भित्र सेवा प्रारम्भ गर्ने गरी तराइका शहरहरूमा निर्माण गरिने पाँचतारे होटेलहरूलाइ सेवा प्रारम्भ गरेको दश वर्षसम्म पूरै आयकर मिनाहा गर्ने नीति लिइनेछ। स्वीकृत पांचतारे होटललाई जग्गा अधिग्रहण गर्न सरकारले सहयोग गर्नेछ।
- तराईका ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थल वृहत्तर लुम्विनि ?ेत्र र जनकपुर क्षेत्रका अतिरिक्त किचकवध, सिम्रौनगढ, दाङ्गीशरण लगायतका स्थलको संरक्षण र संवर्द्धन गरी त्यसबाट आएको आम्दानी तराइकै विकास निर्माण र रोजगारीमा लगाइनेछ।
- पार्टीमा समावेशीकरणको मुद्दामा विशेष जोड दिइनेछ।
- तराई मधेश क्षेत्रमा प्रकोपको रूपमा रहेको बाढी, कटान तथा भु-क्षय आदि समस्यालाई सिंचाईसँग एकिकृत गरी वृहत्तर योजनाहरू तयार गरी लागू गरिनेछ।

### ६.२ कर्णाली विशेष

- कर्णाली अञ्चलका सबै जिल्ला सदरमुकामहरूबीच सिधा मोटर बाटो निर्माण सम्पन्न गरिनेछ। कर्णाली अञ्चको उपयुक्त स्थानमा पहाडी क्षेत्र फलफूल तथा खेती अनुसन्धान केन्द्र स्थापना गरिनेछ।
- आगामी पाँच वर्षभित्रमा कर्णाली अञ्चलका सबै मुख्य पर्यटकीय तथा धार्मिक क्षेत्रका पूर्वाधारमा सुधार गरी कर्णाली अञ्चललाइ पर्यटनको आकर्षक गन्तव्य बनाइने छ।
- कर्णाली अञ्चलमा प्रत्येक वर्ष श्रम वजारमा प्रवेश गर्ने सबैलाइ फलफूल खेती, प्रशोधन र बजारीकरण, खानी उत्खनन, पर्यटन, सेवा क्षेत्र र जलविद्युतमा पूर्ण रोजगार बनाउने दृष्टिकोण लिएर कार्यक्रम संचालन गरिनेछ। आगामी दश वर्षभित्रमा लाभदायी रोजगारीका लागि कर्णाली अञ्चलवासीले बाध्यतावस वासस्थान र जन्मस्थल छोड्नुपर्ने अवस्थाको अन्त्य गरिनेछ। कर्णाली अञ्चलको खानी स्रोतको विस्तृत भौगर्भिक सर्वेक्षण गरिनेछ।
- अगामी पाँचवर्ष भित्र कर्णाली अंचलमा निजी क्षेत्र र समुदायको सहभागीतामा कम्तिमा ३०० मेगावाट जलविद्युत उत्पादनको निर्माण कार्य प्रारम्भ गरिनेछ। कर्णालीको सम्वृद्धिका लागि जलविद्युत आयोजनाहरूलाई कर्णाली जलाधार एकिकृत विकास अवधारणा अन्तर्गत ल्याईने छ।

### ६.३ पूर्वी पहाडी क्षेत्र विशेष

- पूर्वी-पहाडी क्षेत्रको ताप्लेजुङ, पाँचथर, तेह्रथुम, इलाम, धनकुटा, संखुवासभा, भोजपुर, खोटांङ, ओखलढुंगा र सोलुखुम्बु आर्थिक विकासका लागि आगामी दश वर्षसम्म त्यसक्षेत्रमा स्थापित हुने सबै किसिमका उद्योगहरू एवं होटल तथा पर्यटन व्यवसायमा कुनै आयकर नलाग्ने नीति बनाइने छ। नयाँ उद्योग स्थापना हुने स्थानसम्म सडक विजुली पुऱ्याउने व्यवस्था गरिने छ।
- पूर्वी-पहाडी क्षेत्र तथा अन्य उपयुक्त ठाउँमा आगामी ५ वर्ष भित्र कम्तीमा दुई विश्वविद्यालय र दुई उच्चस्तरीय अस्पताल खोलिनेछ।

### ६.४ सुदूर-पश्चिम क्षेत्र विशेष

- सेती र महाकाली अञ्चलको धनगढी र महेन्द्रनगर बाहेक अन्य स्थानहरू आर्थिक विकासका लागि आगामी दश वर्षसम्म त्यस क्षेत्रमा स्थापित हुने सबै किसिमका उद्योगहरू र होटल तथा पर्यटन व्यवसायमा आयकर नलाग्ने व्यवस्था गरिने छ। त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तुमा अन्तशुल्क लाग्ने भए सो समेत दश वर्षसम्म पुरै मिनाहा हुने व्यवस्था गरिने छ। उद्योग स्थापना गर्न खोजिएको स्थानसम्म सडक र विद्युत प्रसारण लाइन सरकारले पुऱ्याउनेछ।
- आगामी दशवर्षभित्र सुदुरपश्चिमाञ्चल क्षेत्रमा रहेको जलविद्युत क्षमताको ५० प्रतिशत सार्बजनिक, निजी सामुदायिक साझेदारीमा उत्पादन प्रारम्भ गरिनेछ।

### ६.५ खेलकूद

- खेलकूद विकासलाई शिक्षाको अभिन्न अङ्ग बनाइने छ। स्कूल तहदेखि नै न्यूनतम खेलकूद शिक्षालाई अनिवार्य विषय बनाइनेछ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिस्पर्धामा उत्कृष्टता देखाएका खेलाडीको स्वास्थोपचारका लागि सरकारले विशेष प्रवन्ध गर्नेछ।
- राष्ट्रिय खेलाडीहरूको जीविकोपार्जनको लागि आवश्यक मापदण्ड तयार गरी भत्ताको व्यवस्था गरिनेछ।
- आगामी पाँच वर्षभित्र मुलुकका कम्तीमा ६ स्थानहरूमा सुविधासम्पन्न खेलकूद प्रतिष्ठान स्थापना गरिनेछ। प्राथमिक बिद्यालयको शिक्षा पुरा गरेका सानै उमेरदेखि खेलकूदमा रूचि राख्ने बालबालिकालाई छनोट गरी उनीहरूको इच्छा अनुसारको खेलकूदमा उच्चस्तरको तालिम दिइने छ। यस्ता प्रतिष्ठानमा कक्षा ८ देखि १२ सम्मको प्राज्ञिक शिक्षापनि समानान्तर रूपमा दिइने छ।
- सबै महानगरपालिका र उपमहानगरपालिकाहरूमा १/१ अत्याधुनिक फुटबल र क्रिकेट स्टेडियम निर्माण सम्पन्न गरिनेछ। नेपाललाइ क्रिकेटको अन्तराष्ट्रिय प्रतिस्पर्धा आयोजना गर्ने देशको रूपमा स्थापितगर्न कम्तिमा ५ वटा अन्तराष्ट्रिय स्तरको क्रिकेट स्टेडियम निर्माण गरिनेछ।
- आगमी १५ वर्षभित्र एशियाली खेलकूद आयोजना गर्ने सोंचका साथ चरणवद्ध रूपमा खेलकूद पूर्वाधारको निर्माण र खेलाडी प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ। पोखरा, लुम्विनी, चितवन सौराहा जस्ता ठाउँमा खेलकुद मैदान थप गरिने छ। उपयुक्त नदीको नजिक खेलकुद मैदानका साथै बीचमा भलिबल खेल्ने स्थान वनाईनेछ।
- नयाँ नयाँ खेलहरू जस्तै गल्फ, क्रिकेट आदि प्रति नेपालीहरूको आकर्षण वढदै गएको सन्दर्भमा हिमाली र पाहाडी क्षेत्रका उपयुक्त स्थानहरूमा पर्यटकीय स्थल विकसित गरी अन्तराष्ट्रिय खेलहरू आयोजना गरिनेछ।

### ६.६ कला, संस्कृति तथा चलचित्र

- नेपाली कांग्रेस विविधतामा राष्ट्रको सौन्दर्य देख्दछ । त्यसैले सबै जाति, समुदाय, बर्ग, लिङ्ग, क्षेत्रको सांस्कृतिक रीति-रिवाज परम्परा र धार्मिक पद्धतिको विकास र प्रर्वधन गर्न प्रतिवद्ध छ ।
- नेपाली गीत संगीत, लोकबाजाहरू, लोक धुनहरू लोक नृत्यहरू र भेष भुषाहरूको अभिलेख राखी संरक्षण गरिने छ । लोक संकृति, कलाको क्षेत्रमा लागेका कलाकारहरूलाई सबै नीतिगत निर्णयको तहमा प्रतिनिधित्व गराईने छ र उनीहरूको प्रतिस्ठा र मर्यादा स्थापित गरिने छ ।
- आगामी पाँचवर्ष भित्र देशका कम्तिमा ५ स्थानमा ललितकला, चित्रकला तथा मूर्तिकला प्रतिष्ठानहरू स्थापना गरिनेछ । प्राथमिक विद्यालयको शिक्षा पुरा गरेका सानै उमेरदेखि ललितकला, चित्रकला तथा मूर्तिकलामा रूचि राख्ने बालबालिकालाई छनोट गरी कलाकारितातर्फ उच्चस्तरको प्रशिक्षण दिइने छ । यस्ता प्रतिष्ठानमा कक्षा ८ देखि १२ सम्मको प्राज्ञिक शिक्षा दिने व्यवस्था गरिनेछ ।
- चलचित्रकर्मीहरूको परामर्शमा उपयुक्त स्थानमा चलचित्र निर्माणकोलागि सबै किसिमको अत्याधुनिक सुबिधा भएको फिल्म नगर विकास गरिनेछ ।
- फिल्म नगरमा उच्चस्तरको अभिनय तथा नाट्य तालिम केन्द्र स्थापना गरिने छ ।
- सार्वजनिक निजी साझेदारीमा उपयुक्त स्थानहरूमा संगीत प्रेक्षालय निर्माण गर्न प्रोत्साहित गरिनेछ ।

### ६.७ वातावरण

- काठमाण्डौ लगायत प्रमुख शहरहरूको वायु प्रदूषण हटाउन उद्योग कलकारखाना र यातायातका साधनहरूलाई प्रदूषण कम गर्ने प्रविधिद्वारा विस्थापित गरिने छ । ।
- राष्ट्रका महत्वपूर्ण नदि-नाला, ताल-तलैयालाई प्रदूषणमुक्त गर्न अभियानको रूपमा प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा जैविक विविधता संरक्षण तथा सम्वर्धनको नेतृत्व लिनका लागि उपयुक्त स्थानमा अन्तर्राष्ट्रिय जैविक विविधता केन्द्रको स्थापना गरिनेछ ।
- जलवायु परिवर्तन र यसवाट पर्ने असरवारे आम नागरिकहरूलाई सचेत गराउनुका साथै औपचारिक शिक्षामा व्यवस्था गरिनेछ ।
- पूर्वाधार विकास वातावरण मैत्री बनाइनेछ ।
- तराई क्षेत्रमा वन तथा जंगल व्यवस्थापन गर्न आधुनिक प्रविधिद्वारा जंगललाई वैज्ञानिक रूपमा सिंमाकंन गरिनेछ ।
- प्लाष्टिकको झोलाको प्रयोगलाई रोक्न विशेष नीति तर्जुमा गरिनेछ । वातावरण मैत्री झोला निर्माण गर्ने र त्यस किसिमको कार्यलाई प्रोत्साहन गरिनेछ ।
- संरक्षित वन क्षेत्र र वन पैदावारबाट आय आर्जन गर्ने कानुनी प्रावधानलाई परिमार्जन गरिनेछ । शैक्षिक प्रयोजन र निजी आर्जनका लागि निजी क्षेत्रमा चिडीयाखाना राख्न पाउने व्यवस्था गरिनेछ ।

### ६.८ प्राकृतिक स्रोत व्यवस्थापन

- मुलुक भित्र रहेका सबै किसिमका प्राकृतिक श्रोत वन, वनस्पति, वन्यजन्तु,

खनिज तथा जल सम्पदा, जडिबुटी आदि के कति परिमाणमा उपलब्ध छन्, तीनको अवस्था बारे वैज्ञानिक ढंगबाट अनुगमन तथा आँकलन गरिनेछ ।

- प्राकृतिक स्रोतमाथि जलवायु परिवर्तन वा मानव श्रृजित वा प्राकृतिक रूपमा के कस्ता प्रभाव परिरहेको छ, त्यसको संभाव्य असरका वारे अध्ययन अनुसन्धान गरी ती प्रभावलाई सम्बोधन गरिनेछ ।
- प्राकृतिक श्रोत र यसको व्यावसायिक उपयोगमा स्थानीय जनताको हक र सहभागीता सुनिश्चित गरिनेछ ।
- प्राकृतिक स्रोतको संरक्षण सम्बर्धन र दिगो उपयोगसँग सम्वन्धित नेपाल पक्ष भएका अन्तर्राष्टिय सन्धी, सम्झौता, तथा सहमतिलाई पालना गर्दै सम्वन्धित ऐन नियम नीतिहरूमा परिमार्जन गरी तीनलाई प्रभावकारी कार्यान्वयनको लागि संस्थागत व्यवस्था गरिनेछ ।
- वनस्रोत, जलस्रोत तथा भूमिस्रोतको उचित व्यवस्थापन र उपयोग गर्दै खाद्य सुरक्षा, उर्जासुरक्षा तथा जल संरक्षणका माध्यमले मुलुकलाई समृद्धितर्फ उन्मुख गराईनेछ । सामुदायिक वन विकासमा विशेष जोड दिनेछ ।
- नेपालका तराईको ठूलो भूभाग र पहाडका खोला किनार वस्ती क्षेत्रमा बाढी पहिरोले घर बस्ती तथा जग्गा नाश भई रहनेछ समस्यालाई दीर्घकालिक रूपमै समाधान गर्न चुरे भावर क्षेत्रको संरक्षणमा चुरे क्षेत्र संरक्षण कार्यक्रम राष्ट्रिय अभियानको रूपमा संचालन गरिनेछ ।
- दैवि प्रकोपलाई अभियानको रूपमा न्यूनिकरण गरिनेछ ।

**६.९ अन्तराष्ट्रिय सम्बन्ध**

- नेपाली कांग्रेस नेपाललाई विश्व समुदायको एउटा सक्षम र प्रतिष्ठित सदस्यको रूपमा स्थापित गर्न चाहन्छ ।
- संयुक्त राष्ट्र संघको वडापत्र, पञ्चशील, असंलग्नता, राष्ट्रिय हित एवं सुरक्षा, विश्वशान्ति, परराष्ट्र नीति र अन्तराष्ट्रिय सम्बन्धका मूल आधार हुनेछन । पारस्परिक सम्मान, सद्भाव र समानताका आधारमा सबै राष्ट्रहरूसँग सम्बन्ध र मित्रता कायम गरिनेछ ।
- संयुक्त राष्ट्रसंघको सदस्यका रूपमा नेपालको अन्तराष्ट्रिय छविलाई शान्तिप्रेमी, लोकतान्त्रिक र राष्ट्रिय स्वाधीनताप्रेमी स्वतन्त्र राष्ट्रका रूपमा प्रस्तुत गरिनेछ ।
- छिमेकी मित्र राष्ट्रहरू भारत र चीनसँगको सम्बन्धलाई समानता, स्वतन्त्रता, क्षेत्रीय अखण्डताको सम्मान गर्दै अन्तराष्ट्रिय सम्बन्धका मूल्य र मान्यता अनुरूप व्यवहारिक र वस्तुनिष्ठ आधारमा मैत्रीपूर्ण बनाइने छ। छिमेकी मित्रराष्ट्रहरूको सुरक्षा र अन्य सम्वेदनशीलतालाई ध्यानमा राख्दै नेपालको भूमि कुनैपनि राष्ट्रको हित विपरीत प्रयोग गर्न दिईने छैन ।
- क्षेत्रीय विकास र समझदारीका लागि ठोस परिणाममुखी सहयोग पुग्ने गरी दक्षिण एशियाली राष्ट्रहरूको संगठन (सार्क)लाई सृजनात्मक रूपान्तरण गर्न प्रयत्न गरिनेछ ।
- बढदो विश्वव्यापीकरण, अन्तर निर्भरता, सञ्चार र सामाजिक सञ्जालको व्यापकताबाट वदलिदो विश्व सन्दर्भमा राष्ट्रको सुरक्षा र नेपाली जनताको आर्थिक समुन्नतिको लागि अन्तराष्ट्रिय व्यापार, प्रविधि, वैदेशिक लगानी, पर्यटन विकास, श्रम र योग्यताको सम्मान हुने वैदेशिक रोजगारीका क्षेत्रहरूको उपयोग गर्न आर्थिक कुटनीतिलाई प्रभावकारी वनाईने छ ।

**६.१० वैदेशिक सहायता**

- आन्तरिक स्रोतका आधारहरूको वृद्धि र सुदृढिकरण गर्दै वैदेशिक सहायताको निर्भरता क्रमिक रूपमा कम गर्दै लैजाने नीति नेपाली कांग्रेसको रहनेछ। बैदेशिक सहायताको उपयोग गर्दा आन्तरिक स्रोत वढाउन सहयोग पुऱ्याउने राष्ट्रिय प्राथमिकताका क्षेत्रमा लगानी गर्ने नीति लिइनेछ।
- ठूला भौतिक पूर्वाधार निर्माण, कृषिको व्यवसायीकरण, दक्ष जनशक्ति विकास तथा प्रविधी हस्तान्तरणलाइ सहयोग पुग्ने कार्यक्रम बैदेशिक सहायताका प्रार्थमिकताका क्षेत्र हुनेछन।
- वैदेशिक सहायताको उपयोग गर्न बनेका नीतिहरूलाई पुनरावलोकन गरी राष्ट्रिय स्वामित्व सुनिश्चित गरिनेछ। दातृ निकायबाट प्राप्त सहायतालाई पारदर्शी र प्रभावकारी बनाइनेछ। निशर्त सहायतामा जोड दिइनेछ र राष्ट्रिय हित अनुकुल नहुने कुनैपनि सशर्त सहयोग स्वीकार गरिने छैन।

**६.११ राजस्व तथा आन्तरिक स्रोतको परिचालन**

- जनताका सेवाको लागि चाहिने राष्ट्रको आर्थिक स्रोत राष्ट्र भीत्रै जुटनु पर्छ र त्यसका लागि राजस्वको आधार विस्तार गर्नुपर्छ भन्ने नेपाली कांग्रेसको मान्यता हो। यसै मान्यता अनुरूप स्वेच्छिक कर तीर्ने बानी बसाउन, कर चुहावट रोक्न करका दरहरू र प्रशासनिक प्रकृयामा सरलीकरण गर्न नेपाली कांग्रेस प्रतिवद्ध छ।
- मूल्य अभिवृद्धि कर राजस्वको मूल स्रोत हुनेछ र मूल्य अभिवृद्धि करमा हुने गरेको चुहावट नियन्त्रणलाई प्रभावकारी तुल्याइने छ। लगानी प्रवर्धन, निर्यात वृद्धि, औद्योगीकरण, जलविद्युतको विकास जस्ता विषयलाइ लक्षित गरी अन्तशुल्क, भन्सार र आयकरमा नीतिगत सुधार गरिनेछ।

**६.१२ वैदेशिक व्यापार**

- अन्तराष्ट्रिय वजारमा नेपाली उत्पादनको निर्यात एवं प्रवर्द्धन गर्नका लागि विद्यमान व्यापार नीतिलाई परिमार्जन एवं पुनरावलोकन गरिने छ। एकिकृत व्यापार नीति तर्जुमा गरिने छ। तुलनात्मक लामका वस्तु एवं सेवालई प्रवर्द्धन गरी वर्तमान निर्यात/गाहर्स्थ उत्पादनको हालको ४ प्रतिसत अनुपातलाई ५ वर्षमा दोब्बर गरिने छ।
- द्विपक्षीय, क्षेत्रीय एवं बहुपक्षीय व्यापार सम्झौतामा राष्ट्रिय हितको संरक्षण गरिने छ। व्यापार साझेदार मुलुकहरूसँग आवश्यकता अनुरूप द्विपक्षीय बृहत आर्थिक साझेदारी सम्झौता गरिने छ।
- कृषिजन्य वस्तुको निर्यात प्रवद्धनका लागि निर्यात सहुलियतको व्यवस्था गरिने छ। तथा निर्यातवाट कृषकलाई फाईदा दिलाउन करार खेती तथा निर्यात गृहको कानुनी व्यवस्था गरिने छ।
- व्यापार सहजिकरण तथा आवश्यक मौलिक पूर्वाधार विकास गुरू योजना तयार गरी लागु गरिनेछ।

**७. नेपाली कांग्रेसको सामाजिक नीति तथा कार्यक्रम**

- नेपाली कांग्रेस समतामुलक समाजको स्थापनागर्न चाहन्छ। नेपाली कांग्रेस आफ्नो स्थापनादेखि नै त्यसकानिम्ति प्रतिबद्ध र प्रयत्नशील पनि छ। त्यसका लागि सवै किसिमका असमानता र विभेदका अवशेषको अन्त्य अत्यावश्यक छ। नेपाली कांग्रेस कानूनी रूपमा बिद्यमान विभेदका प्रावधानहरूलाई हटाउदै र यस क्रममा देखिएका विकृति र विसंगतिको अन्त्य गर्ने संकल्प गर्दछ।
- नेपाली कांग्रेस वास्तविक स्वतन्त्रता, सामाजिक न्याय र सुरक्षा सामाजिक

लोकतन्त्रको मार्गबाट मात्रै प्राप्त हुने कुरामा बिश्वस्त छ । यसै मार्गबाट प्राप्त हुने समाजवाद नै कांग्रेसको लक्ष्य हो । प्रत्येक नेपालीको जीवन सुखमय बनोस, प्रत्येक नेपाली आत्मसम्मानसहित बाँच्न पाउँन र नेपाली हुँ भन्दा गर्वको अनुभुति हुन सकोस, यहि मान्यताका साथ समृद्ध, न्यायपूर्ण र समावेशी नेपालको निर्माण गर्नु नेपाली कांग्रेसको दीर्घकालिन उद्देश्य हो ।

- २००७ सालदेखि २०६२/२०६३ सालसम्मको यो सात दशकको अवधिमा प्राप्त गरेका अनुभव र आफ्नो समृद्ध परम्पराका आधारमा नेपाली कांग्रेसले सामाजिक लोकतन्त्रको फराकिलो दायराबाट नै समतामुलक समाज निर्माण गर्न सकिन्छ भन्ने ठान्दछ । यस अवधिमा भएका परिवर्तनहरूलई संस्थागत गर्न कानूनी प्रावधानहरूको निर्माण गर्न, आवश्यक संरचना निर्माण गर्न र समतामुलक संस्कृतिलाई सामाजिक मूल्यको रूपमा स्थापित गर्न कांग्रेस प्रतिबद्ध छ ।
- नेपाली कांग्रेस कानुनी तवरले मात्रै होइन व्यवहारिक रूपमानै सवै नागरिकलाई समान बनाउन चाहन्छ । नेपाली कांग्रेस औपचारिक समानतामा होइन सारवान समानतामा विश्वास राक्दछ । नेपाली कांग्रेस सवै नागरिक कानूनको दृष्टिमा समान छन भन्ने कुरामा विश्वास गर्दछ तर कानूनले समान छन भन्दैमा मात्र समान नहुने कुराप्रति पनि उित्तकै सचेत छ । त्यसकारण कानूनको समान संरक्षणमा नै समतामुलक समाजको जग अडिएको छ भन्ने मान्यतामा आधारित भएर नेपाली कांग्रेसले आफ्ना नीति तथा कार्यक्रमलाई अगाडि वढाउनेछ ।
- लोकतन्त्रले उपलव्ध गराउने समान अवसरबाट कोहि पनि बञ्चित हुनुहुँदैन । कोही पनि नागरिक उसको बंश, जन्म रङ, क्षेत्र, जात, धर्म, भाषा, उतपित्त, पेशा, लिङ्ग,वर्ग तथा पदिय हैसियतका आधारमा अर्को नागरिक भन्दा उच्च वा विशेष बत्र सक्दैन । तर स्वतन्त्रताको समान उपयोगको सुनिश्चिततासँगै बञ्चितिकरणमा परेकाहरूलाई न्यायको सुनिश्चितताका लागि राज्य लोककल्याणकारी हुनुपर्छ भन्ने कांग्रेसको ठम्याई छ ।
- बिभेद र असमानताको अन्त्य गर्दै समावेशी विकास, आर्थिक वृद्धि र सामाजिक न्याय नेपाली कांग्रेसको लक्ष्य हो । सिमान्तकृत वर्ग, क्षेत्र समुदाय, अनाथ, अपाङ्गता भएका, दलित, महिला, मधेशी, आदिवासी, जनजाति लगायतलाई बहुसंख्यक समान बनाउन आरक्षण वा विशेष व्यवस्था लगायतका सकारात्मक विभेदका केही प्रभावकारी विधि अबलम्बन गरी सामाजिक न्याय र सुरक्षाको सुनिश्चित गरिनेछ । त्यसका लागि कांग्रेसले सोही अनुरूपका नीति अबलम्बन गर्नेछ ।
- सवै बर्ग, समुदाय, क्षेत्र, लिङ्ग र समुदायका नागिरकले सवैभन्दा गरीव, उत्पिडित र अपहेलित सामाजिक समुह वा व्यक्तिले समेत यो देश मेरो हो, यस प्रति मेरो कर्तव्य छ र मलाई राज्यले हेरेको छ भन्ने भावना जागृत गराउनका लागि तथा समतामूलक समाज निर्माणको लक्ष्य पूर्तिका लागि नेपाली कांग्रेस निम्न बमोजिमको सामाजिक नीति अवलम्वन गर्दछ ।

### ७.१ महिला

- महिला विरूद्ध हुने सवै प्रकारका हिसां, शोषण, विभेद, दमन र बहिष्करणको रोकथाम एवं नियन्त्रणका लागि पहुँच सहज कानूनी निरूपणको व्यवस्था गरिनेछ । महिलालाई घर, कार्य स्थल, सार्वजनिकस्थल, बाटोघाटो जस्ता स्थानमा लैङ्गिक हिंसा र महिला हिंसाबाट मुक्त राख्न महिलामाथि हुने हिँसाजन्य कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले क्षतिपूर्ति पाउने सुनिश्चितता

गरिनेछ ।

- महिलाहरूको राजनीतिक, आर्थिक तथा समाजिक अधिकारहरूको संरक्षण र सम्वर्द्धन राज्यको प्राथमिक दायित्वमा राखिनेछ ।
- राज्यका प्रत्येक संरचनामा महिलाको प्रतिनिधित्वलाई न्यूनतम ३३ प्रतिशत नघट्ने गरी अधिकतम सहभागीताका लागि विशेष पहल गरिनेछ ।
- महिलालाई आर्थिक रूपले आत्मनिर्भर बनाउनको लागि सम्पत्ति र पैतृक सम्पत्तिमाथि महिलाको हक अधिकार सुनिश्चित गरिनेछ ।
- महिलाको क्षमता विकास तथा शसक्तिकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । महिलालाई रोजगारीका अवसरहरू सृजना गर्नुको साथै उनीहरूले उत्पादन गरेका बस्तुलाई उचित बजार तथा पुँजीगत सहयोगको व्यवस्था गरिनेछ ।
- महिला र उनको परिवार, विशेष गरी बच्चाहरूको दिगो जीविकोपार्जन गर्न उत्पादनमूलक सम्पत्तिको लागि भौतिक सुविधा, जमिन, पूँजी, बजार, शीप, सूचना, मार्फत पहुँच र नियन्त्रणको योजना तयार गरी लागु गर्ने नीति अख्तियार गरिनेछ ।
- अति विपन्न र पछाडि परेका समुदायका जस्तै कमैया, बादी, कमलरी, चेपाङ्ग, राउटे, गन्धर्व, मुसहर, तेली, पासवान, लगायतका महिलाहरूलाई विशेष रोजगार मूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सरकारी अस्पतालमा बच्चा जन्माउने महिलालाई हाल दिई रहेको मातृत्व भत्तालाई दोब्बर गरिने छ ।
- एकल तथा विधवा महिलाहरूको लागि आय आर्जन, क्षमता विकास, शसक्तिकरण तथा सामाजिकिकरणमा विशेष सहयोगको व्यवस्था गरिनेछ । अपाङ्ग, निःसन्तान र दीर्घ रोगी महिलालाई विषेश आर्थिक सहयोगको कार्यक्रम लागू गरिने छ ।
- असहाय र विपन्न महिलाहरूका लागि 'महिला निकेतन' को स्थापना गरिनेछ जहाँ शिक्षा, शीप र तालिमको प्रबन्ध गरी आत्मनिर्भर गराइनेछ ।
- महिलाद्वारा नेपाली कला, संस्कृति र परम्परा झल्काउने उत्पादित बस्तुहरूलाई अन्तराष्ट्रिय व्यापार नीतिद्वारा सम्वर्धन गर्न र यसबाट नेपालको पर्यटन प्रवर्धन गर्न जोड दिईनेछ ।
- गर्भिणी महिला, नवजात शिशु र वालकको कुपोषण अन्तगर्न विशेष अभियान चलाईने छ ।

**७.२ दलित**

- दलित समुदायमाथि जातपात र छुवाछुतका आधारमा कुनैपनि स्थानमा कुनैपनि किसिमको विभेद, अवहेलना, असहिष्णु व्यवहार वा भेदभाव भएमा यस्तो व्यवहार सामाजिक अपराध मानिनेछ र कानूनद्वारा दण्डनीय हुनेछ । त्यस्तो अवस्थामा पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति दिईने व्यवस्था हुनेछ ।
- युगौ देखिको उत्पीडन, अन्याय र विभेद अन्त्यका लागि आवश्यक नीतिनिर्माण सहित समावेशीकरण कानूनको कार्यान्वयनमा विशेष जोड दिइनेछ । राज्यको निजामति प्रशासन, सुरक्षा निकाय, वित्तीय क्षेत्र, संस्थान, आयोग, समिति आदि हरेक निकायमा समानुपातिकका अतिरिक्त क्षतिपूर्ति बापत थप अधिकार सहित आरक्षणको नीति लिइने छ ।

- शिक्षामा पहुँच नहुनु नै दलितहरू पछाडि पर्नुको मुख्य कारण भएकाले दलितका छोरा छोरीलाई सबै तहमा छात्रवृतति र अन्य सहुलियतको व्यवस्था गरिनेछ। प्रत्येक विद्यालयमा न्यूनतम एक दलित शिक्षक नीति अनिवार्य गरिनेछ। छात्रवृत्ति कार्यक्रम अन्तर्रगत प्रत्येक निजी स्कूलले प्रत्येक कक्षामा दुई दलित विद्याथीलाई निःशुल्क पढाउनु पर्ने र दुई लाई अनिवार्य छात्रावृत्ति प्रदान गर्नु पर्ने व्यवस्था गरिनेछ।
- दलितहरूको घरधुरी बढी भएको ठाउँमा विद्यालय स्थापनालाई प्राथमिकता दिईने छ। दलित जेहन्दार विद्याथीहरूलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ।
- दलित विद्यार्थीलाई प्रोत्साहन गर्ने प्राविधिक शिक्षालय, शैक्षिक संस्था संचालनार्थ प्रोत्साहन स्वरूप सहुलियतको विशेष व्यवस्था गरिने छ। प्राविधिक शिक्षामा दलित कोटा छुट्टाइनेछ।
- दलितको पेशागत शीपलाई संरक्षण गर्दै आधुनिकीकरणमा जोड दिइनेछ।
- कतिपय दलित समुदायहरू दलितको सूचीमा सुचिकृत नहुदाँ राज्यबाट प्राप्त सुविधाहरूबाट बञ्चित रहेको कुरालाई ध्यानमा राख्दै गर्दै नेपाली कांग्रेस त्यस्ता समुदायलाई तत्काल सूचीकृत गराउने।
- राज्यका हरेक संरचनामा महिलाले प्राप्त गर्ने ३३ प्रतिशत कोटामा दलित महिलाको समानुपातिक अधिकारको सुनिश्चितताका लागि नीतिगत व्यवस्था गरिने छ।
- भूमिहीन दलितका लागि भूमि बैंक मार्फत भूमि प्रदान गरिनेछ। असुरक्षित स्थानमा बसोबास गरीरहेका दलित समुदायको परिवारको पहिचान गरी जमिन सहितको सुरक्षित आवासको व्यवस्था गरिने छ। दलितहरू भएका बस्तिहरूलाई विशेष आवास तथा बस्ति सुधार कार्यक्रम मार्फत स्वच्छ, सुन्दर र नमूनाको रूपमा विकास गरिने छ
- मुटुरोग, मृगौला प्रत्यारोपण, क्यान्सर, ब्रेन, टचुमर आदि कडारोग लगेका दलित समुदायका व्यक्तिहरूलाई निशुल्क उपचारको व्यवस्था गरिनेछ।
- दलित समुदायलाई जीवीकोर्पाजन गर्नका निमित्त राज्यले विशेष रोजगारीका कार्यक्रम संचालन गर्ने साथै विना धितो ऋण उपलब्ध गराई शीपमूलक काम सिकाई आत्मनिर्भर हुने व्यवस्था गरिने छ।
- बेरोजगार दलित युवायुवतीहरू वैदेशिक रोजगारीमा जान चाहेमा सरकारबाट विना धितो आवश्यक ऋण सुविधा उपलब्ध गराउने व्यवस्था गरिनेछ। युवा स्वरोजगार मार्फत विशेष योजना सहितको कार्यक्रम तत्काल ल्याइनेछ।
- दलितहरूको हक हितको सुरक्षाका लागि दलित परिषदको निर्माण गरिनेछ।

**७.३ आदिवासी जनजाति**

- आदिवासी जनजातिहरूको लोकतन्त्रप्रतिको आस्थालाई उच्च सम्मान गर्दै समान हुन पाउने लोककल्याणकारी राज्यको मान्यता अनुसार सम्पूर्ण राज्य संयन्त्रमा विना भेदभाव समान पहुँचको सुनिश्चितता गरिनेछ।
- आदिवासि जनजातिहरूका लागि नेपालको संविधान तथा ऐन कानूनले दिएको संरक्षणलाई पूरै अनुसरण गरी उनीहरूको जनसंख्याको आधारमा प्रतिनिधित्व गराइनेछ।
- जंगल, जमिन र जल जस्ता प्राकृतिक स्रोत साधनको प्रयोग, उपयोग, उपभोग, व्यवस्थापन र संरक्षण गर्ने कार्यमा आदिवासी तथा स्थानीय समुदायको पहिलो

अधिकार सुरक्षित गरिने छ। प्राकृतिक स्रोत साधनको व्यवस्थापन, संरक्षण र उपयोग गर्दा स्थानीय समुदायको हितलाई ध्यान दिइनेछ।

- आदिवासी/जनजातिको ऐतिहासिक थलोमा प्राकृतिक स्रोत र साधनमा आश्रित आदिवासी/जनजातिको उपभोग अधिकार कानूनी सुरक्षा, प्राकृतिक स्रोत साधनको दोहन गर्नु अघि पूर्व सहमति र लाभको न्यायोचित बाँडफाँडको हकलाई सुरक्षित गरिने छ।
- आदिवासी जनजातिको जीवनस्तर उकास्नका निमित्त सिपमूलक तालिम तथा कृषी सम्वन्धि नयाँ प्रविधि अनुदानमा उपलब्ध गराइने छ।
- आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, शीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गरिने छ। संरक्षण गर्नका निमित्त उनीहरूको ३० प्रतिशत भन्दा बढी जनसंख्या भएको ठाउँमा आदिवासी जनजाति पुस्तकालय, भाषा, संस्कृति, भेष भूसा आदि झल्काउने जीवन्त संग्राहलय, अनुसन्धान केन्द्रहरूको स्थापनाका लागि नेपाली कांग्रेसले विशेष संरक्षण अन्तरगतको प्याकेज कार्यक्रम घोषणा गर्नेछ।
- मातृ भाषामा शिक्षा लिने दिने व्यवस्थालाई अझै व्यापक बनाइने छ।
- पर्यावरण संरक्षणमा स्थानीय ज्ञान शीपको व्यापक प्रयोग गरिने छ।

**७.४ मधेशी समुदाय**

- सामाजिक समावेशीकरण विधेयक तत्काल ल्याइनेछ।
- जनसंख्याको आधारमा सकारात्मक विभेदको माध्यमद्वारा राज्य संयन्त्रलाई समावेशी र सामेली चरित्रको बनाइनेछ ।
- सेनामा समावेशीकरण ऐन तत्काल लागू गरिनेछ। तराईका विभिन्न तीन ठाउँमा मधेशी समुदायको सेनामा सहज पहुँच र प्रोत्साहनका लागि तालिम केन्द्र सञ्चालन गरिनेछ।
- मधेसी युवालाई रोजगारीको सुनिश्चितताका लागि विशेष कार्यक्रम तय गरिनेछ।
- मधेसभित्र पनि मधेशका पछाडी पारिएका समूहको विकासका लागि विशेष कार्यक्रमहरू ल्याईने छ।
- तराईका ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थल किच्चक वध, जनकपुर, सिम्रौनगढ, दाङ्गीशरण लुम्बिनी लगायतका स्थलको संरक्षण र संवर्द्धन गरी त्यसबाट आएको आम्दानी तराइकै विकास निर्माण र रोजगारीमा लगाइनेछ।
- भूमिको वैज्ञानिक व्यवस्थापन गरी कृषिक्रान्तिको मार्ग प्रशस्त गरिनेछ। प्रर्याप्त सिंचाइको लागि नहरहरू र वोरिङ्गको व्यवस्था गरिनेछ। मल खादको कारखाना निर्माण गरिनेछ। तराई लक्षित रोजगारीका विशेष योजना तर्जुमा गरिनेछ।
- तराईको पर्यावरणीय सन्तुलन, जैविक विविधता कायम गर्न र नदी नियन्त्रण गर्न चुरे संरक्षण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ। तराईमा बढ्दै गइरहेको मरूभूमिकरणलाई रोक्न विशेष क्रार्यक्रम ल्याइनेछ।
- प्राकृतिक प्रकोपबाट पीडितका लागि राहत, उद्धार र पुनर्बासका लागि विशेष योजना र संरचना निमाण गरिनेछ।
- आर्सेनिक रहित पानीको व्यवस्था गरिनेछ।
- मधेशका विविधताको अध्ययन गर्न मधेश एकेडेमी निर्माण गरिनेछ।
- तराईमा बोलिने मातृभाषा भोजपुरी , मैथिली , अवधि , थारू उर्दु लगायतका

अन्य भाषाको संरक्षण र संबर्द्धनका लागि भाषिक आयोग बनाइनेछ। भाषिक जनगणना तत्काल गरिनेछ।

- तराईमा देखिएको नागरिकता सम्वन्धी विवादको स्थायी समाधान गर्नका लागि नागरिकता प्राप्त गर्ने नैसर्गिक अधिकारको सम्मान गर्दै घरदैलोमा पुगी नागरिकता प्रदान गरिनेछ।
- तराइका विपन्न दलित परिवारहरूको आर्थिक-सामाजिक अवस्थामा सुधारका लागि विशेष लक्षित शीप अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।

**७.५ युवा**

- राष्ट्रको निर्णय प्रकृयामा युवाहरूको पूर्ण सहभागीता गराइने छ। राज्यका निकायहरूमा युवाहरूको सहभागीता सुनिश्चित गर्नका लागि उच्च कार्यकारी पदहरूमा मूलतः कार्यकाल तोकि युवाहरूको लागि नेतृत्वमा स्थान सुनिश्चित गरिने छ। युवा सहभागीताका लागि वाधक देखिएका कानूनमा तत्काल संशोधन गरिनेछ।
- युवाको ज्ञान, शीप, अनुभव र सिर्जनशीलतालाई राष्ट्र निर्माणमा सरिक बनाउन देशका समग्र निकायहरूमा युवाहरूको समानुपातिक प्रतिनिधित्व र सहभागीता सुनिश्चित गरिने छ।
- युवा शीपलाई उद्यमशिल बनाउन, तीनलाई प्राविधिक तथा आवश्यकता अनुसारका अन्य शीप विकास कार्यक्रममा सामेल गराइने छ। यस प्रयासले अर्थतन्त्रको निश्चित क्षेत्र कृषि, निर्माण, पर्यटन, सूचना प्रविधि आदि बीचको दुरी कम गर्न सघाउने छ।
- राष्ट्रको इतिहास, सस्कृति, सम्पदा आदि बारे सचेत गराउँदै, राष्ट्रिय एकतामा प्रतिबद्ध बनाउँदै, सद्भाव र सहिष्णुतामा स्वस्थ जीवन बाँच्न युवाहरूलाई प्रशिक्षित गर्ने अभियान सुरू गरिने छ। युवाहरूलाई सुरक्षित र हिंसारहित वातावरणमा शिक्षा आर्जनको व्यवस्था सुनिश्चित गराइने छ। खेलकूद मार्फत युवाहरूको शारीरिक तथा मानसिक विकासमा अवसर दिईनेछ।
- युवा उद्यमीहरूद्वारा प्रस्ताव गरीएका परियोजनाहरूलाई प्राथमिकताका साथ बैंक तथा वित्तीय संस्थाहरूवाट ऋण सुविधा उपलव्ध गराईने छ।
- पिछडिएका क्षेत्र, वर्ग र समुदायका युवाहरूलाई विशेष रोजगारी र उद्यमशीलताको विकास गरिने छ। युवाशक्तिलाई विज्ञान तथा प्रविधि, अध्ययन अन्वेषण र नविन प्रविधिको विकासमा लाग्न उत्प्रेरित गरिनेछ।
- स्वदेशमै रोजगारी सृजना गरी वेरोजगार युवाका समस्यालाई क्रमिक रूपमा हटाईनेछ। कामको लागि विदेशिएका युवाहरूको लागि बिशेष कार्यक्रमहरू ल्याईने छ। बेरोजगार युवालाई निर्वाह भत्ताको व्यवस्था गरिनेछ।
- देश भरी सम्पूर्ण निर्वाचन क्षेत्रहरूमा युवा सूचना केन्द्र स्थापना गरिने छ र राष्ट्रका महत्वपूर्ण काममा युवाको प्रतिनिधित्व बढाउँदै लगिनेछ।
- युवालाई राज्यले विभिन्न प्रकारका दक्षता हासिल गर्न सरकारी, निजी, सामुदायिक संस्थाहरूमा स्वयंसेवक र स्वयंसेवक प्रशिक्षार्थीका रूपमा प्रयोग गर्ने व्यवस्था गरिने छ।
- युवालाई दुर्व्यसनबाट मुक्त राखिनेछ र अतिवादीहरूले युवाशक्ति दुरूपयोग गर्न नपाउन भनेर अध्ययन, खेलकुद, सङ्गीत, कला, अन्वेषण जस्ता सिर्जनात्मक र रूचिकर कामको अवसर बढाईने छ।

- युवा नीति २०६६ को प्रभावकारी कार्यान्वयन गरिनेछ। प्रत्येक गाउ विकास समितिमा युवा परिषदको गठन गरिने छ। केन्द्रमा एक युवा संसद बनाइनेछ।

**७.६ श्रमिक**

- अनौपचारिक क्षेत्रमा रहेका समेत सबै श्रमजिवीहरूलाई सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउनका निमित्त सामाजिक सुरक्षा सम्बन्धी कानून निर्माण गरी कार्यान्वयन गरिनेछ।
- सबै क्षेत्रमा न्यूनतम ज्याला निर्धारण र मर्यादित कामको सुनिश्चिता दिलाइनेछ। निर्धारित न्यूनतम ज्यालालाई व्यवहारमा नै कार्यान्वयन गरईनेछ।
- सबै क्षेत्रका श्रमजीवीहरूलाई विशिष्ट स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि आधुनिक सुविधा सम्पन्न श्रमिक अस्पतालको स्थापना गरिनेछ।
- बाँधाश्रम र बाल श्रमको अन्त्य गर्न नेपाली कांग्रेसले विशेष अभियान संचालन गर्नेछ। यस्ता श्रम शोषण गर्ने व्यक्तिलाई नेपाली कांग्रेसले कुनै पद वा जिम्मेवारी दिने छैन। त्यस्ता व्यक्तिको सकृय सदस्यता समेत खारेज गरिनेछ।
- अनौपचारिक क्षेत्रमा कार्यरत श्रमजीवीहरूको अभिलेख स्थानीय निकायमा राख्ने कानूनी व्यवस्था मिलाइनेछ र श्रमजीविहरूलाई श्रमिक परिचयपत्र उपलवध गराईने छ।
- अन्तराष्ट्रिय श्रम संगठनको श्रमिकले संगठन गर्न पाउने अधिकार सम्वन्धी अभिसन्धि ८७ लाई अनुमोदन गराईने छ।
- व्यवस्थापनमा ट्रेड यूनियनको प्रतिनिधित्वका साथै राज्यको नीति निर्माणको तहमा १० प्रतिशत श्रमजीवीको प्रतिनिधित्व सुनिश्चितता गराईने छ।
- नेपाली कांग्रेसको सबै संस्थागत संरचनामा कम्तीमा २ जना श्रमजीवि (महिला १, पुरूष १) को प्रतिधित्व गराईने छ।
- संगठन गर्ने अधिकार सामूहिक सौदावाजी गर्ने अधिकार र कानुन बमोजीम हडताल गर्न पाईने अधिकारको सुनिश्चिता गराईने छ।
- श्रमजीवीहरूका समस्याको सम्वोधन गर्नका लागि राष्ट्रिय श्रम आयोगको व्यवस्था गरिने छ।
- श्रमजीवीहरूको आर्थिक जीवनस्तर उठाउनका निम्ति प्राथमिकता साथ उपयुक्त कार्यक्रमहरू सञ्चालन गरिने छ।
- घरेलु श्रमिकहरूको सम्मानजनक काम सम्बन्धी अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं. १८९ र घरस्थित श्रमसँग सम्वन्धित अभिसन्धि १७७ लगायत अन्तराष्ट्रिय श्रम संगठनको श्रमिकले संगठनका श्रमसँग सम्वन्धित अभिसन्धिहरूलाई अनुमोदन गरिनेछ।
- मजदुरहरूलाई खाद्य तथा अन्य आधारभूत उपभोग्य वस्तुहरू उपलव्ध गराउन आवश्यक परिचयपत्र र कार्डको व्यवस्था गरिने छ।

**७.७ वैदेशिक रोजगार**

- दीर्घकालिन रोजगारको स्वदेशमै सृजना गरी वैदेशिक रोजगारीमा जान निरूत्साहित गरिनेछ। राज्य तहबाटै दक्ष र शीपयुक्त बनाउने संस्था निर्माण गरी प्रत्येक नागरिकलाई आफ्नो खुट्टामा उभिन सक्ने व्यवसायिक शिक्षाको प्रवर्द्धन गरिनेछ।
- तत्काललाई वैदेशिक रोजगारमा जाने व्यक्तिलाई शीपमूलक तालिमको व्यवस्था गरी दक्ष जनशक्तिका रुपमा पठाइनेछ। बैदेशिक रोजगारलाई सुरक्षित,

व्यवस्थित र मर्यादित बनाइने छ ।

- वैदेशिक रोजगारीमा जाने श्रमजीविहरूलाई संगठन गर्न पाउने अधिकार, सामूहिक सौदावाजी गर्न पाउने अधिकार, न्यूनतम ज्याला पाउने अधिकार, सामाजिक सुरक्षाको अधिकार र व्यवसायजन्य स्थास्थ्य र सुरक्षाको अधिकारको प्रत्याभुति गराईने छ ।
- वैदेशिक रोजगारीमा श्रमिक पठाउँदा गन्तव्य मुलुकहरूसँग सम्झौता गर्ने व्यवस्था मिलाइने छ ।
- वैदेशिक कामबाट फर्कनेहरूले ल्याएको ज्ञान शीपलाई अधिकतम उपयोग गरी नेपालमा नै रोजगारि सिर्जना गर्न प्याकेज कार्यक्रमको व्यवस्था मिलाईने छ । वैदेशिक रोजगारीवाट भएको आम्दानीलाई स्वदेशमै उत्पादनमूलक कार्यमा लगाइने नीति ल्याइनेछ ।
- रोजगारीमा जानेहरूवाट लिइने सेवा शुल्कको सीमा कम गरिनेछ यस सम्वन्धि कानुनी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- वैदेशिक रोजगारमा जाने श्रमिकलाई न्यून व्याजदरमा ऋण दिने व्यवस्था गरिने छ । यसका लागि हाल मौज्दातमा रहेको कल्याणकारी कोषको बचतको प्रयोग, सरकारद्वारा ऋणकोषको स्थापना, वा सहकारी संस्थाहरूको प्रयोग गर्ने जस्ता उपाय अवलम्बन गरिनेछ ।
- आचार संहिता अनुसारको व्यवहार गर्ने वैदेशिक रोजगार एजेन्सीलाई मात्र लाइसेन्स दिइनेछ । एजेन्टहरूलाई दिने कमिशन आप्रवासी श्रमिकहरूबाट एजेन्सीहरूले असुल्न नपाउने व्यवस्था गरिनेछ ।
- वैदेशिक रोजगारी सम्बन्धी सूचना एवं न्याय/क्षतिपूर्तिको संयन्त्रमा सहज पहुँच सुनिश्चित गर्न वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको क्षेत्रीय कार्यालयहरू स्थापना गरिनेछ ।
- वैदेशिक रोजगार न्यायाधिकरण लगायत वैदेशिक रोजगारीका क्षेत्रमा हुने ज्यादतीको अनुगमन गर्ने संयन्त्रहरूलाई थप स्रोतहरू सुनिश्चित गरी । जिल्लातहसम्म विकेन्द्रीकृत गरिनेछ ।
- महिलाहरूलाई थप जोखिमबाट बचाउन उनीहरूको आप्रवासनमाथि लगाइएका बन्देजहरू अन्त्य गरिनेछ । वैदेशिक रोजगारीमा जाने महिलाहरूसँग सम्वन्धित प्रकृयालाई सुधार र व्यवस्थित गरिने छ । गन्तव्य मुलुकसँग गरिने श्रम सम्झौतापत्रमा मानवअधिकार र श्रम अधिकारका बारेमा उल्लेख गरिनेछ ।
- वैदेशिक रोजगार ऐनमा व्यवस्था गरीए बमोजिम ५,००० जना भन्दा बढी नेपाली श्रमिकहरू कार्यरत देशमा रहेका नेपाली दुतावासमा श्रम सहचारीको नियुक्त गरिनेछ । श्रम सहचारीहरू दक्षताको आधारमा नियुक्त हुने सुनिश्चित गरिनेछ ।
- राजदुतावासमा मर्कामा परेका व्यक्तिहरूलाई सहयोग गर्न छुट्टै "सहायता कक्ष" को व्यवस्था गरिनेछ । दूतावासहरूमा महिलाको हक, हित र सुरक्षाकालागि विशेष व्यवस्था गरिनेछ ।
- मानव वेचविखन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रोटोकल अनुमोदन गरिनेछ र नेपालको मानव वेचविखन सम्बन्धी कानूनमा श्रम शोषणका लागि गरिने वेचविखन समेत समेटिने छ र उक्त कानुनको कडाइका साथ कार्यान्वयन गरिनेछ ।

- वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको हितमा उक्त मुलुकहरूका व्यवसायीहरूसँग साझेदारीबाट नेपालमा उद्योग स्थापना गरी कामदारहरूको शेयर लगानी गर्ने व्यवस्था गरिने छ ।
- प्रत्येक विकास क्षेत्रमा वैदेशिक रोजगारको विभागीय काम गर्न सक्ने कार्यालय स्थापना गरी रोजगारमा जाने अन्तीम छनौट क्षेत्रीय तहवाट नै गराईने छ। यसवाट वैदेशिक रोजगारमा जान चाहन व्यक्तिलाई सरल र कम खर्चमा जान सक्ने वनाउने छ ।
- आप्रवासी श्रमिकहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि अनुमोदन गरिनेछ ।

**७.८ ज्येष्ठ नागरिक**

- जेष्ठ नागरिकहरूलाई दिइरहेको हालको मासिक सामाजिक सुरक्षा भत्ता (वृद्ध भत्ता) दोब्बर गरिनेछ र प्रत्येक दुइ वर्षमा यसको पुनरावलोकन गर्ने निश्चित आधारहरू लागू गरिनेछ ।
- प्रत्येक जिल्ला सदरमुकाम र पवित्र तिर्थस्थलहरूमा सार्वजनिक निजी, सामुदायिक साझेदारीमा "ज्येष्ठ नागरिक केन्द्र" स्थापना गर्ने व्यवस्था गरिनेछ । वृद्ध आश्रमलाई सुविधासम्पन्न बनाइनेछ ।
- ८० बर्ष र सो भन्दा माथि उमेर पुगेका ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक केन्द्रमा आवास, खाना, स्वास्थ्य उपचार लगायतका सबै सेवा निशुल्क उपलब्ध गराइने छ । निशुल्क सेवाको खर्चका लागि स्वायत्त राष्ट्रिय ज्येष्ठ नागरिक कोष स्थापना गरिनेछ । यस कोषमा प्रत्येक वर्ष सरकारले निश्चित रकम योगदान गर्ने छ ।
- वृद्ध/वृद्धालाई सार्वजनिक यातायातमा शत प्रतिशत सहुलियत प्रदान गरिनेछ ।
- ज्येष्ठ नागरिकलाई स्वास्थ्य उपचारमा सहुलियतको व्यवस्था गरिनेछ । ज्येष्ठ नागरिकहरूको विशिष्ट उपचारसेवा प्रदानगर्ने दक्षिण-एसियाली मुलुककै एउटा नमुनाको रूपमा आधुनिक अस्पताल निर्माण गरिनेछ ।
- ज्येष्ठ नागरिक कोषमा गरीएको मौद्रिक योगदान आयकर प्रयोजनको लागि पुरै खर्च कट्टा गर्न पाउने कानूनी प्रबन्ध गरिनेछ । व्यक्तिगत सम्पतिलाई मरणोपरान्त ज्येष्ठ नागरिक कोषमा जम्मा गर्ने जनचेतनामूलक कार्यक्रमहरू संचालन गरिनेछ ।

**७.९ अंपागता भएको समुदाय**

- अपांगता भएका व्यक्तिहरूलाई राज्यका सबै सार्वजनिक सेवा, स्थान तथा अन्य सुविधाहरूमा विशेष व्यवस्थासहित समावेशी र समानुपातिक प्रतिनिधित्व र पहूँच सुनिश्चित गरिने छ । उनीहरूले प्रयोग गर्ने सामान/उपकरणहरू स्वदेशमै उत्पादन गर्न र त्यसमा सबैको पहुँच विस्तार गरिनेछ ।
- सार्वजनिक पूर्वाधार, सरकारी भवनहरू, सार्वजनिक प्रयोगका निजी भवनहरू र संयुक्त आवासगृह अपांगमैत्री प्रविधि राखी निर्माण गर्नुपर्ने मापदण्ड जारी गरी कार्यन्वयनको अनुगमन गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रचलनअनुरूप सामाजिक सुरक्षाको प्रत्याभूत गराइने छ ।
- सर्वोच्च अदालतले अपाङ्गता भएका व्यक्तिहरूको बारेमा गरेका निर्णयहरूलाई कार्यान्वयन गरिनेछ ।

- अपाङ्गताको प्रकृति हेरी उपयुक्त शीपमुलक तालिम प्रदान गरी रोजगारीका अवसरहरूमा पहुँच विस्तार तथा स्वरोजगारीका अवसरहरूको सृजना गरी उद्यमशीलता विकास गर्न विशेष आर्थिक सहयोगको व्यवस्था गरिनेछ। अपाङ्गहरूलाई उपयुक्त रोजगारीको व्यवस्था गरिने छ र उनीहरूलाई रोजगारी दिने उद्यमी व्यवसायीहरूलाई विशेष सम्मानको व्यवस्था गरिने छ।

**७.१० यौनिक अल्पसंख्यक**

- यौनिक अल्पसंख्यकलाई पहिचान सहितको नागरिकता दिने कानूनी प्रवन्ध गरिनेछ। पहिले वितरण गरीएका नागरिकतामा भएको अस्पष्ट लैङ्गिक पहिचानको पहिचान गरी तत्काल सुधार सहितको नागरिकता प्रदान गरिने छ। यौनिक अल्पसंख्यकको अधिकार र प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

**७.११ सुकुम्बासी तथा असुरक्षित आवासको समस्या**

- नेपाली कांग्रेस आयआर्जन तथा सुरक्षित वसोवासको प्रवन्ध नभएका कारणले वाध्यतावस सुकुम्बासी हुनुपर्ने अवस्थाको अन्त्य गर्न चाहन्छ।
- भूमिहीन, विपन्न र आर्थिक-सामाजिक वन्चितिकरणमा परेका वर्गलाइ लक्षित गरी सुरक्षित तथा स्वस्थकर आवास निर्माण र आय-आर्जनका कार्यक्रम संचालन गरिनेछ। बाढी वा अन्य प्रकृतिक जोखिम पूर्ण स्थानमा बसोबास गरेका परिवारहरूलाई क्रमिक रूपमा सुरक्षित क्षेत्रमा नयाँ आवास निर्माण गरी स्थानान्तरण गरिनेछ।
- प्रत्येक नागरिकलाई आवासको सुविधा हुने संवैधानिक हकलाई कार्यान्वयन गरिने छ। सुलभ आवासको व्यवस्था गरी सुकुम्वासीलाई वसोवासको व्यवस्था गरिने छ।

**७.१२ बालबालिका**

- वालवालिकाहरू राष्ट्रका कर्णधार हुन वाल्यावस्थामै यिनीहरूको समुचित शारीरिक तथा मानसिक विकासका लागि राष्ट्रको लगानी हुनुपर्छ भन्ने सोंच नेपाली कांग्रेसको रहेकोछ। विपन्न परिवारमा जन्मेको कारणले कुनैपनि वालवालिका असल शिक्षा र स्वास्थोपचारको अवसरबाट वन्चित हुनुहुँदैन। यसै दृष्टिकोणबाट बालबालिकाका समग्र अधिकारहरूको संरक्षण तथा प्रवर्द्धनका लागि नेपाली कांग्रेसका कार्यक्रमहरू निर्देशित हुनेछन।
- १८ बर्ष मुनिका बालबालिकाहरूलाई कुनैपनि सकृय राजनीतिक गतिविधिमा संलग्न गराईने छैन। सबै किसिमका बाल शोषण, दुर्व्यवहार तथा बालश्रम उन्मूलनका लागि विशेष कार्यक्रम तथा अभियानहरू सञ्चालन गरिनेछ।
- "पाँच वर्षको उमेरमा सबै बालबालिका विद्यालयमा" भन्ने मान्यता अनुरूप बालबालिकालाई विद्यालय पठाउन प्रोत्साहित गरिनेछ। विद्यालय जान वालवालिकालाइ आकर्षित र उत्प्रेरित गर्न विद्यालयहरूमा वालमैत्री पूर्वाधार र वातावरण निर्माण गरिनेछ।
- बालबालिकालाई उमेर अनुसार उपयुक्त खेलकुद मनोरन्जनात्मक गतिविधि तथा सांस्कृतिक जीवनमा स्वतन्त्रता पूर्वक सहभागी हुन पाउने, सुसुचित हुन पाउने, संगठित हुन पाउने, आफूहरूमाथि प्रभाव पार्ने विषयमा विचार व्यक्तगर्न पाउने अधिकार सुरक्षित गरिनेछ। छिटो छरितो र सुलभ रूपमा बालमैत्री न्याय सुनिश्चित गरिने छ।
- असहाय, अनाथ, सुस्त मनस्थितिका, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, एवं जोखिममा रहेका, सडक वालवालिका लगायत संरक्षणको आवश्यकता

भएका बालबालिकालाई, विकास, कल्याण तथा सुनिश्चित भविश्यका निमित्त राज्यबाट विशेष संरक्षण र सुविधा प्रदान गरिने छ।

- प्रत्येक विद्यालयमा बाल संरक्षण समिति तथा गाविसमा बाल क्लवहरूका गतिविधिमा सहयोग गर्ने व्यवस्था मिलाईनेछ।
- सडक बालबालिक तथा अनाथहरूका लागि महानगरपालिकामा ४ र उपमहानगरपालिकामा २ अनाथ तथा सडक बालबालिका स्याहार केन्द्रको व्यवस्था गरिनेछ। उक्त केन्द्रहरूमा प्रा.वि. सम्मको शिक्षा दिने व्यवस्था गरिनेछ। उक्त कार्यक्रमको कार्यान्वयन नगरपालिकाको कार्यालयबाट हुनेछ।

### ७.१३ द्वन्द्व पीडितका सम्बन्धमा

- विस्तृत शान्ति सम्झौता २०६३, नेपालको अन्तरिम संविधान २०६३ को भावना अनुरूप तत्काल निष्पक्ष, स्वतन्त्र र सक्षम सत्य तथा मेलमिलाप आयोग र वेपत्ता सम्वन्धी आयोग गठन गरिनेछ।
- द्वन्द्वपीडितलाई सेवासुविधा प्रदान गर्नका लागि आवश्यक व्यवस्था गर्न, द्वन्द्वबाट पीडित नागरिक तथा विस्थापितको स्थिति पत्ता लगाई सुझाव दिन समिति बनाई राहत प्रदान गर्न द्वन्द्वकालमा कब्जा गरीएका सम्पत्ति सम्वन्धित व्यक्तिलाई फिर्ता गराउने व्यवस्था मिलाउन लगायत द्वन्द्वकालमा भएका मानवअधिकार उल्लंघन र ज्यादतीका घटनाका सम्बन्धमा र द्वन्द्व पीडितलाई राहत, परिपूरण र न्याय सुनिश्चित गर्ने सम्बन्धमा सर्वोच्च अदालतले सरकारलाई दिएका आदेशहरू कार्यान्वयन गरिनेछ।
- जनआन्दोलनका घाइते एवं द्वन्द्व पीडित र तीनका परिवारलाई उचित परिपूरणको व्यवस्था गरिनेछ। घाइतेका लागि उपचार र जीवनयापनका लागि उचित व्यवस्था गरिनेछ।
- सशस्त्र द्वन्द्धका क्रममा मारिएकाका परिवार, घाइते भएका, विस्थापित भएका, सम्पत्ति कब्जा गरीएका नागरिकहरू, सुरक्षाकर्मी लगायतलाई राहत, पुनर्बास र शीपमूलक तालिमका लागि विशेष आर्थिक प्याकेजको व्यवस्था गरिनेछ।

### ७.१४ कमैया, बादी, भूमिहीन र अति विपन्न उपेक्षित समुदाय

- गरीवीको रेखामुनि रहेका जुनसुकै जाति समुदाय भाषा क्षेत्रको भएता पनि तीनको पहिचान गरी अभिलेख राखिने छ। उनीहरूको जीविकोपार्जनका लागि विशेष कार्यक्रम सञ्चालन गर्नेछ। सामाजिक सुरक्षाको हक अन्तर्गत नाना, छाना, माना, शिक्षा, स्वास्थ्य, रोजगारका लागि विशेष व्यवस्थासहितको प्राथमिकता रहनेछ।
- कमैया, बादी, भूमिहीन र अन्य उपेक्षित तथा सीमान्तकृत समुदायका शिक्षा समस्यालाई नेपाली कांग्रेस एक्काइसौं शताब्दीको राष्ट्रिय लज्जा को रूपमा हेर्दछ। शिक्षामा पहुच, रोजगारी को सुनिश्चितता, उद्यम व्यवसाय संचालन गर्न वित्त, प्रविधि तथा व्यवस्थापकीय सहयोग र सामाजिक सुरक्षाको व्यवस्थाबाट यी समुदायको समस्याको समाधान सम्भव छ भन्ने विश्वासका साथ यी समस्याहरूको समाधानलाइ उच्च प्राथमिकता दिई समस्याको उन्मूलन गर्नेछ।

### ७.१५ मुस्लिम समुदाय

- धार्मिक अल्पसंख्यकको रूपमा रहेका मुस्लिम समुदायको राजनीतिक, धार्मिक र साँस्कृतिक अधिकारको व्यवहारिक सुनिश्चितता गरिनेछ।
- मदरसा शिक्षालाई औपचारिक शिक्षामा समावेश गरिनेछ।

- मुस्लिम समुदायको धार्मिक यात्राको पद्धतिलाई उचित व्यवस्थापन गरिनेछ ।
- मुस्लिम समुदायको साँस्कृतिक सम्पदाहरूको संरक्षणमा जोड दिइनेछ ।
- मुस्लिम समुदायको बृहत्तर हितका लागि राष्ट्रिय स्तरमा 'मुस्लिम आयोग' को गठन गरिनेछ ।

**७.१६ अन्य धार्मिक अल्पसंख्यकहरू**

अन्य धार्मिक अल्संख्यकको राजनैतिक, धार्मिक र सास्कृतिक अधिकारको प्रवर्द्धन एवं संरक्षण गरिने छ ।

**८. लोकतान्त्रिक इतिहासको सम्वर्धन**

- २००७ साल देखि हाल सम्म अनवरत प्रजातन्त्रको लागि लडेका योद्धाहरू र तीनका परिवारको लागत राखिने छ र उनीहरूको सम्मानजनक रूपमा बस्ने खाने व्यवस्थाको आवश्यकता अनुसार प्रबन्ध गरिने छ। नेपाली कांग्रेसका जिल्ला कार्यालयहरूमा त्यस जिल्लाका प्रजातन्त्रको लागि शहीद हुनेहरू र तीनको परिवार, र प्रजातन्त्रका योद्धाहरूको अभिलेख र फोटोहरू राखिनेछ। यस्ता जीवित योद्धाहरूलाई विशेष परिचयपत्र दिइनेछ। उक्त परिचयपत्रको आधारमा पार्टीका कार्यक्रमहरूमा, बिशेष स्थान र सार्वजनिक सेवाहरू जस्तै यातायात, स्वास्थ, शिक्षा सरकारी सहुलियतहरू उपलब्ध गराइने छ। प्रत्येक जिल्लाका विशेष स्थानहरू जस्तै नेपाली कांग्रेस पार्टीका लोकतान्त्रिक योद्धाको जन्मस्थल, क्रान्ति गर्दा प्रयोग गरीएका बस्तु आदिको अभिलेख राख्ने र तीनीहरूलाई लोकतान्त्रिक आस्थाका स्थलका रूपमा विकसित गरिनेछ ।
- नेपाली कांग्रेसले यस घोषणापत्रमार्फत समृद्ध नेपाल निर्माणको खाका प्रष्टताका साथ राखेको छ। यो नेपाली कांग्रेसको संकल्प हो। यस घोषणापत्रमा सवै विषयहरू समेटिन संभव छैन। यसमा नसमेटिएका विषयहरूलाई समेट्दै आगामी चार बर्षमा नेपाली कांग्रेस जनतालाई परिवर्तनको अनुभुति दिलाउने गरी समृद्ध नेपालको जग बसाल्नेछ। वितेका सात बर्षमा २०६२/०६३ सालको जनआन्दोलनमार्फत व्यक्त जनआकांक्षा अनुरूप परिवर्तनको अनुभूति हुन सकेन। नेपाली कांग्रेस व्यवस्थापिका संसदको आगामी चार वर्षको समय कुनै पनि बहानामा खेर जान दिने छैन। राजनीतिक संक्रमणको निकास संगै आर्थिक क्रान्तिको जग बसाल्नका निम्ति पनि आगामी संविधासनसभामा नेपाली कांग्रेसको नेतृत्व अपरिहार्य छ ।

**र अन्त्यमा,**

पार्टीका दस्तावेजहरूमा आकर्षक नारा प्रस्तुत गर्ने तर व्यवहारमा भने नागरिकको सम्पत्ति राख्न पाउने हक माथि समेत बन्देज लगाउने, उद्यमशीलतालाई निरूत्साहित गर्ने, भएका कलकारखाना बन्द गर्ने, नागरिकको हिडडुल र बसोबासको अधिकारलाई कुण्ठित गर्ने , युवा शक्तिलाई दुरूपयोग गर्ने, आपराधिक गतिविधिलाई बढावा दिने, देश भित्रै नागरिकलाई पहिलो र दोस्रो दर्जाको बनाउनेहरूलाई पहिचान गर्न र विवेक सम्मत निर्णय गरी आफ्नो मताधिकार प्रयोग गर्न नेपाली काँग्रेस नेपाली जनतासँग हार्दिक आग्रह गर्दछ ।

# हाम्रो अपिल

आदरणीय दिदीवहिनी तथा दाजुभाइहरू

हामी दोस्रो संविधानसभाको निर्वाचनमा छौं । यो संविधानसभालाई सफलतामा टुङ्गाउनु नै अहिलेको मुख्य चुनौति हो । यसको सफलतामा नै शान्ति, लोकतन्त्र र

समृद्धिको जग अडिएको छ। नेपाली कांग्रेस प्रष्ट छ नेपालमा न त तेस्रोपटक संविधानसभाको निर्वाचन संभव छ न अन्य विकल्पवाट राजनीतिक वा निकास नै। तसर्थ नेपाली कांग्रेस यो संविधासभालाई सफलतामा पुऱ्याउदै संघीय लोकतान्त्रिक गणतन्त्रको जगमा मुलुकको यात्रा अगाडि बढाउन चाहन्छ।

नेपाली कांग्रेसले वितेका सात दशकमा नेपाली भूमिमा सम्पन्न परिवर्तनका सवै आन्दोलनहरूको नेतृत्व गर्दै आएको छ तर आन्दोलनवाट प्राप्त सवै उपलव्धिहरू संस्थागत हुन सकेका छैनन। यसपटक नेपाली कांग्रेस आफ्नो त्यो विगतको अनुभववाट पाठ सिक्दै सवै आन्दोलनका उपलव्धिलाई संस्थागत गर्दै समृद्धिको यात्रा तय गर्ने संकल्प गर्दछ।

हाम्रो अगाडिको वाटोको प्रस्थानविन्दु भनेको नयाँ संविधानको निर्माण नै हो। वर्तमान संक्रमणकालीन राजनीतिको निकासका लागि संविधानसभामा नेपाली कँग्रेसको वलियो उपस्थित अपरिहार्य भएको छ। नेपाली कांग्रेसको विगतले नै प्रमाणित गर्छ संक्रमणकालिन अवस्थामा सवैलाई समन्वय गर्ने सामर्थच नेपाली कांग्रेससँग मात्र छ। २०४६ सालको जनआन्दोलन पछिको संक्रमणकालिन अवस्थामा नेपाली कांग्रेसले नै सवैलाई समन्वय गर्दै एकवर्ष भित्रमा संविधान जारी गरी आम निर्वाचन सम्पन्न गरेको थियो।२०६२०६३ सालको जनआन्दोलन पश्चातको संकटपूर्ण अवस्थामा नेपाली कांग्रेसले नै सवैलाई समन्वय गर्दै संविधानसभाको निर्वाचन र गणतन्त्रको घोषणा गरेको थियो। तर विडम्वना त्यसपश्चात जव कांग्रेस नेतृत्वदायी भुमिकामा रहेन तव शान्ति प्रकया र संविधान निर्माणको काम समेत अलपत्र पर्यो। अतस् नेपाली कांग्रेस जनताका विचमा संकल्प गर्न चाहन्छ आगामी एक वर्षभित्रमा सवैलाई समन्वय गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र सहितको नयाँ संविधान जारी गर्नेछ र आफ्नो मार्गचित्र अनुरूप आर्थिक समुन्नतिको मार्गमा मुलुकलाई अगाडि वढाउनेछ।

नेपाली कांग्रेस समुन्नत नेपाल समृद्ध नेपाली भन्ने नारा लिएर यस घोषणापत्रमार्फत नेपाली जनताका वीचमा उपस्थित भएको छ। संविधानसभा निर्वाचनको यो ऐतिहासिक घडीमा नेपाली कांग्रेस संक्रमणकालीन राजनीति निकास दिन सक्ने, सवैलाई समन्वय गर्न सक्ने र सवैको अधिकार सुनिश्चित गर्न समर्पित पार्टी नेपाली कांग्रेसलाई आफ्नो विवेकसम्मत मत दिनका निम्ति नेपाली जनतालाई हार्दिक अपिल गर्दछ।

**"जनताको जगमा उठ्छ लोकतन्त्रको पहिचान**
**यसकै लागि दिएका हुन शहीदले ज्यान**
**विचार पुऱ्याउँ एकै भोटले दिन्छ देशको निकास**
**दीगो शान्ति, संविधान, समृद्धि र विकास"**
**जय नेपाल ।**

# नाराहरू

शान्ति, समृद्धि र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान ।
संविधान सभाको सफलताका लागि नेपाली कांग्रेसलाई मतदान ।।

राष्ट्रियता, समाजवाद र लोकतान्त्रिक गणतन्त्र ।
संघीयता, प्रादेशिक स्वायत्तता र समृद्ध अर्थतन्त्र ।।

किसानको पार्टी, श्रमिकको साथी ।
नेपाली कांग्रेस नेपालको लागि ।।

बल होइन विचार ।
नेपाली कांग्रेसको आधार ।।

उच्च आर्थिक वृद्धि ।
नेपाली कांग्रेसको दृष्टि ।।

उद्यमीलाई अवसर र सुरक्षा ।
नेपाली कांग्रेसको प्रतिबद्धता ।।

नेपाली कांग्रेसको मन्त्र ।
संघीय, लोकतान्त्रिक गणतन्त्र ।।

नेपाली कांग्रेसको जिम्मेवारी ।
शान्ति, समृद्धि र रोजगारी ।।

नेपाली कांग्रेसको प्रतिवद्धता ।
संविधान र स्थीरता ।।

नेपाली कांग्रेसको आवाज ।
समता मूलक समाज ।।

स्थानीय सरकार बनाऊ ।
जनताको अधिकार बचाऊ ।।

रूख चिन्हमा भोट हालौं ।
नेपाली कांग्रेसलाई जिताऔं ।।